नेपालको संविधानको धारा ५३ बमोजिम प्रस्तुत गरिएको नेपाल सरकारको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७२/०७३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार

प्रतिवेदन तयारी निर्देशन तथा समन्वय समिति

सचिव	श्री दिनेशकुमार थपलिया	- संयोजक
सहसचिव	श्री बुद्धिबहादुर खड्का	- सदस्य
सहसचिव	श्री रमेश ढकाल	- सदस्य
सहसचिव	श्री दामोदर रेग्मी	- सदस्य
सहसचिव	श्री रामेश्वर दंगाल	- सदस्य
सहसचिव	श्री डिल्लीराम शर्मा	- सदस्य
उपसचिव	श्री ध्रुवकुमार पोखरेल	- सदस्य सचिव

संयुक्त मस्यौदा तयारी उपसमिति

उपसचिव	श्री ध्रुवकुमार पोखरेल	-संयोजक
उपसचिव	श्री चिरञ्जिवी पौडेल	- सदस्य
उपसचिव	श्री अञ्जनकुमार मिश्र	- सदस्य
उपसचिव	श्री झङ्कनाथ शर्मा	- सदस्य
उपसचिव	श्री लक्ष्मीप्रसाद गौतम	- सदस्य
उपसचिव	श्री कवीन्द्र नेपाल	- सदस्य
शाखा अधिकृत	श्री जुनु हमाल ढकाल	- सचिवालय सदस्य
शाखा अधिकृत	श्री प्रमेश शिवा	- सचिवालय सदस्य

कम्प्यूटर सेटिङ्ग

कम्प्यूटर अपरेटर श्री अकलमान शाक्य

वर्ष १ अंक १, २०७३ चैत्र

प्रकाशक ©:नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं।

प्रकाशित प्रति :१५०० प्रति

काठमाडौं, नेपाल

प्रधानमन्त्री

मन्तव्य

ऐतिहासिक जनआन्दोलन एवं महान जनयुद्ध पश्चात दोस्रो संविधान सभाबाट जारी भएको नेपालको संविधानले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई आत्मसात गरेको छ। लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहँदै सम्वृद्ध राष्ट्र निर्माण गर्ने तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्यका साथ संविधान जारी गरिएको कुरा संविधानको प्रस्तावनाले सुस्पष्ट गरेको छ।

नेपालको संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ। संविधानमा उल्लिखित उपरोक्त निर्देशक सिद्धान्त, नीति र दायित्व सम्वन्धी व्यवस्थाले राज्य व्यवस्था सञ्चालनका लागि मार्गनिर्देशन गर्नुका साथै राज्यको चरित्र, भावी दिशा र लक्ष्यहरु समेत निर्धारण गरेको छ। यस्ता निर्देशक सिद्धान्त तथा नीतिहरुले नागरिकका हकको सार्थक उपभोग गर्न सक्ने आधारहरु खडा गर्नुका साथै लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप नागरिकको हित, कल्याण, सुख, समृद्धि र असल जीवन प्रणालीको विकासको लागि राज्यले कसरी काम गर्नु पर्दछ भन्ने विषयमा समेत दिशा निर्देश गरेका छन्। संविधानमा व्यवस्था गरिएका निर्देशक सिद्धान्त तथा नीति अनुरुप मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तको अनुसरण तथा आवश्यक स्रोत र साधनको परिचालन गरी राज्यका नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक सम्वृद्धि र विकास, सामाजिक रुपान्तरण, पूर्वाधार विकास, गरिबी, बेरोजगारी र असमानताको न्यूनीकरण, वातावरण संरक्षण, दिगो, समावेशी र जनकेन्द्रित विकास, सुशासन प्रवर्द्धन गर्दै मुलुकलाई सम्वृद्ध तथा समुन्नत बनाई नेपाली जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन नेपाल सरकार प्रतिवद्ध र कटिवद्ध रहेको छ।

नेपाल सरकारले संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रभावकारी कार्यान्वयन गर्दै संवैधानिक उद्देश्य प्राप्तिका लागि संविधानको प्रभावकारी कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ। संविधानको कार्यान्वयनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधताबीच एकता, सहिष्णुता र धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत भएका छन्। मुलुक अब समन्यायीक र दिगो आर्थिक वृद्धिको माध्यमबाट सम्वृद्धिको दिशामा अग्रसर भएको छ। राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, भौगोलिक अखण्डता, तथा एकताका लागि संविधानले गरेको मार्ग निर्देशन अनुरुप नेपाल सरकार क्रियाशिल रहँदै आएको छ।

काठमाडौं, नेपाल

प्रधानमन्त्री

संविधान जारी भई प्रारम्भ भएको छोटो समय र संक्रमणकालीन व्यवस्थापनमा बढी ध्यान केन्द्रीत गर्नु पर्ने, राज्यको पुनःसंरचनाको खाका तयार गर्नु पर्ने र यसै अवधिमा विनाशकारी भूकम्पको प्रकोपबाट सृजित समस्या समाधानको लागि उद्धार, राहत र पुनुःस्थापनाका कार्यहरुमा अधिक श्रोत साधन र समय खर्चिनु परेको कारण सम्पूर्णः रुपमा नीतिहरु कार्यान्वयनतर्फ ध्यान केन्द्रीत गर्न सम्भव भएन तथापि वर्तमान संक्रमणकालीन समयमा नेपालको संविधान कार्यान्वयनकै चरणमा रहेको र संविधानको पूर्ण कार्यान्वयन भई नसकेको सन्दर्भमा नेपालको संविधानको भाग-४ धारा - ५३ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्वन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको प्रतिवेदन नेपाल सरकारले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्ने व्यवस्था भए बमोजिम आर्थिक वर्ष ०७२/७३ सम्म भए गरेका कार्य र उपलब्धिलाई समावेश गरी प्रस्तुत प्रतिवेदन नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको छ।

नेपालको संवैधानिक इतिहासमा नै पहिलो पटक राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्वन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको प्रस्तुत प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने अवसर प्राप्त भएकोमा मलाई खुशी लागेको छ।

अन्त्यमा, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबै राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

पुष्प कमल दाहाल 'प्रचण्ड'

चैत्र, २०७३

विषय सूची

मन्तव्य
कार्यकारी सारांश १

परिच्छेद-१

परिचय
१.१ भूमिका ५
१.२ कार्यविधि ६

परिच्छेद-२

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी संवैधानिक व्यवस्था
२.१ राज्यका निर्देशक सिद्धान्तहरु कार्यान्वयनको अवस्था ७
२.२ राज्यका नीतिहरुको कार्यान्वयनको अवस्था ९
२.२.१ राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ९
२.२.२ राजनीतिक तथा शासन व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु १२
२.२.३ सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी व्यवस्थाकार्यान्वयनको अवस्था तथा उपलब्धिहरु २६
२.२.४ अर्थ, उद्योग र वाणिज्य सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ३०
२.२.५ कृषि र भूमिसुधार सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ४२
२.२.६ विकास सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ४७
२.२.७ प्राकृतिक साधनस्रोतको संरक्षण संवर्द्धन र उपयोग सम्बन्धी उपलब्धिहरु ५८
२.२.८ नागरिकका आधारभूत आवश्यकता सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ७६
२.२.९ श्रम तथा रोजगार सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ८५
२.२.१० सामाजिक न्याय र समावेशीकरण सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ८८
२.२.११ न्याय र दण्ड व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ९७
२.२.१२ पर्यटन सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ९८
२.२.१३ अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु ९९
२.३ राज्यको दायित्व कार्यान्वयन अवस्था १०६

परिच्छेद-३

उपसंहार १०७

अनुसूची-१

राज्यका निर्देशक सिद्धान्त,नीतितथा दायित्व सम्बन्धी संवैधानिक व्यवस्था १०९

अनुसूची-२

२०७२ साल आश्विन ३ गते देखि २०७३ साल आषाढ मसान्त सम्म मन्त्रीपरिषद् बाट स्वीकृत कानुन नीति तथा रणनीतिहरु ११९

कार्यकारी सारांश

नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको परिणाम स्वरुप आफ्नो संविधान आफै निर्माण गर्ने र केन्द्रीकृत एकात्मक शासन व्यवस्थाको सट्टामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र नागरिकका मौलिक हकहरुको प्रत्याभूति सहितको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक लगायत सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी, सहभागितामूलक बहुलवादमा आधारित राज्यको पुनसंरचना गर्ने चाहना अनुरुप २०७२ साल असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न दोस्रो संविधान सभाबाट नेपालको संविधान जारी भई लागु भएको छ।

संविधानको मर्म र भावना अनुरुप राज्य व्यवस्था सञ्चालन गर्न र यसका आधारस्तम्भहरुलाई संस्थागत गरी पूर्ण रुपमा कार्यान्वयनमा गर्न केही समय अवश्य लाग्ने हुन्छ। संविधान जारी भई संक्रमणकालीन अवस्था कायमै रहेको स्थितिमा देशले भोग्नु परेको दुई वटा अकल्पनिय समस्याहरुबाट समेत हामीले प्रताडित हुनु पऱ्यो। विनाशकारी भुकम्पको त्रासदीबाट तङ्ग्रिन नपाउँदै जारी संविधान प्रति असन्तुष्टि राख्ने राजनैतिक दलको तराई केन्द्रीत आन्दोलन र सोही कारण करिव चार महिना सम्म पेट्रोलियम लगायतका अत्यावश्यक वस्तु र सेवाको आपूर्तिमा भएको निरन्तरको अवरोधका कारण समग्र राज्य शक्ति आधारभूत वस्तु तथा सेवाको आपूर्ति, सुरक्षा व्यवस्था तथा जनजीवन सामान्य बनाउने तर्फ पूर्ण रुपमा केन्द्रीत हुनुपरेको कुरा सवैका सामु स्पष्ट छ। भूकम्पबाट भएको क्षति र प्रभावित जनताको उद्धार, राहत, पुन:स्थापना, पुन:निर्माण तथा नवनिर्माण जस्ता कार्यको लागि श्रोतसाधन जुटाई व्यवस्थापन गर्नु पर्ने तथा पीडित नागरिकका आधारभूत आवश्यकता पुरा गर्ने जस्ता कठिन तर अत्यावश्यक कार्यमा सरकार पहिलो प्राथमिकताका साथ लाग्नु परेको थियो। संविधान कार्यान्वयनका लागि आवश्यक कानूनहरुको निर्माण, राज्य पुनसंरचना सम्बन्धी खाका तर्जुमा तथा संघ, प्रदेश र स्थानीय सरकार गरी ३ वटै तहको निर्वाचन सम्बन्धी कानून निर्माण लगायत अन्य प्रवन्धहरु गर्न बढी समय लाग्न गएको तथ्य स्पष्ट छ।

नेपालको संविधानको भाग ४ धारा ५०, ५१ र ५२ ले यस संविधान बमोजिम राज्यले अनुशरण गर्नु पर्ने सिद्धान्तहरु, कार्यान्वयन गर्नु पर्ने नीतिहरु र निर्वाह गर्नु पर्ने दायित्वहरुको बारेमा स्पष्ट

व्यवस्था गरेको छ। जनउत्तरदायी र लोककल्याणकारी राज्यको दायित्वभित्र नागरिकका मौलिक हकहरु र मानव अधिकार सम्बन्धी विश्वव्यापी मान्यताहरु अनुसार राज्यले निर्वाह गर्नुपर्ने दायित्व कति पुरा गऱ्यो? वा गरेन? भन्ने कुरा राज्यले कार्यान्वयन गरेका नीति कार्यक्रम र त्यसबाट प्राप्त जनसन्तुष्टिको माध्यमबाट मापन हुने भएकोले संविधानको धारा ५३ बमोजिम संविधान जारी भएपछि गत आ.व. ०७२/७३ को अवधिमा नेपाल सरकारबाट सम्पादित संविधानमा उल्लिखित नीतिसँग सम्बन्धित कार्यक्रम र सोबाट प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण सहित यो प्रतिवेदन तयार गरिएको छ।

संविधानमा उल्लिखित सिद्धान्त, नीति र दायित्व सम्बन्धी प्रावधानहरु राज्यका दीर्घकालीन मार्गदर्शक हुन। सबै प्रावधानहरु एकै पटक पूरा नभई निरन्तर र क्रमशः कार्यान्वयन हुँदै जाने हुँदा प्रतिवेदन अवधिमा भएका कार्य र सो को उपलब्धिहरु क्रमशः समावेश गरिएको छ।

उपलब्ध भएसम्म श्रोत साधन परिचालन गरी क्रमशः नागरिकका आधारभूत आवश्यकता पूरा गर्दै सम्वृद्धितर्फ उन्मुख गराउने लक्ष्यका साथ व्यवस्थित यी प्रावधानहरु हालको संक्रमणकालीन अवस्था, राष्ट्रले व्यहोर्नु परेको अकल्पनीय प्राकृतिक प्रकोप र राजनैतिक कारणबाट सृजित असहज स्थितिले हामीलाई कडा चुनौति दिएको अवस्थामा समेत महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन्।

संविधान जारी भएपछि नागरिकमा छाएको असीमित उत्साह र अपेक्षाहरुका साथै यसको परिपूर्तिको लागि उपलब्ध श्रोत साधनको न्यूनताको वावजुद नेपाल सरकार संविधानले मार्ग निर्दिष्ट गरेका नीति कार्यान्वयन गर्दै राज्यको दायित्व निर्वाह गर्ने कार्यमा निरन्तर अग्रसर रहेको छ।

यो प्रतिवेदन नेपाल सरकारको तर्फवाट प्रस्तुत भएको हुँदा यसमा राज्यका प्रमुख ३ वटा अंगहरु कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका मध्ये कार्यापालिकाबाट सम्पादित कार्यहरुको विवरण र सो को उपलब्धिहरु मात्र समावेश गरिएको छ। संविधान बमोजिम गठित विभिन्न आयोगहरुबाट सम्पादित कार्यहरु संविधानको धारा २९४ बमोजिम छुट्टा छुट्टै प्रतिवेदन पेश हुने संवैधानिक व्यवस्था भएको हुनाले उक्त आयोगहरुबाट सम्पादित कार्य र सो को उपलब्धी सम्बन्धी विवरण यो प्रतिवेदनमा समावेश गरिएको छैन।

प्रतिवेदन अवधिमा नेपाल सरकार मन्त्रिपरिषद्बाट विभिन्न १३ वटा सार्वजनिक नीति, रणनीति तथा कार्यनीतिहरु निर्माण र संशोधन भएका छन्। यस्तै यस अवधिमा २६ वटा नियमावलीहरु स्वीकृत भएका छन् भने १८ वटा ऐनका विधेयक व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृति दिईएको छ। नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि संझौताहरुको कार्यान्वयन गर्ने सन्दर्भमा ३ वटा ऐन जारी गरिएका छन्।यसको विवरण अनुसुचि २ मा राखिएको छ।
मित्रराष्ट्र चीनसँग विभिन्न ७ वटा द्विपक्षीय संझौताहरु सम्पन्न भएका छन् भने मित्रराष्ट्र भारतसँग भएका सहमति तथा निर्णयहरु कार्यान्वयनका लागि परराष्ट्र सचिवको संयोजकत्वमा अनुगमन समिति गठन भई कार्य भईरहेको छ।

संविधानको धारा ५१ को (क) देखि (ड) सम्म १३ वटा शीर्षकमा ९६ वटा नीतिहरु मध्ये करिब ८४ वटा नीतिहरु सम्बद्ध रहेका कार्यक्रम मार्फत कार्यान्वयनमा आई सकेका छन् भने बाँकी १२ वटा नीतिहरु सम्बद्ध कार्यक्रमहरु कार्यान्वयन हुने क्रममा रहेकाछन्।

देश विकासको लागि भौतिक पूर्वाधार विकासको साथसाथै नागरिकका मौलिक हक, मानव अधिकारका मूल्य मान्यताहरु, लैंगिक र समानुपातिक समावेशिता, सहभागिता, सामाजिक न्याय, कानूनको शासनजस्ता मूलभूत मान्यताको अवलम्बन गर्नुपर्ने तर्फ केन्द्रीत रही सरकार क्रियाशील रहेको छ।
सामाजिक, सांस्कृतिक, धार्मिक विविधताका वीच सहिष्णुता कायम राख्ने र सबै जात, जाती, क्षेत्र वर्ग, लिंग र समुदायका नागरिकहरुले आ-आफ्नो संस्कृति प्रति गौरव गर्ने र अर्काको धार्मिक सांस्कृतिक परम्परालाई सम्मान गर्ने परिपाटीले विविधतामा एकता ल्याई राष्ट्र विकासमा सहयोग पुग्ने संवैधानिक मर्म र भावना बमोजिम सरकार सचेत रही क्रियाशील रही कार्य गरिरहेको छ।

आवधिक निर्वाचन लोकतन्त्रको मूल मर्म भएकोले निर्वाचनको लागि आवश्यक कानून तर्जुमा गर्ने कार्यको साथै तीन तहको राज्य संयन्त्रको स्वरुप निर्धारण गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखी कार्य सम्पादन गर्दै आएको छ।

संविधानको धारा ५३ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट यो संविधान जारी भए पश्चात संविधानको भाग-४ धारा ५०, ५१ र ५२ मा उल्लेखित राज्यका सिद्धान्तहरु, नीतिहरु र

दायित्वहरुसँग सम्बन्धित रही संचालित कार्यक्रमहरु तथा सोबाट प्राप्त उपलब्धी सहितको प्रस्तुत प्रतिवेदन आफैमा एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ।

परिच्छेद-१
परिचय

१.१ भूमिका

संविधान राज्यको मूल कानून हो। यो नागरिक स्वतन्त्रता, समानता र न्यायको आधारशीला एवम् जनआकांक्षाको प्रतिविम्व समेत हो। राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व राज्य सञ्चालनका मार्गनिर्देशन हुन। राज्यको मूल चरित्र, भावी दिशा र यस क्रममा प्राप्त गर्नु पर्ने उपलब्धिहरु समेत निर्देशक सिद्धान्त, नीति र दायित्वहरुले निर्धारण गरेका हुन्छन्। नागरिक सरोकारका विषयहरुमा राज्यलाई जिम्मेवार, उत्तरदायी, कर्तव्यनिष्ठ र गतिशील बनाउने यस्ता विषयहरु संविधानको मर्म, चेतना, एवम् विवेकको रुपमा रहेका हुन्छन्। राज्यका के कस्ता राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा वैदेशिक सम्बन्ध सम्बन्धी उद्देश्य रहेका हुन्छन् भन्ने विषय राज्यका निर्देशक सिद्धान्तले निर्धारण गर्ने गर्दछन्। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुले नागरिकका हकको सार्थक उपभोग गर्न सक्ने आधारहरु खडा गर्नुका साथै लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप नागरिकको हित, कल्याण, सुख, समृद्धि र असल जीवन प्रणालीको विकासको लागि राज्यले कसरी काम गर्नु पर्दछ भन्ने विषयमा समेत दिशा निर्देश गर्दछन्। यसै मान्यता अनुरुप नेपालको संविधानमा निर्देशक सिद्धान्त, नीति र दायित्वहरु राज्य सञ्चालनको मार्गनिर्देशकका रुपमा रहनेछन् भनी संवैधानिक प्रत्याभूति गरिएको छ।

नेपालको संविधानको भाग-४ धारा - ५० मा निर्देशक सिद्धान्तहरु अन्तर्गत राजनीतिक, सामाजिक र सांस्कृतिक, आर्थिक र अन्तर्राष्ट्रिय सम्बन्ध गरी चारवटा निर्देशक सिद्धान्तहरु, धारा - ५१ मा राज्यका नीतिहरु अन्तर्गत तेह्रवटा नीति र यी नीतिहरु अन्तर्गत छ्यानब्बेवटा अन्य नीतिहरु समावेश छन्। त्यसै गरी धारा - ५२ मा राज्यको दायित्व अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरुको अनुसरण तथा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने कुरा उल्लेख छ।

यसैगरी धारा ५३ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धी सहितको वार्षिक प्रतिबेदन नेपाल सरकारले राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत सघीय संसद समक्ष पेश गर्ने

व्यवस्था गर्नेछ भन्ने उल्लेख छ। संविधानमा व्यवस्था गरिएका राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धि व्यवस्थाको विस्तृत विवरण अनुसुची १ मा समावेश गरिएको छ।

नेपालको संवैधानिक ईतिहासको शुरुदेखि नै कुनै न कुनै रुपमा राज्यका निर्देशक सिद्धान्त र नीतिका बारेमा उल्लेख हुँदै आएको छ। संविधानवादको मान्यता अनुरुप नै विगत र वर्तमान संविधानमा पनि यस्ता सिद्धान्तहरुलाई राज्य संचालनको मार्गदर्शकका रुपमा मात्र लिइदै आइएको छ। यस्ता सिद्धान्त र नीतिहरु कार्यान्वयनमा आए कि आएनन् भनेर अदालतमा प्रश्न उठाउन पाइदैन र कानुनी उपचार पनि पाउन सकिंदैन। तथापि राज्य अहिलेको अवस्थाबाट कुन मार्ग चित्र अनुसार कहाँसम्म पुग्न चाहन्छ भन्ने निर्दिष्ट हुने भएकाले सिद्धान्त र नीतिहरुलाई स्रोत साधनको उपलब्धता अनुसार क्रमश कार्यान्वयन गर्दै जानु पर्दछ। सोही अनुरुप नेपालमा लागु भएका विगतका संविधानभन्दा अगाडि बढेर वर्तमान संविधानले राज्यले अवलम्बन गरेका सिद्धान्त नीति र दायित्व सरकारले के कति कार्यान्वयन गऱ्यो वा गरेन भनेर लिखित रुपमा वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नु पर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको छ।

उपरोक्त पृष्ठभूमिमा विद्यमान संविधानको धारा ५३ बमोजिम संविधान जारी भएपछि गत आ.व. ०७२/७३ को अवधिमा नेपाल सरकारबाट सम्पादित संविधानमा उल्लेखित निर्देशक सिद्धान्त नीति र दायित्वका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण सहित यो प्रतिवेदन तयार गरिएको छ।

१.२ कार्यविधि

प्रस्तुत प्रतिवेदन तयार गर्दा सबै विषयगत क्षेत्रहरुलाइ समेटेर आर्थिक, सामाजिक, पूर्वाधार, शासकीय प्रबन्ध र कानून समेत गरी पाँचवटा कार्य समूहमा विभाजन गरी तत् तत् निकायहरुबाट प्रगति विवरण माग गरी तयार गरिएको प्रारम्भिक मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायहरुबाट राय, सुझाव र प्रतिक्रिया माग गरी प्रतिवेदनलाई परिमार्जन गरिएको र सम्बन्धित निकाय र सरोकारवालाहरुसँग पटक पटक अन्तरक्रिया र छलफल गरी प्रतिवेदनलाई पूर्णता दिईएको छ।

परिच्छेद — २

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनको अवस्था र उपलब्धि

२.१ राज्यका निर्देशक सिद्धान्त कार्यान्वयनको अवस्था र उपलब्धि

राज्यका निर्देशक सिद्धान्तहरु राज्यका नीति तथा कार्यक्रम मार्फत मुखरित हुने भएकोले आफैं कार्यान्वयनमा आउने नभई यिनै सिद्धान्तबाट निर्देशित भई नीति तथा कार्यक्रम कार्यान्वयनको माध्यमबाट मात्र प्राप्त उपलब्धिको समिक्षा गर्नुपर्ने हुन्छ। संविधानले मुलत निम्न ४ वटा निर्देशक सिद्धान्तहरु अनुशरण गरेको छ।

२.१.१ राजनीतिक उद्देश्यः-

यस अन्तर्गत निम्न सिद्धान्तहरुलाई अनुशरण गरिएको छ -

- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता र स्वाधीनताको सर्वोपरिता,
- नागरिकको जीउ, धन समानता र स्वतन्त्रताको संरक्षण,
- कानूनको शासन,
- मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता
- लैंगिक समानता, समानुपातिक समावेशीकरण र सहभागिता
- सामाजिक न्याय,
- लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना,
- संघीयता, स्थानीय स्वतन्त्रता र विकेन्द्रीकरणमा आधारित शासन व्यवस्था
- समानुपातिक प्रतिनिधि

२.१.२ सामाजिक र सांस्कृतिक उद्देश्यहरुः-

यस अन्तर्गत निम्न सिद्धान्तहरुलाई अनुशरण गरिएको छ -

- धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य, गरी सभ्य र समतामूलक समाजको निर्माण

- राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षियता, श्रमको सम्मान, उद्यमशिलता अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास
- सास्कृतिक विविधताको सम्मान,
- सामाजिक सद्भाव, ऐक्यवद्धता सामान्जस्यता र
- राष्ट्रिय एकता

२.१.३ आर्थिक उद्देश्यः-

यस अन्तर्गत निम्न सिद्धान्तहरुलाई अनुशरण गरिएको छ -

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास
- उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन मार्फत तीव्र आर्थिक विकास
- दिगो आर्थिक विकास
- प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण मार्फत आर्थिक असमानताको अन्त्य,
- शोषण रहित समाजको निर्माण,
- आत्मनिर्भर स्वतन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र।

२.१.४ अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्यः-

यस अन्तर्गत निम्न सिद्धान्तहरुलाई अनुशरण गरिएको छ -

- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा
- सार्वभौमिक समानतामा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध
- विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि

माथि उल्लेखित ४ वटा सिद्धान्तहरु संविधानको धारा ५१ को (क) देखि (ङ) सम्मका विभिन्न १३ वटा शीर्षकमा रहेका नीतिहरुसँग अन्तर सम्बन्धित रहेकोले उल्लेखित सिद्धान्तहरुको कार्यान्वयन अवस्थामा संविधान जारी भए पश्चात गत आ.व.मा तत्सम्बन्धी नीतिगत कार्यक्रमहरुको उपलब्धिमा नै समाहित भएको छ। यस अवधिमा राष्ट्रिय सुरक्षा नीति, समानुपातिक प्रतिनिधित्व सम्बन्धी नीति, समावेशीता, सहभागिता, सार्वजनिक, निजी र सहकारीता प्रवर्द्धन, मानवअधिकार तथा लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र सार्वभौमसत्ता र समानतामा आधारित

सन्तुलित वैदेशिक सम्बन्ध प्रवर्धनसँग सम्बन्धित कार्यहरु लगायतका निर्देशित सिद्धान्तहरु अनुशरण र अवलम्वन गरिएको छ ।

२.२ राज्यका नीतिहरुको कार्यान्वयनको अवस्था र उपलब्धी

(क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,
(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,
(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,
(४) सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,
(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,
(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,
(७) पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने।

२.२.१ राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- राष्ट्रिय सुरक्षा नीति, २०७३ स्वीकृत गरी लागू भएको छ।
- राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग बढाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचना सञ्जालको सुदृढीकरण र विस्तार गर्दै सुरक्षा निकायहरुबीच समन्वय कायम गरिएको छ।
- राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउन मुलुकको हित अनुरुप राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षा नीतिलाई अद्यावधिक गर्दै राष्ट्रिय सुरक्षा सम्बन्धी कानून निर्माण गरी सो को प्रभावकारी कार्यान्वयन गरिएको छ।

- सम्पूर्ण सुरक्षा निकायलाई प्रयाप्त श्रोत साधनयुक्त बनाउनुका साथै जनशक्तिको भर्ना तथा छनौट प्रक्रियामा समावेशितालाई अवलम्बन गरी सबै सुरक्षा निकायहरुको एकतालाई सुदृढ बनाइएको छ।
- नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्न सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यवसायिक बनाउन सुरक्षा निकायमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिएको छ।
- राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्न निरन्तर रुपमा क्षेत्रीय सुरक्षा समिति र जिल्ला सुरक्षा समितिसँग अन्तरक्रिया, छलफल गरी आवश्यक निर्देशन हुने गरेको छ। सीमावर्ती जिल्लाहरुको नियमित रुपमा स्थलगत अनुगमन गरी सीमा सुरक्षा स्थितीको अनुगमन, मूल्यांङ्कन गर्ने गरिएको छ।
- राष्ट्रिय सुरक्षा परिषद्को काम कारवाहीलाई थप व्यवस्थित रुपले सञ्चालन गर्न राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विधेयक संसदमा पेश गरिएको छ।
- सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्न मानव अधिकार उल्लंघनकर्तालाई कानूनको दायरामा ल्याई मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गरी सुरक्षाको प्रत्याभूति गरिएको छ। न्यायिक निकाय, अर्ध न्यायिक निकायको सुरक्षा निकायहरुलाई श्रोत साधनयुक्त तुल्याई सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी बनाउने कामलाई निरन्तरता दिइएको छ।
- पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्न पूर्व विशिष्ट श्रेणीका कर्मचारीहरुको कार्यकारी परिषद्को सचिवालय स्थापना भएको छ।

  नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई सर्वोपरी राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्न आन्तरिक सुरक्षा नीति, २०७३ को मस्यौदा तयार गरिएको छ।
- क्षेत्रीयस्तरमा विभिन्न मन्त्रालयहरु अन्तर्गत संचालित कार्यक्रम तथा आयोजनाहरुको अनुगमन सुपरिवेक्षण समीक्षा र समन्वय सम्बन्धी कार्यहरु सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासन कार्यालयबाट भइरहेको छ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत स्वरोजगार मूलक सीप विकास तथा आय आर्जन सम्वन्धी तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने कार्य भएको छ। भूकम्पबाट क्षति पुगेका संरचना पुनर्निर्माण तथा पुनर्स्थापना गर्न जनशक्ति विकासका लागि व्यवस्थित र योजनावद्ध रुपमा तालिम सञ्चालन गर्न तालिम सञ्चालन तथा

व्यवस्थापन निर्देशिका, २०७३ जारी गरी कार्यान्वयनमा ल्याइएको छ। जिविकोपार्जन सम्बन्धी गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरु संचालन, भूकम्प पीडित लाभग्राहीरुको सूचीमा परेका व्यक्तिको निजी आवास निर्माण गर्ने, सीपयुक्त जनशक्ति तयार गर्न सम्बद्ध मन्त्रालयहरु तथा गैरसरकारी संस्थाहरु मार्फत तालीम कार्यक्रम संचालन गरिएको छ।

- पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्न नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुले पुऱ्याउनु भएको विशिष्ट योगदान र अनुभवलाई संस्थागत गर्ने अभिप्रायले विगत चार वर्ष देखि प्रत्येक बर्ष निरन्तर रुपमा पूर्व मुख्यसचिवहरुको सम्मेलन आयोजना हुँदै आएको छ। गत आ.व.मा नेपाल सरकारका सेवा निवृत्त मुख्यसचिवहरुको चौथो सम्मेलन २०७२, चैत्र २६ गते सम्पन्न भएको छ। उक्त सम्मेलनमा संक्रमणकालीन व्यवस्था र संघीयता, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाउने र सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निवारणमा सार्वजनिक प्रशासनको प्रभावकारीता बढाउने उपायहरुको प्राप्त सुझावहरुलाई प्रतिवेदनको रुपमा तयार गरिएको छ।
- संघीयता कार्यान्वयन, नेपाल सरकारको नीति तथा कार्यक्रम/ बजेट कार्यान्वयन सम्बन्धी विषयहरुमा पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूको सुझावहरु लिने कार्य निरन्तर भईरहेको छ।

(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने,

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने।

२.२.२ राजनीतिक तथा शासन व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- २४ सै घण्टा Immediate Response Team (IRT) परिचालन गर्ने व्यवस्था मिलाईएको छ। यसबाट असहज अवस्थामा पिकेटिङ्ग तथा स्कटिङ्गको व्यवस्था गरी आपूर्ति व्यवस्थालाई सहज बनाउने तथा कालोबजारी, एकाधिकार र कृत्रिम अभाव सृजना गर्ने विरुद्ध द्रुत कारबाहीको व्यवस्था मिलाईएको छ।
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन-२०३२, खाद्य ऐन-२०२६ र उपभोक्ता संरक्षण ऐन-२०५४ को प्रभावकारी कार्यान्वयन गर्दै प्रतिस्पर्धात्मक बजारलाई बढावा दिन सबै निकायलाई क्रियाशील बनाईएको छ।
- नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गरी राष्ट्रिय परिचयपत्रको व्यवस्था गर्न Safran Identity and Security (Formerly Morpho) France सँग कार्यक्रम सम्झौता भैसकेको छ। यसमा प्रयोग हुने तथ्याङ्क संकलनका लागि निर्वाचन आयोगसँग समेत समन्वय गरी प्रथम चरणमा १,१०,००० सर्वसाधारण र सिंहदरबार भित्र कार्यरत ७००० कर्मचारी गरी ११७००० परिचयपत्र वितरण गर्ने र दोश्रो चरणमा क्रमश थप गर्दै लगिने छ।
- उपभोक्ताको हित संरक्षणको लागि ४६१९ पटक बजार अनुगमन र मुलुकका विभिन्न स्थानमा ४ वटा उपभोक्ता हित कार्यक्रम सञ्चालन गरिएकोमा ४८० जनाले प्रत्यक्ष लाभ लिएका छन्।
- उपभोग्य वस्तुको नमुना संकलन तथा गुणस्तर परीक्षण ५४ पटक, छापा माध्यमबाट उपभोक्ता सचेतना तथा सन्देश सामाग्री प्रचार प्रसार ३० पटक, उपभोक्ता हित जानकारी पुस्तिका उत्पादन र वितरण १ पटक गरिएको छ। विद्यालय उपभोक्ता कक्षा १५ वटा सञ्चालन गरिएको जसबाट ६०० विद्यार्थी लाभान्वित भएका छन्। उपत्यका भित्र ३९२६ पटक र उपत्यका बाहिर ६९३ पटक बजार अनुगमन गरिएको छ।
- मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्न, संक्रमणकालीन न्याय व्यवस्थाको लागि वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई कार्यरत छन्। उक्त आयोगहरु सम्वन्धी नियमावली निर्माण भई सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारका

गंम्भीर उल्लंघनका घटनाबाट पीडितहरुको उजुरी संकलन भईरहेको छ। सत्य निरुपण तथा मेलमिलाप आयोगमा ५३ हजार ७ सय ८६ र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा २८०० उजुरी परेका छन्।

- मानव अधिकार र संविधानका मुख्य मुख्य विशेषताहरु सम्बन्धी पुस्तिका (नेपाली र अँग्रेजी भाषामा) प्रकाशन भई वितरण गरिएको छ।
- मानव अधिकार र संविधानका मूलभूत प्रावधानः संक्षिप्त चिनारी सम्बन्धी पुस्तिका नेपाली, भोजपुरी, अवधि, मैथिली, पूर्वीय थारु र पश्चिमा थारु भाषाहरुमा प्रकाशन गरी वितरण गरिएको छ।
- संविधानले गरेका मूलभूत व्यवस्था र मानव अधिकार सम्बन्धी आधारभूत कानूनी व्यवस्था समेतको विषय समावेश गरी कानूनी शिक्षा सचेतना पुस्तिका प्रकाशन गरी वितरण गरिएको छ।
- "हाम्रो संविधान समावेशी संविधान" कार्यक्रम अन्तर्गत रेडियो नाटिका तथा संविधानका अन्तरवस्तु सम्बन्धमा विज्ञहरुसँगको अन्तर्क्रिया रेडियो नेपालबाट प्रसारण गरिएको छ।
- विभिन्न मन्त्रालयहरुले गर्ने काम कारवाहीहरु राष्ट्रिय र स्थानीय संचार माध्यममा प्रसारण गरिनुका साथै अद्यावधिक जानकारी नियमित रुपमा मन्त्रालयको वेबसाइटमा राख्ने गरिएको छ।
- मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा स्थानीय तह तथा शैक्षिक संस्थाहरुमा सचेतना अभिवृद्धि कार्यक्रम २४ जिल्लाहरू (चितवन, नुवाकोट, काभ्रेपलाञ्चोक, नवलपरासी, धादिङ, काठमाडौं, सिन्धुपाल्चोक, बाजुरा, अछाम, डोटी, खोटाङ, सोलुखुम्बु, उदयपुर, ताप्लेजुङ, कालीकोट, जुम्ला, गोरखा, लमजुङ, मनाङ, कास्की, सिन्धुली, रामेछाप, मोरङ र सुनसरी) का विभिन्न गाविस र सामुदायिक विद्यालय गरी ३७ स्थानहरूमा सम्पन्न गरिएको छ।
- मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन सिफारिश कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम ६ जिल्लाहरू (अछाम, काठमाडौं, पाँचथर, काभ्रेपलाञ्चोक, मुगु र सुनसरी) मा सम्पन्न गरिएको छ।

- लैंगिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अन्तर्गत कानूनी सुधार सचेतना कार्यक्रम ६ जिल्लाहरू (खोटाङ, डोटी, झापा, मुगु, मनाङ र कास्की) मा सम्पन्न गरिएको छ।
- मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, सिद्धान्त तथा मूल्य मान्यता र नविनतम सवाल (Emerging issues) को बारेमा कानून कार्यान्वयन गर्ने निकाय, सम्बन्धित सरकारी अधिकारी एवम् सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम ३ जिल्लाहरू (ओखलढुंगा, इलाम र गोरखा) मा सम्पन्न गरिएको छ।
- मानव बेचबिखनबाट पीडित एवं प्रभावितहरुको लागि पुनर्स्थापना केन्द्रबाट अन्तरिम आवासीय हेरचाह, स्वास्थ्य उपचार सेवा, मनोसामाजिक परामर्श, कानुनी सहायता, सीप विकास तालिम, बिउ पूंजी, अदालती कारवाहीको सिलसिलामा यातायात खर्च सम्बन्धी सेवा प्रदान गरी १३७२ जना लाभान्वित भएका छन्।
- नेपालस्थित ८ वटा पुनर्स्थापना गृह, भारत र अबुधावीस्थित राजदूतावासहरु र कोलकत्तास्थित महावाणिज्य दूताबासमा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुको उद्धार, स्वदेशफिर्ती, संरक्षण र पुनर्स्थापनाका लागि पुनर्स्थापना कोषबाट रु. १,५८,३२,०००।–(एक करोड ५८ लाख बत्तीस हजार) निकासा भएको छ।
- नेपालको संविधान, प्रचलित कानून एवम् नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धिद्वारा प्रत्याभूत मानव अधिकारको व्यवहारिक उपभोग गर्न सक्ने गरी आवश्यक पूर्वाधार तय गरी लागू गर्ने उद्देश्यले नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिमा मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना २०७१/७२- २०७५/७६ लाई कार्यान्वयनमा ल्याई सो को केन्द्र देखि जिल्लास्तर सम्म अनुगमनसम्बन्धी कार्यक्रम संचालन गरिएको छ। यसबाट मानव अधिकार प्रतिको सम्मानमा बृद्धि भई नीतिगत तथा कानूनी सुधारमा क्रमशः मानव अधिकारको विषयले प्रवेश पाउँदै आएको छ।
- लैङ्गिक विभेदमा आधारित हिंसाको अन्त्य गर्न तथा लैङ्गिक शसक्तीकरण गर्ने उद्देश्य, रणनीति तथा कार्यक्रम सहितको लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक शसक्तीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा ल्याई सो को केन्द्रदेखि जिल्लास्तरसम्म अनुगमनसम्बन्धी कार्यक्रम संचालन गरिएको छ। यसबाट लैङ्गिक हिंसा नियन्त्रणको

लागि विभेदकारी कानूनहरु परिवर्तन हुँदै आउनुका साथै लैङ्गिक हिंसा प्रतिको शुन्य सहनशिलताको नीति कार्यान्वयन हुँदै गएको छ।

- अन्तर्राष्ट्रिय जगत्मा नेपालको मानव अधिकारको स्थितिका सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ तयार गरी पठाउने गरिंदै आइएको छ।
- सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका विवादमा खासगरी जारी भएका फैसला तथा आदेश कार्यान्वयनको अनुगमन गर्ने र कार्यान्वयनमा रहेका समस्याहरु हटाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा फैसला कार्यान्वयन तथा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र सोको आधारमा फैसला कार्यान्वयनस्थिति सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्ने गरिएको छ। यसबाट सर्बोच्च अदालतको फैसला कार्यान्वयन प्रतिशत बढ्दै गएको छ।
- नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि बमोजिम नियमित रुपमा पठाउनुपर्ने प्रारम्भिक तथा आवधिक प्रतिवेदनहरु समयमा नै पठाउन समन्वय तथा सहजीकरण गरी एकीकृत प्रतिवेदन पठाउने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समन्वय समिति गठन भएको र सो समितिले प्रतिवेदनलाई पूर्णता दिए पश्चात मात्र सम्बन्धित मन्त्रालयमा पठाउने र तत्पश्चात नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरी सम्बन्धित सन्धिजनित निकायमा पठाउने प्रणालीको विकास गरिएको छ। यसबाट मानव अधिकार आयोगको सिफारिसहरुको कार्यान्वयनमा वृद्धि हुँदै गएको छ।
- नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी महासन्धीको सन्धिजनित निकायबाट प्राप्त सिफारिशहरु कार्यान्वयन गर्ने, गराउने र सोको अनुगमन गरिंदै आएको छ।
- मानव अधिकारको विश्वव्यापी समीक्षा प्रणाली अन्तर्गत नेपाललाई प्राप्त सिफारिसहरु कार्यान्वयन गर्न कार्यान्वयन कार्ययोजना बनाई सोको कार्यान्वयन तथा अनुगमन कार्य गरिंदै आएको छ।
- नेपाल पक्ष भएको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयन गर्न बनाउनुपर्ने नयाँ कानून तथा प्रचलित कानूनमा गरिनुपर्ने सुधारका सम्बन्धमा राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन तथा अनुगमन गरिंदै आएको छ।

- राष्ट्रिय मानव अधिकार आयोगका सिफारिशहरु कार्यान्वयन स्थिति सम्बन्धमा अनुगमन गरी सोको स्थिति सार्वजनिक गर्ने तथा यस सम्बन्धी अनुगमन गरिंदै आएको।
- संयुक्त राष्ट्र संघको मानव अधिकार समितिमा परेका उजुरीहरुका सम्बन्धमा नेपालको तर्फबाट प्रतिरक्षा गर्ने तथा सो समितिबाट पारित विचार (Views) कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय गराई सोको अनुगमन हुँदै आएको छ।
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने सम्बन्धमा देहायका ऐनहरू जारी भएका छन् -
    - बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
    - केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२,
    - लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२।
- United Nations Framework Convention on Climate Change (UNFCCC) – अन्तर्गत जलवायु परिवर्तन सम्वन्धी पेरिस सम्झौतामा अप्रिल २२, २०१६ मा हस्ताक्षर भई अनुमोदनको क्रममा रहेको छ। त्यसैगरी UNFCCC को प्रावधान अनुसार नेपाल पक्ष राष्ट्र भएको नाताले जलवायु परिवर्तन सम्वन्धी Intended Nationally Determined Contribution (INDC) प्रतिवेदन र दोस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन (SNC) तयार गरी UNFCCC को सचिवालयमा पेश गरिएको छ भने तेस्रो राष्ट्रिय संचार प्रतिवेदन निर्माणको क्रममा रहेको छ।
- Kyoto Protocol (KP) to UNFCCC - सन्धि अन्तर्गतका कार्यक्रमहरुमा सहभागिता र सन्धिको निर्णय वमोजिम हरितगृह ग्यास (GHGs), स्वच्छ विकास संयन्त्र (CDM) सम्वन्धी क्रियाकलापहरुको सञ्चालन र कार्यान्वयन भैरहेको छ।
- United Nations Convention to Combat Desertification (UNCCD) अन्तर्गतका १० वर्षे रणनीतिक योजना सहितको राष्ट्रिय कार्ययोजना तर्जुमा गरी UNCCD मा समाविष्ट गरिएको र कार्यान्वयनका लागि UNCCD र दातृ निकायहरुसंग समन्वय भईरहेको छ। जलवायु परिवर्तन सम्वन्धमा अतिकम विकसित राष्ट्रहरु (LDCs) को माझमा

नेपालले अन्तराष्ट्रिय कार्यक्रम तथा सम्झौताहरुमा सक्रिय रुपमा सहभागिता जनाएको छ।

- जलवायु परिवर्तनलाई मुलप्रवाहीकरण गरी राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्न National Adaptation Plan (NAP) को शुरुवात गरिएको छ।
- Low Carbon Economic Development Strategy and Gender and Climate Change Strategy को मस्यौदा तयार गरी सरोकारवाला निकाय र पक्षहरुको राय लिने काम भैरहेको छ।
- Review and Update National Implementition Plan for Stockholm Convention on POPs /BRS Convention/Montreal Protocol कार्यान्वयन गर्न चीरस्थायी जैविक प्रदूषक (Persistant Organic Pollutants) सम्वन्धी तथ्याङ्क संकलन कार्य सम्पन्न भई मस्यौदा प्रतिवेदन तयार भएको छ।
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित सन्धि सम्झौताहरुको पूर्ण रुपमा पालना गर्ने गरिएको छ। UN Convention मा नेपाल पक्ष राष्ट्र भएको हुँदा गृह मन्त्रालयबाट लागू औषध नियन्त्रण ऐन -२०३३ लाई प्रतिस्थापन गरी नयाँ विधेयकको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नका लागि कानूनी, संस्थागत एवं प्रक्रियागत व्यवस्था गर्न दुईवटा International Labor Organization (ILO) र International Convention on Elimination of all forms Racial Discriminiation (ICERD) को Implementation Framework र दुईवटा ILO र ICERD को आवधिक प्रतिवेदन तयारी गरिएको छ।
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१(३) अनुसारको शासकीय सुधार तथा सुशासन सम्बन्धी आ.व. २०७१/७२ को प्रतिवेदन तयार गरिएको छ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार प्रत्येक मन्त्रालय/केन्द्रीय निकाय/आयोग/केन्द्र/कार्यालयहरुमा शासकीय सुधार इकाई गठन गराई इकाईको सम्पर्क व्यक्ति (Focal Person) को विवरण संकलन गरी

अद्यावधिक गर्ने कार्य गरिएको छ र सेवा प्रवाह अनुगमन गरी प्रतिवेदन तयार गरिएको छ।

- नेपालको संविधान जारी भएको मिति २०७२ आश्विन ३ गते पश्चात् विभिन्न मितिमा ११ वटा सचिव बैठक बसी १०२ वटा निर्णयहरु भएका र उक्त निर्णयहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाईएको। सो को प्रगति अनुगमन तथा समीक्षा प्रत्येक पछिल्लो महिनाको बैठकमा गर्ने गरिएको छ।
- रु. ५०००।- भन्दा बढीको भुक्तानी गर्दा अनिवार्य स्थायी लेखा नं. राख्ने र सरकारका सबै A/C payee cheque को भुक्तानीलाई आ.व. ०७३।७४ को श्रावण १ गतेदेखि विद्युतीय भुक्तानी (e-payment) प्रणाली मार्फत हुने व्यवस्था अवलम्वन भएको छ।
- A/C payee cheque बाट गर्ने भुक्तानीको सीमा र Nepal Clearing House Limited (NCHL) को क्लियरिङ्ग शुल्कका सम्बन्धमा आ.व. ०७३।७४ सुरु हुनु अगाडि कोष तथा लेखा नियन्त्रकको कार्यालयले निर्माण, मालसामान, सेवा, परामर्श प्राप्त गर्दा दिने भुक्तानी सम्बन्धित पक्षको बैंक खातामा सिधै भुक्तानी गर्नका लागि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको NCHL-IPS प्रणाली मार्फत भुक्तानी गर्न शुरु गरेको र परीक्षण कारोवारको लागि महालेखा नियन्त्रकको कार्यालय र NCHL बीच आवश्यक समन्वय भएको छ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने सम्बन्धमा वेव वेस्ड रिपोर्टिङ सिस्टम (Web Based Reporting System), व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली (Vital Events Management Information System), गा.वि.स. लेखा प्रणाली (VDC Accounting Software) को सञ्चालन गरिएको छ। ७५ वटै जि.वि.स. र १५४ न.पा. को वेवसाइट निर्माण भई नियमित रुपमा अध्यावधिक हुँदै आएको छ। साथै केही जि.वि.स. र न.पा.ले विद्युतीय सूचना पार्टी (Digital Display Board) को शुरुवात गरेका छन्।
- मिति २०७२।११।२८ गते सूचनाको हक कार्यान्वयन सम्बन्धी केन्द्रीय समन्वय इकाइका संयोजकको अध्यक्षतामा विभिन्न निकायका सूचना अधिकारीहरुको बैठक वसी भएका निर्णयहरुको कार्यान्वयनको प्रगति विवरण तयार भएको छ।
- आफूसँग सम्बन्धित ऐन, नियम, विनियम र सेवा सुविधा सम्बन्धी निर्णयहरुलाई Website मा स्वस्फूर्त सार्वजनिक गर्ने व्यवस्था मिलाउन मिति २०७२।१२।१८ को नेपाल सरकार मुख्यसचिवस्तरको निर्णयानुसार सबै मन्त्रालयहरुलाई पत्राचार गरिएकोमा मन्त्रालयहरुले website अद्यावधिक गर्ने गरेका छन्।

- संघीय प्रशासनिक व्यवस्थामा जनगुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन हेलो सरकारलाई संघ, प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने भावि कार्यदिशा तय गरिएको छ।
- नेपाल सरकारबाट प्रदान गरिने औषधोपचार र अन्य आर्थिक सहायता सम्बन्धमा व्यवस्थापिका संसद, अर्थ समितिको निर्देशन अनुरूप कार्यविधि तयार गरी अर्थ समितिमा पठाइएको छ।
- तनहुँ, धनुषा, डडेल्धुरा, लमजुङ्ग जिल्लाका विभिन्न कार्यालयहरुको सेवा प्रवाहको अनुगमन र सेवाग्राही सर्भेक्षण गरिएको छ।
- यस आ.व. मा सार्वजनिक सरोकारसंग सम्बन्धित विषयहरुमा विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित ३ दर्जन भन्दा बढी समाचारहरुप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण भई संबद्ध मन्त्रालयहरुलाई सुधारका पहल थाल्न आवश्यक निर्देशन दिई प्रगति माग गरिएको छ।
- सरकारी र गैरसरकारी निकायहरुको क्षेत्रगत र निकायगत एकरुपता कायम गरी पारदर्शी ढंगले सहयोग उपलब्ध गराउन राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट गैरसरकारी संस्था सम्बन्धी निर्देशिका तयार गरी पुनर्निर्माणमा तिनीहरुको सहभागिता र छनौटको तरिका स्पष्ट गरिएको छ।
- भूकम्प पीडित व्यक्ति तथा परिवारलाई आवास अनुदान कार्यविधि,२०७३ बमोजिम सरकारी वा गैसस बाहेक श्रोत परिचालनमा समान व्यवस्था हुने गरी गैरसरकारी संस्था परिचालन कार्यविधि,२०७२ जारी गरी सरोकारवाला तथा लक्षित समूहलाई पूर्व जानकारी गराउन विभिन्न आम संचार माध्यमबाट प्रसारण गरिएको छ।
- गुनासो तथा उजुरीहरुको व्यवस्थापन गर्न क्षतिग्रस्त निजी आवास अनुदान सम्बन्धी गुनासोको Data Review गर्नुका साथै पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७३ निर्माण र कार्यान्वयन गरिएको छ। यसका लागि पुनरावेदन समितिहरु समेत गठन भई कार्यान्वयनमा आएका छन्। यसबाट हालसम्म ४००० सेवाग्राही लाभान्वित भएका छन्।
- सरकारी निकाय र सार्वजनिक संस्थानहरुको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिबृद्धि गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र कर्मचारी प्रशिक्षण प्रतिष्ठान मार्फत रु ११,२४,४०,०००।- को लागतमा १,८१० जनाको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गरिएको छ। साथै सबैका लागि तालीम कार्यक्रम अन्तर्गत कर्मचारी प्रशिक्षण प्रतिष्ठान र न्याय सेवा तालिम केन्द्रलाई विशेष तालिम संचालन गर्न आर्थिक अनुदान प्रदान गरिएको छ।

- निजामती कर्मचारीहरुको आधिकारिक ट्रेडयूनियनको निर्वाचन सम्पन्न भएको छ।
- निजामती सेवा ऐन, २०४९ को दफा १८ क बमोजिम तोकिएको अबधि बाहेक काज राख्न नपाइने व्यवस्था लागू गरिएको छ। हाल तोकिएको अवधि बाहेक काज बस्ने कर्मचारीहरु नरहेको अवस्था छ।
- जनतासँग प्रत्यक्षरुपमा सम्बन्धित भई सेवा प्रवाह गर्ने कार्यालयहरुमा कर्मचारी अभाव हुन नदिने प्रयोजनका लागि सामान्य प्रशासन मन्त्रालयमा रहेको सरुवा गर्ने अधिकारलाई क्षेत्रीय प्रशासक र जिल्ला भित्रमा प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गरिएको छ। यसबाट सरुवाको लागि लाग्ने समय, श्रम र कार्यजटिलतामा कमी आएको छ।
- आ.व. ०७३/०७४ देखि लागू हुनेगरी राष्ट्रसेवकहरुको तलवमानमा पच्चीस प्रतिशतले वृद्धि गरी गाऊँ विकास समितिका सचिवहरुको जिम्मेवारी एवं कार्यबोझ बढेसँगै निजहरुलाई काममा उत्प्रेरित गर्नका लागि निश्चित मापदण्ड र सूचकको आधारमा हाललाई २०७३ बैशाख १ देखि २०७३ असार मसान्तसम्मको लागि बढीमा शुरू तलबमानको ५० प्रतिशतसम्म कार्य सम्पादन प्रोत्साहन प्रणाली लागू गरिएको छ।
- लामो अध्ययन विदामा रहेका राष्ट्रसेवक कर्मचारीहरुको लगत संकलन गरी प्रारम्भिक लगत सहित कारवाहीको लागि सम्वन्धित निकायलाई निर्देशन दिइएको छ।
- कार्यसम्पादनमा प्रभावकारीता बढाउनका लागि अधिकांश विभागीय प्रमुख, सबै आयोजना प्रमुख र केही कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरिएको छ।
- विद्युतीय शासन प्रणालीको उपयोग गर्ने सिलसिलामा हालसम्म १९ वटा केन्द्रिय निकायमा Office Automation System (OAS) लागू भैसकेको छ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत सरूवा पदस्थापना भई आएका ५५ जना शाखा अधिकृतहरूलाई भूकम्प प्रभावित जिल्लाको रिक्त गाविस सचिवमा कामकाज गर्न खटाइएको छ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नभएको अवस्थामा ३१४१४ वडा नागरिक मञ्च र ८४८४ नागरिक सचेतना केन्द्र गठन भई स्थानीय जनसहभागिता परिचालनमा अभिवृद्धि भएको छ।
- ६६ जिल्लामा स्थानीय शासन तथा उत्तरदायी संयन्त्र Local Governance Accountability Faciltiy (LGAF) मार्फत Civil Society Organization (CSO) हरू छनौट गरी उनीहरू मार्फत स्थानीय सेवाको प्रभावकारिता र जवाफदेहिताको स्तर मूल्याङकन गर्ने कार्य भैरहेको छ।

- सबै जिल्ला विकास समिति तथा नगरपालिकाहरूको website अद्यावधिक गर्ने तथा सार्वजनिक सुनुवाई, समाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायतका कार्यहरू भइरहेका छन्।
- मन्त्रालयमा सूचना प्रविधिको प्रयोग बढाई पारदर्शी, जवाफदेही र सरलीकृत गर्ने प्रयास स्वरुप विद्युतीय सूचना प्रवाहको सन्दर्भमा मोवाईल एप्स (MOFALD Mobile Apps Service) प्रारम्भ गरिएको छ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन सामान्य प्रशासन मन्त्रालयबाट सोच पत्र २०७२ बनाई सो को कार्यान्वयन योजना तयार गरी लागू गरिएको छ।
- नेपाल सरकारको तत्काल सुधार कार्ययोजना, २०७२ मा उल्लेख भएका क्रियाकलापहरुको कार्य योजना तयार गरी कार्यान्वयनको चरणमा रहेको छ।
- अत्याधिक कार्यचाप भएका र सेवाग्राहीसँग प्रत्यक्ष सम्बन्धित १८ वटा कार्यालयहरु छनोट गरेर सेवा प्रवाह सन्तुष्टी सर्वेक्षण कार्य सम्पन्न गरी सो सर्वेक्षणबाट देखिएका कैफियतहरुमा सुधार गर्नका लागि सम्बन्धित मन्त्रालयमा लेखी पठाइएको छ। उच्च तहका पदाधिकारीबाट सेवा प्रवाहको अवस्थाबारे स्थलगत अनुगमन निरीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने गरिएको छ।
- ७५ वटै जिल्ला प्रशासन कार्यालय र १५ वटा इलाका प्रशासन कार्यालयहरुबाट सफ्टवेयरमार्फत नागरिकता प्रमाणपत्र वितरणको काम भइरहेको छ। बाँकी रहेका कार्यालयहरुमा पनि उक्त वमोजिमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ।
- क्षेत्रीय प्रशासन कार्यालयहरुबाट अन्तर्गतका क्षेत्रीय र जिल्लास्तरीय कार्यालयहरुको नियमित अन्तरकृया, छलफल तथा अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने गरिएको छ।
- जनताहरुको गुनासोको शीघ्र सुनुवाईको लागि क्षेत्रीयस्तरमा हेलो सरकार कक्षको सञ्चालन गरिएको छ।
- राष्ट्रिय सतर्कता केन्द्रले अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएका ५३६ वटा र आर्थिक वर्ष २०७२।७३ मा पर्न आएका ७७२ वटा गरी जम्मा १३०८ उजुरी मध्ये ६८६ वटा फछ्र्यौट गरेको छ। साथै उक्त केन्द्रबाट नेपाल भारत नाकामा भएको नियमित आपूर्तिको अवरोधको समयमा हुन सक्ने कालो बजारी रोक्न ग्याँस लगायतका आपूर्ति सम्बन्धी बजार अनुगमनको कार्यहरु सम्पन्न भएका छन्।

- सार्वजनिक पद धारण गरेका ३,६१,१०७ जना पदाधिकारी/कर्मचारीहरु मध्ये सम्पत्ति विवरण नबुझाउने २२८६० जनालाई आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ।
- समसामयिक बिषयवस्तु प्रविधि र अन्तर्राष्ट्रिय असल अभ्यासहरुलाई समेत समावेश गरी तयार गरिएको सार्वजनिक खरिद ऐन, २०६३ पहिलो संशोधन विधेयक, विद्युतीय खरिद प्रणाली उपयोग निर्देशिका, २०७३ संसदबाट स्वीकृत भै लागू भएको छ। उक्त ऐनको प्रावधान बमोजिम विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोबार हुन सक्ने ब्यबस्थालाई कार्यान्वयन गर्ने सिलसिलामा विद्युतीय खरिद प्रणाली सञ्चालन मार्ग निर्देशिका, २०७३ र विद्युतीय खरिद प्रणाली उपयोग निर्देशिका (User Manual) जारी भएको छ।
- सार्वजनिक खरिद सम्बन्धी बोलपत्र, पूर्वयोग्यता, र प्रस्ताव सम्बन्धी कागजातहरु साबिकमा अंग्रेजी भाषामा मात्र उपलब्ध रहेकोमा यस आर्थिक वर्षमा सिलबन्दी दरभाउ पत्र (मालसामान र निर्माण कार्य) को नमूना कागजात नेपालीमा अनुवाद गर्ने र पूर्वयोग्यता निर्धारण गरी गर्नुपर्ने अन्तर्राष्ट्रिय बोलपत्र सम्बन्धी नमूना कागजात परिमार्जन गर्ने कार्य सम्पन्न भएका छन्। साथै २२८ वटा विषयवस्तुमा राय परामर्श प्रदान गरिएको छ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयबाट www.ppmo.gov.np नामको वेवसाईट स्थापना गरी सार्वजनिक सूचना जारी गर्ने, खरिद सम्बन्धी आवश्यक नमूना कागजात राख्ने, कालोसूचीको विवरण अद्यावधिक गर्ने, खरिद सूचना प्रकाशित गर्ने जस्ता कार्यहरु भएका छन्। यसै शिलशिलामा १८ वटा फर्म, संस्था, कम्पनीहरुलाई कालोसूचीमा राख्ने कार्य भएको छ भने १४५ वटा फर्म, संस्था, कम्पनीहरुलाई कालोसूचीमा राख्ने सम्बन्धी कार्वाहीको प्रकृयामा रहेका छन्।
- अनलाईन विद्युतीय खरिद प्रणाली पूर्ण रुपमा लागु भए पछि यस प्रणालीबाटै स्वचालित रुपमा सार्वजनिक खरिदका सूचनाहरु जनसमक्ष पुऱ्याउन Open Contracting Data Standard को अन्तर्राष्ट्रिय मापदण्डको सूचना प्रवाह गर्ने गरी पोर्टल स्थापना गर्न Open Contracting Partnership नामक अन्तरराष्ट्रिय संस्थाको सहयोगमा नेपालको सार्वजनिक खरिदको पारदर्शिताको लागि अग्रसरता (Public Procurement Transparency in Nepal- PPTIN) कार्यक्रमका लागि सम्झौता सम्पन्न भएको छ।
- १२ जिल्लाका ४० वटा सार्वजनिक निकायहरुको सार्वजनिक खरिद कार्यको अनुगमन गरिएको छ।
- सार्वजनिक खरिदमा संलग्न १०१० जनालाई क्षमता अभिवृद्धि तालीम दिइएको छ।

- सूचनाको हक कार्यान्वयन गर्ने क्रममा निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दल, नेपाल सरकार र अन्तर्गतका निकायहरु, नेपाल राष्ट्र बैंक र उक्त बैंकको अनुमतिमा संचालित बैंक तथा वित्तीय संस्था, बीमा समिति र उक्त समितिको अनुमतिमा संचालित बीमा कम्पनीहरुलाई निम्नानुसार गर्न आदेश गरिएको छः
  - क) सूचना अधिकारी तोक्ने,
  - ख) निकायको कार्य सम्पादन र गतिविधि सहितका विवरणहरु ३/३ महिनामा स्वतः सार्वजनिक गर्ने, र
  - ग) नागरिकले सूचना माग गरेका निवेदन र प्रवाहको अभिलेख अलग दर्ता किताबमा दर्ता गरी राख्ने।
- स्थानीय विकास अधिकारीहरुले जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको वार्षिक वजेट र कार्यक्रम सार्वजनिक गर्न शुरु गरेका छन्।
- त्रिभुवन विश्वविद्यालयको परीक्षामा सम्मिलित हुने परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउने व्यवस्था भएको छ।
- विद्यालय तहको पाठ्यक्रम मध्ये कक्षा ९ को सामाजिक शिक्षा विषयमा सूचनाको हक समावेश गरिएको छ।
- नेपाल सरकारका १९ वटा तालीम केन्द्रमा संचालन हुने तालीम पाठ्यक्रममा सूचनाको हक समावेश गरिएको छ।
- मन्त्रालयका विभागीय मन्त्री, नेपाल सरकारका सचिव लगायत अन्य उच्च पदस्थ कर्मचारी, जिल्ला न्यायाधीशहरु, राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रिकाका प्रधान सम्पादकहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रमुखहरु, दातृ निकायका प्रमुख तथा पदाधिकारीहरु एबं नेपाली सेनाका पदाधिकारीहरुसँग सूचनाको हक सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- सूचना आयोगको बैठक व्यवस्थापन, पुनरावेदन, उजूरी र निवेदन फर्छ्यौट गर्न कार्यविधि र आयोगका कर्मचारीको आचार संहिता निर्माण गरि लागू भएको छ।
- ३१ वटा मन्त्रालयको Right To Information (RTI) Audit सम्पन्न भई प्रतिवेदन प्रकाशन भएको छ।
- संयुक्त राष्ट्र संघीय निकायसँग मिलेर खुला सरकारी तथ्याङ्क (Open Government Data) विषयमा अन्तर्राष्ट्रिय गोष्ठी सम्पन्न गरिएको छ।
- तथ्य तथ्याङ्क र विवरण खुल्ला रुपमा सार्वजनिक (OGD) को अवधारणा स्वीकार गरी कार्य प्रकृया अगाडि वढाउन प्रमुख सूचना आयुक्तको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, सूचना तथा सञ्चार मन्त्रालयका सचिव, राष्ट्रिय

सूचना आयोगका सचिव, राष्ट्रिय योजना आयोगका प्रतिनिधि र तथ्याङ्क विभागका महानिर्देशक सदस्य रहनु भएको Working Group गठन भई कार्य गरिरहेको छ।

- राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न सिँचाई मन्त्रालयको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम सिँचाइ विभाग अन्तर्गत ५ वटा क्षेत्रीय सिँचाइ निर्देशनालय, ५७ वटा सिँचाइ विकास डिभिजन, १६ वटा सिँचाइ विकास सव डिभिजन, १ वटा सिँचाइ व्यवस्थापन निर्देशनालय, १३ वटा सिँचाइ व्यवस्थापन डिभिजन, १ वटा भूमिगत जल सिँचाइ निर्देशनालय र ११ वटा भूमिगत जल सिँचाइ विकास डिभिजन कार्यालयहरु, ३ वटा यान्त्रिक डिभिजन कार्यालयहरु स्थापना गरिएका छन् भने जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग अन्तर्गत २४ वटा डिभिजन, २ वटा सव डिभिजनकार्यालयहरु र केन्द्रीयस्तरका ३ वटा आयोजनाहरु स्थापना गरी सेवा सुविधामा जनताको सहज पहुँच सुनिश्चित गरिएको छ।
- राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न सूचना तथा संचार मन्त्रालय र अन्तर्गत निकायहरुको पुनर्संरचना गर्ने कार्य प्रारम्भ गरिएको छ।
- उपत्यका भित्रको महानगरपालिका र नगरपालिका क्षेत्रभित्रका हुलाक सेवालाई गोश्वारा हुलाक कार्यालयको कार्यक्षेत्रभित्र राखी चुस्त संगठनको रुपमा विकास गर्न प्रतिवेदन तयार भई सरोकारवाला निकायमा रायको लागि पठाइएको छ।
- सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पठाइएको छ।
- आमसञ्चारलाई स्वच्छ, स्वस्थ र निष्पक्ष बनाई जनताको पहुँच बढाई सुसूचित हुने अधिकार सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रिय आम सञ्चार नीति, २०७३ स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- राजनीतिक र व्यापारिक नियन्त्रण नरहने गरी आमजनताप्रति जवाफदेही सूचना, शिक्षा र मनोरञ्जन प्रदान गर्न रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एक आपसमा गाभी सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गर्न सार्वजनिक प्रसारण सेवा विधेयक, २०७३ को मस्यौदा तयार गरिएको छ।
- अनलाइन मिडिया संचालनलाई व्यवस्थित गर्न अनलाइन मिडिया संचालन निर्देशिका, २०७३ स्वीकृत भई उक्त निर्देशिकाका केही प्रावधानमा संशोधन गर्नु पर्ने आवश्यकता भएकोले पुन: संशोधनका लागि प्रक्रिया अगाडि बढाईएको छ।

- संघीय संरचना अनुरुप कर्मचारी व्यवस्थापन र समायोजन गर्नका लागि आवश्यक विधेयकको तर्जुमाका लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भई विधेयकको मस्यौदा तयारीको क्रममा रहेको छ।
- विद्युत ऐन, २०४९ मा समसामयिक संशोधन तथा विद्युत नियमन आयोग ऐन तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्राप्त भएको छ।
- राष्ट्रिय जलस्रोत नीतिको मस्यौदा र जलस्रोत ऐन, २०४९ लाई समसामयिक संशोधन गर्ने विधेयकको मस्यौदाको काम सुरु गरिएको छ।
- संघीय इकाइहरु बीच आर्थिक स्रोतको साझेदारी गर्ने खाका तयार गर्ने कार्य भइरहेको, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक, संघीय आकस्मिक कोष विधेयक र अन्तर सरकारी वित्त व्यवस्थापन विधेयक तर्जुमा भईरहेको छ।
- प्रशासन पुनर्संरचनाको लागि एकल र साझा अधिकार सूचीको विस्तृतीकरणको काम भईरहेको छ।
- राष्ट्रिय गौरवका आयोजना र अन्य समेत गरी ३७ वटा आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ। प्राविधिक परीक्षणको क्रममा पाइएका अपरिपालना प्रतिवेदन (Non Complience Reports) हरूलाई त्रुटी सच्याउन निर्देशन दिइएको छ।
- ३३ वटा जिल्लाका ५३७ वटा सार्वजनिक निकायहरुको नागरिक बडापत्र अनुगमन गर्नुका साथै ३० वटा जिल्लाका ४९२ वटा सार्वजनिक निकायहरुको स्थलगत अनुगमन गरी देखिएका कमी कमजोरीहरुको सुधारका लागि सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको छ।
- राष्ट्रिय सतर्कता केन्द्रलाई सबल रुपमा सञ्चालन गर्न यसको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएकोले प्राविधिक परीक्षण प्रयोगशाला सहितको भवन निर्माणको कार्य अगाडि बढाइएको छ।

(ग) सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,

(७) बहुभाषिक नीति अवलम्बन गर्ने।

२.२.३ सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- क्षतिग्रस्त सहर तथा प्राचीन बस्तीहरुको मौलिकतालाई कायम राख्न, स्वरुप र संरचनामा सुधार गरी पुनर्स्थापना गर्न, प्राचीन स्मारक र सम्पदा संरक्षणका लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट छुट्टै मापदण्ड सहितको निर्देशिकाको तयारीको काम भईरहेको छ।
- गोरखापत्रको समावेशी पृष्ठमा अवधी, मैथिली, भोजपुरी, पूर्वीय थारु र पश्चिमा थारु भाषामा "संविधानका मूलभूत प्रावधानः संक्षिप्त चिनारी" प्रकाशन गरी वितरण गरिएको छ।
- भूकम्पपछि काठमाडौं उपत्यकाका ३ वटै दरबार क्षेत्रमा युनेस्को, बेलायतको दुरहाम विश्वविधालय र पुरातत्व विभागको संयुक्त टोलीले अन्वेषण उत्खनन् एवं अनुसन्धानका कामहरु सम्पन्न भएको छ।
- प्राचीन बस्तीलाई मौलिक एवं परम्परागत रुपमा पुनर्निर्माण, संरक्षण र जगेर्ना गर्ने उद्देश्यले "सम्पदा बस्ती संरक्षण तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७३" को मस्यौदा तर्जुमा गरिएको छ।
- सम्पदा पुनर्निर्माण सम्बन्धमा विभागीयस्तर आयोजना कार्यान्वयन इकाई (Department Level Project Implementation Unit -DLPIU), Department of Archeology (DOA), महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका एवं गुठी संस्थान र विकास समिति लगायत सरोकारवाला निकायहरुसँग छलफल, समन्वय एवं जिम्मेवारी तोक्ने कार्य भइरहेको छ। धरहरा, रानीपोखरी, नागपोखरी लगायतका सम्पदाहरु पुनर्निर्माणको क्रममा रहेका छन्। पुरातत्व विभागबाट PDNA कार्यक्रम अन्तर्गत ४६ वटा सम्पदाहरुको टेण्डर आव्हान भई सम्झौता प्रक्रियामा रहेका छन्।

- ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्न ५२८ वटा मन्दिर परिसर र २१ वटा गुम्वा परिसरको मर्मत संभार गरिएको छ।
- पुरातात्विक स्थल संरक्षण आयोजना अन्तर्गत सम्पदा संरक्षण तर्फ २१८ वटा, उत्खननतर्फ ९ वटा र अध्ययन/अनुसन्धानतर्फ १५ वटा आयोजना सञ्चालन गरिएको छ। त्यस्तै भू-भौतिक परीक्षणका ४ वटा, अन्य प्रर्वद्धनात्मक तालिम, अभिमुखीकरण लगायतका ९ वटा तथा छपाई सम्बन्धी २ वटा कार्यक्रम सञ्चालन गरिएको छ।
- भूकम्पपछिको पुनर्निमाण अन्तर्गत सम्पदा संरक्षणका ४९ वटा कार्यक्रमहरु रहेकोमा, विश्व सम्पदा स्थल संरक्षण आयोजना अन्तर्गत सम्पदा संरक्षणका १४ वटा, अध्ययन/अनुसन्धानका ४ वटा र प्रर्वद्धनात्मकका ४ वटा कार्यक्रमहरु संचालनमा रहेका छन्।
- ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र विकासको लागि गोरखापत्र संस्थान, रेडियो नेपाल तथा राष्ट्रिय समाचार समितिको महत्वपूर्ण तथ्याङ्क विवरणहरु Digital Archive गर्ने कार्य शुरु गरिएको छ।
- भुकम्पवाट क्षतिग्रस्त भएको नेपाल राष्ट्रिय पुस्तकालयभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका बहुमूल्य पुस्तक तथा ग्रन्थहरुलाई महेन्द्र भवन मा. वि. मा संरक्षण गरी राखिएको छ।
- सामाजिक, साँस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने क्रममा नव निर्माणको अवधारणा अनुसार पुनर्निर्माण प्राधिकरणबाट निजी आवासीय घर सम्बन्धित घरधनीद्वारा नै बनाउने गरी कार्यक्रम सञ्चालन गरिएको छ। पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि स्थानीय समुदायको सहभागिता र स्वामित्व अभिवृद्धि गर्न पुनर्निर्माण सामुदायिक समिति सम्बन्धी निर्देशिका, २०७३ जारी गरी उक्त निर्देशिका बमोजिम आपसी सहकार्य र आलोपालोमा काम गर्ने व्यवस्था मिलाउन बस्ती तथा टोलहरुमा पुनर्निर्माण सामुदायिक समितिहरु गठन भईरहेको छ।
- पुननिर्माण गर्दा स्वदेशमा उत्पादित सामग्रीहरुको प्रयोगमा जोड दिइएको छ। एकीकृत बस्ती विकासका लागि अध्ययन गर्न केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (शहरी विकास मन्त्रालय) बाट विवरण संकलन हुँदै गरेको छ। बस्तीहरुको पुनर्निर्माण गर्दा सम्भव भए यथा स्थानमै गर्ने र स्थानान्तरण गर्नुपर्दा स्थानीय

वासिन्दाहरुको जिविकोपार्जन, सँस्कृति र परम्पराको संरक्षण गर्नेगरी पुननिर्माणको काम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। स्थानान्तरण गर्नुपर्ने वस्तीहरुको हकमा स्थानान्तरणको लागि संभाव्य स्थानहरुमा भौगर्भिक अध्ययनको कार्य भइरहेको छ।

- राष्ट्रिय संस्कृति नीति २०६७, अन्तर्गत विभिन्न समुदायमा आधारीत सिप, कला र प्रविधिको संरक्षण एवं विकास गरी युवा पुस्तामा हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिएको छ। यी कार्यक्रमबाट नेपालको प्रसिद्ध "चर्या नृत्य" प्रशिक्षण कार्यक्रम मार्फत करिव २०० जना युवाहरुलाई प्रशिक्षित गराइएको छ।
- बैतडी जिल्लामा प्रचलित परम्परागत फलाम प्रशोधन गर्ने प्रविधिलाई जगेर्ना गर्न युवा पुस्ताहरुलाई प्रशिक्षण लगायतका कार्यक्रम मार्फत करीब १ लाख जनता लाभान्वीत भएका छन्।
- पुष्पलाल राष्ट्रिय पुरस्कार, राष्ट्रिय र क्षेत्रीय प्रतिभा पुरस्कार, महाकवि देवकोटा पुरस्कार, भगत सर्वजीत मानव मर्यादा राष्ट्रिय पुरस्कारबाट सम्मानीत गर्ने कार्य सम्पन्न गरिएको छ।
- नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा संगीत रोयल्टी विषयक बैठक बसी यस सम्बन्धी समस्या समाधानका लागि सुझाव दिन एक कार्यदल गठन भई कार्यदलले पेश गरेको कार्ययोजना कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालय/निकायमा पठाइएको छ।
- कक्षा १ देखि १० सम्मका पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य सामग्रीमा प्रतिभा पहिचान सम्बन्धी विषयबस्तु समावेश गरिएको छ । यसबाट विद्यालय तहका करिव ४३ लाख विद्यार्थी लाभान्वित भएका छन्।
- जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरुको अधिकार प्रर्वद्धन संयन्त्र, २०६८ र अपाङ्गता भएका व्यक्तिहरु विरुद्ध हुने भेदभाव अन्त्य र उनीहरुको उत्थान, विकास र अधिकारको प्रर्वद्धन संयन्त्र, २०६८ को सल्लाहकार एवं केन्द्रीय निर्देशक समितिको संयुक्त वैठक आयोजना गरी भएका निर्णयहरु प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित पदाधिकारी र सम्वन्धित निकायमा पठाईएको छ।
- मुस्लिम धर्मावलम्बीहरुको लागि मक्का मदिना धार्मिक यात्राको सहज व्यवस्था मिलाइएको छ।
- पिछडिएका सीमान्तकृत, सुविधाबाट वञ्चित जाति एवं समुदायहरुको संस्कृति संरक्षणलाई लक्षित गरी ३४ जना प्रतिभाहरुलाई पुरस्कृत गरिएको छ।
- आदिवासी, जनजाति तथा लोपोन्मुख समुदायको भाषा, संस्कृति, साहित्य, कला आदि प्रवर्द्धनका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको छ। यसै सिलसिलामा

काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा जातीय भाषा वैज्ञानिक सर्वेक्षण कार्य सम्पन्न भएको छ। मगर, सुनुवार, चाम्लिङ लगायत विभिन्न १९ वटा समुदायको मातृभाषा साक्षरता तथा प्रशिक्षण सम्पन्न भएको र यसबाट प्रशिक्षित संख्या १ हजार जना रहेको छ।

- विविध जातजाति र समुदाय संस्कृति संरक्षणमा लागेका विभिन्न संघ, संस्था प्रतिष्ठानहरुलाई आफ्नो भाषा, लिपि, संस्कृति, साहित्यकला, चलचित्र, सम्पदा संरक्षण तथा विकासका लागि संस्कृति प्रवर्द्धन कार्यक्रम मार्फत आर्थिक अनुदान उपलब्ध गराइएको छ।
- राष्ट्रिय भाषा आयोग गठन भै आयोगबाट कार्य भई रहेको छ।

(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गर्राई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।

२.२.४ अर्थ, उद्योग र वाणिज्य सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- वाणिज्य विभाग, वाणिज्य कार्यालय तथा घरेलु कार्यालयहरुमा दर्ता भएका व्यवसायिक फर्महरुको स्क्यानिङ गरी Digitalized गर्ने कार्यक्रम सम्पन्न भएको छ।
- व्यापार सम्बन्धी तथ्यांक तथा सूचना संकलन/ अद्यावधिक तथा प्रकाशन कार्यक्रम सम्पादन गरी नेपाल विदेश व्यापार तथ्याङ्क (Nepal Foreign Trade Statistics) र नेपालको विदेश व्यापार को झलक (Glimpse of Nepal's Foreign Trade) प्रकाशन र सीडी (CD) निर्माण कार्य सम्पन्न गरिएको तथा केन्द्रमा रहेको व्यापार डाटा व्यवस्थापन कार्यक्रम (Trade Data Management Program) निर्माण गर्ने तथा Web-page मा रहेको निर्यात आयात डाटा बैंक (Export Import Data Bank) लाई परिमार्जन गरिएको छ।
- निर्यात प्रवर्द्धनको लागि अध्ययन खोज तथा अनुसन्धान सम्बन्धी कार्यहरू अन्तर्गत भारतको कोलकात्ता स्थित Indian Leather Products Association र केरलाको Kerala Chamber of Commerce & Industry ले गदै आएको कार्यहरुको बारेमा अध्ययन तथा अनुसन्धान गरिएको छ।
- भन्सार कार्यालयहरुबाट व्यापार तथ्याङ्क संकलन गरी नेपालबाट भैरहेको निकासी एवं पैठारीका प्रमुख वस्तुहरुको बारेमा स्थलगत अध्ययन भई रहेको छ।
- संखुवासभा तथा भोजपुर जिल्लाबाट रुद्राक्षको प्रशस्त मात्रामा निकासी भैरहेको र इलाम जिल्लामा किवी तथा चिराईतोको व्यवसायीक रुपमा खेती भईरहेको सन्दर्भमा उक्त वस्तुहरुको अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ। दाङ्ग, सल्यान, जाजरकोट, रुकुम, दैलेख तथा प्यूठान जिल्लाहरुमा निकासी संम्भाव्य वस्तुहरुको अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ।
- निजी उद्यमी तथा व्यवसायीहरुको सीपमूलक तथा व्यवसायिक तालिमहरु संचालन गरी क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सम्पादन गरी नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), कृषि उद्यम केन्द्रसंग समन्वय गरेर स्थानीय कृषक

व्यवसायीसंगको लागत साझेदारीमा धनकुटा, खोटाङ,ओखलढुङ्गा, रामेछाप, गोरखा, दोलखा, लमजुङ्ग, सोलुखुम्वु लगायका ८ जिल्लाहरुमा अलैंचीलाई आधुनिक किसिमले सुकाउन डबलड्रम ड्रायर ४५ थान खरिद गरी जडान गरिएको छ।

- नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रसंग MOU गरेर स्थानीय कृषक व्यवसायी र निजीक्षेत्रको लागत साझेदारीमा अदुवाको सुरक्षित भण्डारण गर्नको लागि स्याङ्जा, धादिङ्ग, खोटाङ, नुवाकोट, सिन्धुली, प्यूठान, गोरखा, रामेछाप, ओखलढुङ्गा, लमजुङ्ग लगायतका १० जिल्लाहरुमा ७० थान सेलार निर्माण गरिएको छ।
- नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रसंग MOU गरेर स्थानीय कृषक व्यवसायीसंग र निजीक्षेत्रको लागत साझेदारीमा स्याङ्जा, धादिङ्ग, खोटाङ, नुवाकोट, सिन्धुली, प्यूठान, गोरखा, रामेछाप, ओखलढुङ्गा, लमजुङ्ग, झापा लगायतका ११ जिल्लाहरुमा २०५०० के. जी. उच्च गुणस्तरीय अदुवाको बिउ वितरण गरिएको, नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्र जिल्ला उद्योग वाणिज्य संघ ओखलढुङ्गासंग सहकार्य गरी निजी क्षेत्रको लागत साझेदारी हुनेगरी ओखलढुङ्गा उद्योग वाणिज्य संघले निर्माण गरेको भवनमा चिराईतो प्रशोधनको लागि ड्रायर मेसिन उपलब्ध गराइएको छ।
- सुर्खेत स्थित निर्माणधीन जडिबुटी संकलन केन्द्रको भवन निर्माण कार्य सम्पन्न गर्नका लागि सुर्खेत स्थित उद्योग वाणिज्य संघसंग MoU गरी रकम उपलब्ध गराइएकोमा सम्झौता बमोजिमको कार्य सम्पन्न गरिएको छ।
- परम्परागत स्थानीय उत्पादनहरुलाई प्रोत्साहन तथा कृषक, उद्यमी व्यवसायीहरुको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा रोजगारी सृजना तथा निर्यात वृद्धि गर्ने उद्देश्यले विभिन्न जिल्लाहरुमा बाँसका जराबाट हस्तकलाका सामाग्रीहरु निर्माण गर्ने, महिलाहरुलाई पोतेबाट चुरा, पर्स, व्याग, जुत्ता र अन्य वस्तुहरु बनाउने, चाँदीका गरगहना बनाउने, हाते कागज बनाउने, ढाकाको कपडा बुन्ने, अल्लो प्रशोधन गरी कपडा तथा अन्य आवश्यक सामाग्रीहरु बनाउने लगायतका सीपमूलक तालिमहरु संचालन गरी त्यस्ता तालिमहरुबाट करिब १५०० कृषक, उद्यमी, व्यवसायी तथा गृहिणी महिलाहरु लाभान्वित भएका छन।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुहरुको सामूहिक व्यापार चिन्ह दर्ता भई क्रममा नेपाली कफीको नर्वे, कोरिया, हङकङ, जापान, सिंगापुर, क्यानडा, ई.यू. र स्वीटजरल्याण्डमा Collective Trade Mark दर्ता भइसकेको छ। नेपाली च्यांग्रा पश्मिनाको ४७ देशहरुमा सामूहिक व्यापार चिन्ह दर्ता भएको छ।

- उत्पादित वस्तुहरुको बजारीकरण र निर्यात प्रवर्द्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला महोत्सवहरुको आयोजना र सहभागिता कार्यक्रम अन्तर्गत सन् २०१५ नोभेम्बर १७-१९ सम्म काठमाडौंको भृकुटीमण्डपमा १५ औं नेपाल-चीन तिब्बत आर्थिक तथा व्यापार मेलामा चीन तर्फको ५० वटा र नेपाल तर्फको २० वटा स्टल गरी जम्मा ७० स्टलमा सामाग्री प्रदर्शन गरिएको छ। ४ देखि ८ सेप्टेम्बर, २०१६ मा भुटान चेम्बर अफ कमर्शले आयोजना गरेको Bhutan International Trade Fair 2015 मा नेपाली व्यापारी फर्म/कम्पनीहरुले ६९ स्टल सहित सहभागिता जनाएको, जर्मनीको ह्यानोभरमा सन् १६-१९ जनवरी २०१६ मा आयोजना भएको Domotex-2016 नेपाल प्याभिलियन खडा गरी सहभागिता जनाइएको छ।
- सन् फेब्रुअरी १२-२२, २०१६ मा निजी क्षेत्रसंगको लागत सहभागितामा Bengal National Chamber of Commerce & Industry ले भारतको कोलकाता शहरमा आयोजना गरेको Industry India Trade Fair 2016 मा नेपाली उत्पादनलाई अन्तराष्ट्रिय बजारीकरणको लागि तीन वटा फर्म कम्पनीलाई सहभागिता गराईएको छ। नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ, नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त लागत सहभागितामा नेपालमा उत्पादन हुने अन्तर्राष्ट्रियस्तरका सुनचाँदी एवं रत्न जडित गरगहना सम्बन्धी नेपाल अन्तराष्ट्रिय जेम एण्ड ज्वेलरी एक्पो २०७३ जेष्ठ ७ देखि ९ सम्म आयोजना गरिएको, डिसेम्वर ४ देखि ६,२०१५ मा पाकिस्तानको लाहोरमा आयोजना भएको 12th SAARC Trade Fair मा सूचना तहका लागि सहभागिता जनाएको छ।
- चीनको सिनिङ्ग शहरमा जुन २ देखि ६, २०१६ मा आयोजना भएको China Sanghai International Carpet Exhibition -2016 मा नेपाली गलैचासंग सम्बन्धित १२ वटा फर्म/कम्पनीहरु सहित नेपाल गलैचा निकासीकर्ता संघ र केन्द्रीय गलैचा उद्योग संघ गरी जम्मा १४ वटा स्टल लिई सहभागिता गरिएको तथा नेपाल उद्योग वाणिज्य महासंघसंग लागत साझेदारीमा मिति २०७२ चैत्र ४ देखि ८ गतेसम्म भृकुटीमण्डपमा नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना भएको छ।

नेपाल भारत क्षेत्रीय व्यापार तथा निर्यात सहयोग आयोजना अन्तर्गत निम्नानुसार कार्यक्रम संचालन गरी निम्नानुसार उपलब्धी हासिल गरिएकोः

- काठमाडौंको चोभारमा कन्टेनर फ्रेट स्टेशन Container Freight Station (CFS) निर्माण गर्न विस्तृत डिजाइन सहितको संरचनाको खाका तयार गर्ने कार्यक्रमबाट काठमाडौंको चोभारमा कन्टेनर फ्रेट स्टेशन निर्माण गर्न सर्भे तथा डिजाइन र निर्माण सम्बन्धी कामको ड्राफ्ट मास्टर

प्लान तयार भएको। साथै हाल साइट निकासी (Site Clearance) को कार्य पनि सुचारु रहेको छ।

- निर्यात हुने वस्तुको गुणस्तर परीक्षणका लागि प्लान्ट निदान सन्दर्भ Plant Diagnostic Reference प्रयोगशालाहरुको स्थापना गर्ने र किरा निगरानी (Pest Survelliance) को सुदृढीकरण गर्ने कार्यक्रम सम्पादनबाट प्रयोगशालाहरुको विकासका लागि लिइएको परामर्श सेवाबाट प्राप्त प्रतिवेदनका आधारमा प्रयोगशाला स्थापना सम्बन्धी कार्यलाई अगाडि वढाइएको छ।
- ट्रेड पोर्टल विकास, सफ्टवेयर, हार्डवेयर र पावर व्याकअप (सफ्टवेयर निर्माण तथा परामर्श) कार्यक्रम अन्तर्गत ट्रेड पोर्टल विकास, हार्डवयर, सफ्टवेयर र पावर व्याकअप (सफ्टवेयर निर्माण तथा परामर्श) को लागि आमन्त्रणको सूचना प्रकाशन भएको र प्रस्तावको अनुरोधका लागि कागजात बनाउने क्रममा रहेको र ट्रेड पोर्टल सेवा तथा डाटा माईग्रेसन (Data Migration) को कार्य अगाडि बढाईएको छ।
- नेशनल सिङ्गल विन्डो निर्माण गरी व्यापार सहजीकरणका लागि आवश्यक कार्य भईरहेको छ।
- भैरहवामा रहेको सुख्खा वन्दरगाहको स्तरोन्ती गर्ने कार्य (यार्ड मर्मत गर्ने कार्य) कार्यसम्पन्न भएको छ।
- विरगंजमा रहेको सुख्खा वन्दरगाहको स्तरोन्नति गर्ने कार्य (शेड विस्तार गर्ने कार्य) अन्तर्गत निर्माण कार्य सुचारु रहेको छ।
- एक्सेल लोड कन्ट्रोलका लागि उपकरण खरिद गर्न आपूर्ति सम्बन्धी संझौता भइसकेको, बस रुट अध्ययनका लागि परामर्शदाताबाट इन्सेप्सनन रिपोर्ट प्राप्त भइसकेको, एक्सल लोड कन्ट्रोलका स्टेशन स्थापनाको लागि उपयुक्त जग्गाको छनौट भइसकेको तथा जग्गा खरिदका लागि नेपाल सरकारका तर्फबाट बजेटको व्यवस्था गरिएको। साथै, सडकदुर्घटना सूचना व्यवस्था प्रणाली स्थापना गर्नका लागि कार्यक्रम तयार गरी स्वीकृतिको लागि विश्व वैंकमा पठाइएको।
- सन्धि सम्पन्न गर्ने कार्यमा संलग्न निकाय तथा पदाधिकारीको जिम्मेवारी र भूमिकालाई स्पष्ट गर्न तथा सन्धि सम्पन्न गर्ने कार्यविधिमा एकरूपता ल्याउन तर्जुमा गरिएको सन्धि सम्पन्न गर्ने निर्देशिका निर्णयको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको छ।
- बेल्जियम, क्यानडा, चीन, डेनमार्क, जर्मनी, कोरिया, मलेसिया, म्यान्मर, रसिया, संयुक्त अधिराज्य, अमेरिका र कोलकातामा कला र सांस्कृतिक सम्पदाहरुको प्रवर्द्धन तथा क्यानडा, जर्मनी, थाइल्याण्ड, अमेरिका, जेनेभा र ल्हासामा नेपाली उत्पादनहरुको निर्यात प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।

- निजी क्षेत्रलाई विद्युत उत्पादन, प्रसारण र वितरणका लागि सहभागी गराउने व्यवस्था गर्न Engineering Procurement Construction and Finance (EPCF) को आधारमा कार्यविधि निर्माण भईरहेको छ।
- विकास साझेदारहरुसँगको समन्वयमा भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिएको छ भनें गैर सरकारी र निजी क्षेत्रको समेत श्रोत र क्षमताको उपयोग गर्ने वातावरण तयार गरिएको छ।
- राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्न अन्तर्राष्ट्रिय सहयोग समेत लिई भूकम्प पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना सम्पन्न गर्ने उद्देश्यले अनुदान सम्झौता, तालीम आदि कार्यमा गैरसरकारी साझेदार संस्थाको सहयोग प्राप्त गरी परिचालन गरिएको छ।
- पूर्वाधार निर्माण, आवास अनुदान, शिक्षण संस्था, स्वस्थ्य चौकी, सम्पदा र जीविकोपार्जनका क्षेत्रमा साझेदार संस्थाको सहयोगको साथै World Bank, Agriculture Development Bank लगायतका संस्थाहरुको सहयोग रहेको छ।
- स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई उपलब्ध गराइने सेवा सुविधा एकै स्थानबाट उपलब्ध गराउन उद्योग विभागमा एकल विन्दु सेवा केन्द्रको स्थापना तथा संचालनमा ल्याइने तयारी भईरहेको छ।
- विदेशी लगानी आकर्षित गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समयानुकुल सुधार गर्ने तथा प्रविधि हस्तान्तरण ऐनमा समयानुकुल सुधार गर्ने नीति, ऐन, नियम, निर्देशिका र कार्यविधि संशोधन तथा परिमार्जन भैरहेको छ।
- विशेष आर्थिक क्षेत्र विधेयक संसदमा दर्ता भएको छ।
- औद्योगिक व्यवसाय ऐन,२०७३ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- वाणिज्य नीति, २०७२ तथा नेपाल व्यापार एकीकृत रणनीति, २०१६ (२०७३) नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ। उक्त रणनीतिले पहिचान गरेका निर्यात योग्य वस्तुहरु मध्ये चार वस्तुहरुको वस्तु विकास रणनीति तयार भइरहेको र रणनीतिको आधारमा सम्बद्ध निकायहरुले आवधिक बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।
- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिई निजी लगानीलाई प्रोत्साहन गर्ने नीतिहरु अवलम्वन गरिएको छ। निर्यातमा प्रोत्साहनका लागि नगद अनुदानको व्यवस्था, कर प्रणालीमा निरन्तर सुधार ऊर्जा लगानीमा कर छुट सहितको प्रोत्साहन, औद्योगिक पूर्वाधारहरुको विकास र विस्तार, राष्ट्रिय पूँजी परिचालन गरी लगानी वढाउन र राष्ट्रिय उत्पादन वृद्धिका लागि

वित्तीय उत्प्रेरणाका कार्यक्रमहरुको संचालन र सार्वजनिक निजी साझेदारी नीति कार्यान्वयन गरिएको छ।

- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलव्ध साधन र श्रोतको अधिकतम परिचालन गर्न बैङ्क तथा वित्तीय संस्थाहरुले कूल कर्जाको १५ प्रतिशतसम्मको रकम विद्युत आयोजनामा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ।
- सहकारी क्षेत्रको विकासका लागि सहकारी ऐन, २०७३ को विधेयक व्यवस्थापिका संसदमा दर्ता भएको छ। यसबाट सहकारी प्रणालीमा आवद्ध सम्पूर्ण नेपाली नागरिकहरु लाभान्वीत भई राष्ट्रिय अर्थतन्त्र सुदृढ हुने छ।
- आधारभूत सहकारी व्यवस्थापन, सहकारी सचेतना तथा वित्तीय साक्षरता, सहभागितात्मक सहकारी लेखापालन जस्ता १,०९७ वटा तालिम कार्यक्रमहरु सञ्चालन गरी २९,९२४ जना लाभान्वीत भएका छन्।
- २,१५७ वटा ठूला सहकारी संस्थाको सघन अनुगमन र ५,५५० वटा अन्य सहकारी संस्थाहरुको नियमित अनुगमन, निरीक्षण भएका छन्।
- महिला, दलित, सीमान्तकृत, अपाङ्ग र पिछडिएका वर्ग र दलितको पेशा आधुनिकीकरण एवं कृषिजन्य सहकारी उद्योग व्यवसाय प्रवर्द्धन गर्न ५१ वटा संस्थालाई रु.१,४५,००,०००/- अनुदान तथा दुईवटा शीतघर स्याङ्जा र चितवन जिल्लामा निर्माण गर्न रु. १,१८,३४,०००/- समेत गरी २,६३,३४,०००/- अनुदान प्रदान गरिएको छ।
- सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन र नियमनका लागि सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणाली (Cooperative Poverty Management Information System - COPOMIS) कार्यक्रम सञ्चालनबाट User र Policy Level को तालिम कार्यक्रम सम्पन्न गरी User Acceptance Test (UAT) को कार्य सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त भएको छ। साथै यसको Validation Workshop सम्पन्न गरी Project Implementation Unit (PIU) पुनर्गठन गरिएको छ।
- सहकारी क्षेत्रको प्रवर्द्धन गर्न पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना अन्तर्गत रहेका ८ वटा जिल्ला (बझाङ, बाजुरा, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट, रुकुम र रोल्पा) मा समूहमा १०५ वटा सहकारी दर्ता भएका छन्। यसबाट २०,९२८ जना प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।
- Bangaladesh, China, India, Iran, Philippines, Sri Lanka,Thailand र Nepal सहित ८ राष्ट्रको सहभागितामा अन्तर्राष्ट्रिय कृषि सहकारी विकासको सञ्जाल (Network For The Development Of Agriculture Cooperatives-NEDAC) को मिति २०७३/०३/२८ देखि २०७३/०३/३०

गते सम्म अन्तर्राष्ट्रिय सम्मेलन तथा साधारण सभा नेपालमा सम्पन्न भएको छ। यसमा Herbal Medicinal plant, Cold water fish, Honey, सम्बन्धी विज्ञहरूबाट कार्यपत्र प्रस्तुत गरिएको थियो।

- जलविद्युतका क्षेत्रमा मिति २०७३।०४।११ सम्म नेपाल सरकारको लागतमा १ वटा (२०. मे वा.) आयोजनाको निर्माण कार्य अगाडि बढाइएको, सर्वेक्षण भईरहेको जलाशययुक्त आयोजना ७ वटा (३,१०४ मे. वा.) र रन अफ द रिभर आयोजना ३७ वटा (१,७८१ मे. वा.) रहेका छन्।
- नेपाल विद्युत प्राधिकरणबाट १५ वटा (४६६ मे. वा.) योजना संचालनमा रहेका छन् भने निर्माणाधीन ६ वटा (२१५ मे. वा.), आयोजनाहरुलाई उत्पादन अनुमतिपत्र दिइएको, दर्खास्त १ वटा (८७ मे. वा.) र बहाल सर्वेक्षण अनुमतिपत्र ५ वटा (९९८ मे. वा.) रहेका छन्।
- निजी क्षेत्रबाट संचालनमा रहेका ३८ वटा (३१६ मे. वा.), उत्पादन अनुमतिपत्र जारी भई निर्माणको चरणमा रहेका, १०० वटा (२,४९२ मे. वा.), उत्पादन अनुमतिपत्रका लागि दरखास्त दिइएका ७० वटा (५,३७६ मे. वा.), वहाल सर्वेक्षण अनुमतिपत्र ८१ वटा (२,५७० मे. वा.) रहेका छन् भने निर्यात प्रयोजनका लागि २ वटाको (१,८०० मे. वा.) आयोजना विकास संझौता भएको छ।
- विकास समिति मार्फत बुढी गण्डकी जलाशययुक्त आयोजना (१,२०० मे. वा.) निर्माणको चरणमा र नलसिंगाड जलाशययुक्त आयोजना (४१० मे. वा.) सर्वेक्षणको चरणमा रहेका छन्।
- द्विपक्षीय सन्धि वा संझौतातर्फ पञ्चेश्वर बहुउद्देश्यीय आयोजना (६,४८० मे. वा.) निर्माणको चरणमा र सप्तकोशी बहुउद्देश्यीय आयोजना (३,३०० मे. वा.) सर्वेक्षणको चरणमा रहेका छन्।
- आर्थिक क्षेत्रलाई प्रोत्साहन तथा नियमन गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ र निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२ तर्जुमा गरी व्यवस्थापिका संसदमा पेश गरिनुका साथै वित्तीय क्षेत्र रणनीति, २०७२ को मस्यौदा र कर प्रणाली सेवाका लागि केन्द्रीय राजश्व बोर्ड तथा एकीकृत कर संहिताका विधेयक तर्जुमा भइरहेको छ।
- आर्थिक वर्ष २०७३।७४ को लागि २०७३ जेठ १५ गते व्यवस्थापिका संसदमा आय व्ययको विवरण (बजेट) प्रस्तुत भई २०७३ असार भित्रै व्यवस्थापिका संसदबाट विनियोजन विधेयक स्वीकृत भई असार ३१ गते बजेट खर्च गर्ने अख्तियारी सबै मन्त्रालयहरुलाई दिइएको छ। प्रस्तुत बजेटले उत्पादन वृद्धिमा ७.८२%, पूर्वाधार निर्माणमा ३३.७%, सामाजिक विकासमा १२.९५%, सुशासन प्रवर्द्धनमा २.२६% र अन्तरसम्वन्धित विकासमा १.६०% वजेट विनियोजन गरी स्रोतको प्रत्याभुत गरिएको छ।

- ४१० वटा उद्योग दर्ता, विदेशी लगानीका उद्योग ३३९ स्वीकृत गरी ७४९ उद्योगबाट १८९६० रोजगारी सिर्जना भएको छ। उद्योग विभागको सेवालाई अनलाईनमा लैजान Government Integrated Data Centre (GIDC) र कम्पनी रजिष्ट्रारको कार्यालयसँग Link गरिएको छ।
- चुनढुङ्गा १, क्वार्जाइट १ समेत १०५ वटा नयाँ खानी खोजतलास अनुमति पत्र प्रदान गरिएको छ भने १४४ वटालाई नवीकरण गरिएको छ।
- महिला उद्यमशीहरुलाई परियोजनाका आधारमा उद्यम संचालन गर्न स्थापित महिला उद्यमशीलता विकास कोषबाट विना धितो ऋण लिने कार्यक्रमलाई २६ जिल्लामा विस्तार गरिएको छ।
- वस्तु तथा सेवाको गुणस्तरीयता कायम गर्न ११ वटा नेपाल गुणस्तर प्रमाण चिन्ह (NS) तथा ८२ वटा क्यालीब्रेशन सेवा प्रदान गरिएको छ।
- नापतौल प्रयोजनका लागि ८५२२ वटा यन्त्र उपकरण प्रयोग गर्न नयाँ अनुमति प्रदान गरिएको छ।
- नेपाली सेनाको लागि आवश्यक एम्युनिशन (७.६२ मि.मि., ५.५६ मि.मि. र ९ मि.मि.) खरिद गरिनुका साथै आवश्यकता अनुसार हतियारका पाटपुर्जा, प्लाष्टिक ह्याण्ड ग्रिनेट तथा प्लाष्टिक ब्लेङ्क एम्युनिशन उत्पादन गरिएको छ।
- उद्योगहरूको सुसंचालनमा जलविद्युतको आपूर्तिको विकल्पमा प्रयोग गर्न नवीकरणीय उर्जाको कार्यान्वयन सम्बन्धी र औद्योगिक फोहोरलाई विद्युतमा परिणत गर्ने (Waste to Energy Conversion) सम्वन्धी सम्भाव्यता अध्ययन गरिएको छ।
- साधारण निर्माणमुखी ९२ वटा र धातु, अधातु खानीको उद्योग प्रवर्द्धन Data Package तयार गरिएको छ भने ४० खानीहरुको वातावरणीय अनुगमन तथा निरीक्षण गरिएको छ।
- पेट्रोलियम पदार्थ सम्बन्धी विस्तृत अध्ययन, अनुसन्धानका लागि चीन सरकारसँग सरकार-सरकार (G2G) सम्झौता भै चीनिया र नेपाली प्राविधिकको संयुक्त टोलीबाट प्रारम्भिक संभाव्यता अध्ययन भएको छ।
- भूकम्पबाट अति प्रभावित ९ जिल्लाका ११७ वटा वस्तीहरुको भौगर्भिक जोखिमको अध्ययन गरी प्रतिवेदन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पठाइएको छ।

- चीन सरकारको सहयोगमा १० वटा भूकम्प मापन केन्द्रहरु स्थापना गर्ने सम्झौता भएको छ। फ्रान्स सरकारको सहयोगमा देशका २१ वटै भूकम्प मापन केन्द्रलाई डिजिटल प्रविधमा रुपान्तरण गर्ने कार्य भईरहेको छ।
- १३७ जनालाई उद्यमशीलता विकास तालिम, ३२ जनालाई व्यवसायमूलक तथा सीप विकास प्रशिक्षण, ६० जनालाई ब्रिकेट उत्पादन तालीम तथा १२१३४ जनालाई व्यवसायमूलक तथा सीप विकास प्रशिक्षण प्रदान गरिएको छ।
- काठमाण्डौमा अन्तर्राष्ट्रियस्तरको घरेलु विक्री तथा प्रदर्शनी कक्ष निर्माण गर्न शिलन्यास भएको छ।
- बाराको सिमारा बिशेष आर्थिक क्षेत्रमा तयारी पोशाक प्रशोधन केन्द्र निर्माण गरी आगामी ३ वर्ष भित्रमा सञ्चालनमा ल्याउने गरी निर्माण कार्य सुरु गरिएको छ।
- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने कार्यविधि संशोधन भई कार्य अगाडि बढिसकेको छ।
- सिमेन्ट उद्योगका लागि खानी स्थल पहुँचमार्ग अन्तर्गत ९.२ कि.मी. Backcutting, २३ वटा कलभर्ट निर्माण, ५८१० मि. नाली निर्माण र १७८९ र.मी. टेवा पर्खाल निर्माण गरिएको छ।
- बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी नीतिको मस्यौदा अन्तिम चरणमा रहेको छ।
- विभिन्न व्यवसायमा कार्यरत ५५ जना उत्कृष्ट महिला उद्यमीहरुलाई सम्मान गरिएको छ भने केही औद्योगिक प्रतिष्ठानहरुमा लैंगिक परीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ।
- गरिवी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम ६९ जिल्लामा विस्तार गरिएको छ।
- ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि)को लागि इटहरीमा कार्यालय स्थापना गरी कार्य सुरु गरिएको छ।
- घरेलु तथा साना उद्योग कार्यक्रम अन्तर्गत १७३८७ उद्योगहरु दर्ता भएका छन् भने सोही कार्यक्रम अन्तर्गत १७२४० उद्यमीहरु सृजना भई ६६२३५ संख्यामा रोजगारी सृजना भएको छ।
- दुर्गम जिल्लामा खाद्यान्न ढुवानी कार्यक्रम अन्तर्गत १२२०० मे.ट. ढुवानी गरी तोकिएका जिल्लाका सर्वसाधारण उपभोक्ता लाभान्वित भएका छन्।

- पहाडी तथा अति दुर्गम हिमाली २२ जिल्ला र अन्य सुगम जिल्लाहरुमा आयोडिनयुक्त नूनको सरल र सर्वसुलभ आपूर्ति कार्यक्रम सञ्चालन गरी ७२१६९ मे.ट. नून आपूर्ति भई १५७०९४५ जनसङ्ख्या लाभान्वित भएका छन्।
- सार्क खाद्य सुरक्षा बैंक तथा बफर-स्टकमा मौज्दात खाद्यान्न सञ्चालन खर्च अन्तर्गत २२८६३ मे.ट. भण्डार गरिएको छ।
- खाद्यसंस्थान अन्तर्गतका १८ खाद्य गोदाम मर्मत गरी खाद्य सुरक्षा व्यवस्थित गरिएको छ।
- वातावरणीय प्रदूषण नियन्त्रण कार्यक्रम अन्तर्गत डिजल र पेट्रोलमा प्रति लिटर ५० पैसाका दरले प्रदूषण शुल्क लिने गरिएको छ।
- पुनर्निर्माणमा स्थानीय सीप साधन र श्रोतको परिचालन गर्न स्थानीय सामग्री, ज्ञान सीप, श्रम र वास्तुकलाको प्रयोगलाई प्राथमिकता दिई अधिकतम उपयोग गर्ने व्यवस्था गरिएको छ। पुनर्निर्माणमा स्थानीय सीप साधन श्रोत र कलालाई प्रयोगमा ल्याई १७ वटा नमूना घरहरु तयार गरिएका छन्।
- उद्योग धन्दा र साधन स्रोतको प्रवर्धन गर्न हाल भइरहेका भन्दा थप ७ वटा औद्योगिक क्षेत्रहरुको निर्माण गर्ने र विशेष आर्थिक क्षेत्र लगायतका औद्योगिक पुर्वाधारमा लगानी गरिएको छ।
- निर्यात प्रोत्साहन नीतिको पुनरावलोकन गर्ने र आयकर छुट तथा सुविधाहरु उपलब्ध गराउने नीति लिइएको छ। कर फिर्ताको सुविधा, औद्योगिक कच्चा पदार्थ र औद्योगिक मेशिनरीमा न्यून भन्सार दर तथा सहुलियत भन्सार सुविधा उपलव्ध गराइएको छ। औद्योगिक वातावरणमा सुधार गर्न असल श्रम सम्वन्धका लागि सामाजिक संरक्षणका कार्यक्रमहरु संचालन गरिएको छ।
- कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने उद्देश्यले देहायका कामहरु भएका छन्:-
  - लगानीको रणनीतिक सोंच भएका युवाहरुलाई व्यवसाय संचालन गर्न विउ पूँजी (Seed Money) उपलव्ध गराउन रु. १ अर्बको Challenge Fund को व्यवस्था गरिएको छ।
  - भूकम्प र आपूर्ति प्रणालीको असहज अवस्थाबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थानका लागि आर्थिक पुनरुद्धार कोषको स्थापना गरी सञ्चालनमा ल्याइएको छ।
  - सहुलियपूर्ण (६%) कृषि ऋण उपलब्ध गराउन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
  - सार्वजनिक निकायहरुले १५% सम्म महंगो भएतापनि स्वदेशी वस्तुको प्रयोग गर्नु पर्ने नीति कार्यान्वयनमा ल्याइएको छ।

- कृषकलाई प्रोत्साहन दिन पशु तथा बाली विमा कार्यक्रम संचालन गरी प्रिमियमका लागि अनुदान उपलब्ध गराइएको छ।
- सिमेन्ट उद्योगको स्थापनाका लागि प्रोत्साहन दिन उद्योग सम्म जाने सडक र विद्युतको प्रसारण लाईन निर्माण सरकारले गर्ने कार्यक्रम संचालन गरिएको छ।
- निर्यात गृह तथा विशेष आर्थिक क्षेत्रमा निर्यात गरेमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था गरिएको छ।
- विशेष उद्योग र पर्यटन सम्बन्धी उद्योगले आफ्नो सञ्चित मुनाफाबाट उद्योगको क्षमता विकासका लागि नाफाको पूँजीकरण गरेमा लाभांस कर नलाग्ने व्यवस्था गरिएको छ।
- मूल्य अभिवृद्धि करको दर्ताको लागि तोकिएको कारोबारको सीमा रु २० लाखबाट बृद्धि गरी ५० लाख पुऱ्याइएको छ।
- वित्तीय पूर्वाधार विकासमा लगानी गर्न निजी क्षेत्र समेतको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना सम्बन्धी प्रारम्भिक कार्य सम्पन्न भएको छ।

- वैदेशिक पूंजी तथा प्रविधिलाई पूर्वाधार विकासमा प्रोत्साहन गर्न थप देशहरुसंग विप्पा Bilateral Investment Protection and Promotion Agreement (BIPPA) संझौता गरी कार्यान्वयन गरिने तयारी भइरहेको छ भने निर्यात प्रवर्द्धनका लागि संयुक्त राज्य अमेरिकासँग Trade and Investment Framework Agreement (TIFA) सम्झौता भएको छ।
- राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता लिई राष्ट्रिय बजेट प्रणाली मार्फत परिचालन गरिएको छ। सो अनुरुप बैदेशिक सहायता नीति परिमार्जन गरी विकास सहायता नीति अवलम्बन गरिएको छ।
- राष्ट्रिय विकासका प्राथमिकता र आवश्यकताको लागि राष्ट्रिय स्वामित्व र नेतृत्व रहने गरी सहायताको परिचालन गर्ने, क्षेत्रगत बजेट सहायता, राष्ट्रिय योजनामा समावेश हुने एकल परियोजना, एकल परियोजनाको निमित्त साझाकोष, कार्यक्रममा आधारित सहायता र मानवीय सहायताजस्ता क्षेत्रमा विदेशी सहायता परिचालन गर्ने ढाँचा तयार गरी लागू गरिएको छ। राष्ट्रिय प्रणालीमा आवद्धता नभएका सहयोग स्वीकार गर्ने गरिएको छैन। सहायता परिचालनको अभिलेखलाई पारदर्शी वनाउन Aid Management Platform (AMP) सम्वन्धी विद्युतीय प्रणालीको स्तरोन्नती कार्यान्वयन गरिएको छ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत १४ वटा विभिन्न दातृ निकायको सहायतामा सञ्चालित कूल २१ वटा कार्यक्रम/आयोजनाहरुलाई बजेटरी सहयोग जुटाईएको छ।
- पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ निर्माण गरी कार्यान्वयन गरिएको छ। सो संस्था अनुसार छनोट भै परिचालन

भैरहेको र सबै निकायहरुमा एकरुपता ल्याउने गरी Rural Housing को लागि Project Operational Manual तयार गरिएको छ।

- गैरआवासीय नेपालीहरुको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्न पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा गैर आवासीय नेपाली र वैदेशिक रोजगारीमा गएका नेपाली युवा परिचालन गर्ने र स्वदेशमा नै फर्की काम गर्ने वातावरण तयार गर्ने तर्फ जोड दिइएको छ।
- वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार मानी यसलाई पारदर्शी बनाई राष्ट्रिय बजेटमा समाहित गर्न मझौला एकीकृत शहरी वातावरण सुधार आयोजना, एकीकृत शहरी विकास आयोजना, शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम र क्षेत्रीय सहरी विकास आयोजना संचालन गरिएका छन्।
- उपलब्ध साधन स्रोत तथा आर्थिक विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने, तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी औद्योगिक विकास, विस्तार एवं वजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन, वैदेशिक पूँजी तथा प्रविधिलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने र वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाई वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय वजेटमा समाहित गर्ने आदि लक्ष्यहरु परिपूर्तिका लागि सोही अनुकूल रणनीतिहरु र कार्यनीतिहरु तर्जुमा गरिएको छ।
- गैर आवासीय नेपालीहरुको ज्ञान, सीप, प्रविधि र पूँजीलाई ऊर्जा क्षेत्रको विकासमा उपयोग गर्ने उद्देश्यले २ वटा जलविद्युत आयोजनाहरुको सर्वेक्षण अनुमति प्रदान गरिएको छ। साथै गैर आवासीय नेपाली सम्मिलित कम्पनीबाट ३१.६ मेगावाट विद्युत उत्पादन भइरहेको छ।
- गैर आवासीय नेपालीहरुको पूँजी, सीप र लगानी देश विकासमा उपयोग गर्न विदेशस्थित नियोगहरु मार्फत चीनमा तीन वटा, अमेरिकामा दुई वटा तथा जर्मनी, भारत, दक्षिण कोरिया र म्यान्मरमा एक/एक वटा गरी ९ वटा लगानी सम्मेलन सम्पन्न गरी लगानी आकर्षित गर्ने कार्य भएको छ।

(ङ) कृषि र भूमिसुधार सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

२.२.५ कृषि र भूमिसुधार सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था र उपलब्धी:

- भूमिमा रहेको जग्गाधनी र मोहीबीचको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्न भूमि सम्बन्धी ऐन,२०२१ मा छैठौं संशोधन गरिएको छ। मोही बाँडफाँड गर्न निवेदन दिने र कार्य फर्छ्यौट गर्ने म्यादको सूचना प्रकाशनको क्रममा रहेको छ।यसबाट ६६१४८ जना लाभान्वित हुनेछन्।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् प्रोत्साहित गरी कृषक समूह र कृषि सहकारी संस्थाका माध्यमबाट अप्रत्यक्ष रुपमा चक्लाबन्दीलाई प्राथमिकता दिइएको छ।
- किसानका लागि उन्नत बिउबिजन कार्यक्रम मार्फत नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र साना किसान बिकास बैङ्कसंगको सहकार्यमा बीजवृद्धि लगायतका क्रियाकलापहरु मार्फत अप्रत्यक्ष रुपमा चक्लाबन्दी गरी खेती गर्ने प्रणालीलाई जोड दिएको छ।
- कृषि विकास रणनीतिले चक्लाबन्दी कार्यलाई जोड दिए अनुसार Land Leasing Corporation स्थापना गरेर Land Bank को कार्य अघि बढाउँदै कानूनी, आर्थिक तथा कर सहुलियतको माध्यमद्वारा समेत जग्गा खण्डीकरणलाई दुरुत्साहित गरिने छ।
- कृषिमा करार खेती लागू गर्न कृषि व्यवसाय प्रबर्द्धन ऐनको मस्यौदा तयार गरिएको छ।
- कृषि यान्त्रिकरणलाई प्रोत्साहित गर्न कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७० (प्रथम संशोधन, २०७१) र कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ लागू भई खेत जोत्ने ट्र्याक्टर, पावर ट्रिलर, गहुँ काट्ने र चुट्ने मेशीन जस्ता कृषि यन्त्र उपकरणहरुको आयातमा लाग्ने भन्सार तथा मूल्य अभिवृद्धि करमा तोकिए बमोजिम छुट दिइने व्यवस्था गरिएको छ।

- किसानको हक हित संरक्षण र संबर्द्धन गर्न लागू गरिएको २० वर्षे कृषि विकास रणनीतिमा उल्लेख भए बमोजिम किसान आयोग गठन आदेश, २०७३ को मस्यौदा तयार गरिएको छ। कृषि विकास रणनीतिले परिलक्षित गरे अनुरुप किसानहरुको वर्गीकरण गरी सुरक्षा स्किम लागू गर्ने विषयमा अध्ययन भई रहेको छ।
- तराई मधेशका १२ जिल्लाहरुमा धान उत्पादनको पकेट क्षेत्र विकास गर्ने कार्य अघि बढाइएको छ। यसको लागि सामूहिक खेती प्रणालीलाई प्रोत्साहित गर्न २५४१ हे. मा चैतेधान उत्पादनलाई प्रवर्द्धन गर्न कृषि सामाग्रीहरुमा अनुदान उपलब्ध गराइएको छ, १५ जिल्लाहरुमा १४ वटा व्लक बनाई माटो जाँच समेत गरिएको छ। यसबाट चैते धानको औसत उत्पादकत्व ४.६६ मे.टन./हे. पुगेको छ।
- बेरोजगार युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले ४२०९ जना युवाहरुलाई व्यवसायिक तरकारी खेतीमा आकर्षित गर्न सो सम्बन्धी तालीम समेत दिई कार्यक्रममा सहभागी गराईएको छ।
- व्यवसायिक मत्स्यपालनका लागि तराईका जिल्लाहरुमा लागत साझेदारीमा विशेष मत्स्य उत्पादन कार्यक्रम अन्तर्गत ६५१ हेक्टरमा नयाँ पोखरी निर्माण गरी मत्स्य पालन व्यवसायलाई प्रोत्साहित गरिएको छ।
- सहकारी खेती कार्यक्रम अन्तर्गत सहकारी खेती स्किम अन्तर्गत ७९ वटा सहकारी खेती र सहकारीमा आधारित ११४ वटा साना सिंचाई स्किम निर्माण तथा संभार कार्य सम्पन्न गरिएको छ।
- कृषि तथा पशु विमा प्रिमियममा अनुदान दिने नीति कायमै राख्दै यस्तो वीमा प्रिमियममा लाग्दै आएको मुल्य अभिवृद्धि कर छुट दिने कार्यक्रम अन्तर्गत रु. ४ अर्ब ६१ करोड १९ लाख ९३ हजार बराबरको कृषि तथा पशु विमा भएको र त्यस वापत नेपाल सरकारबाट रु. १५ करोड ८४ लाख ६५ हजार ५६० बिमा प्रिमियम अनुदान उपलब्ध गराइएको छ। १७ वटा बीमा कम्पनीहरुका लागि बीमा प्रिमियममा लाग्दै आएको मुल्य अभिबृद्धि कर छुट गरिएको छ।
- कृषि वस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिंचित क्षेत्रको लागि राधा १४, असिंचित क्षेत्रको लागि राधा १३ र सुगन्धित धान १, रामपुर हाईब्रिड मकै ४ र रामपुर हाईब्रिड मकै ६ जात, उन्मोचन तथा दर्ता उपसमितिबाट सिफारिस गर्ने कार्य सम्पन्न भएको छ।
- आलुको पुर्व मूल वीउ (Pre-Basic Seed) २ लाख २७ हजार १६९ वटा दाना उत्पादन भएको छ।

- बंगुरको पाठापाठी ६४७ वटा, भेडाको पाठापाठी १६२ वटा र बाखाको पाठापाठी ४६५ उत्पादन भएको छ।
- कृषि उद्यम केन्द्रको सहकार्यमा One Village One Product (OVOP) र One District One Product (ODOP) कार्यक्रम अन्तर्गत झापा जिल्लामा सुपारी प्रशोधन, अर्घाखाँचीमा मह प्रशोधन, सिन्धुलीमा जुनार प्रशोधन र र कैलालीमा खाद्य प्रशोधन उद्योग स्थापना भई परीक्षण उत्पादन शूरु गरिएको छ।
- माटो सुधार कार्यक्रम अन्तर्गत ४८७२ वटा माटोको नमुना बिश्लेषण, ११५ वटा माटो परीक्षण शिविर सञ्चालन, १२१८१ वटा भकारो सुधार, ५९७ वटा मलखादको गुणस्तर विश्लेषण गर्ने कार्य सम्पन्न गरिएको छ।
- ३५ वटा जिल्ला कृषि विकास कार्यालयहरुमा Mini Soil Testing Lab स्थापना गरिएको छ।
- प्राङ्गारिक मल उत्पादन कारखानाका लागि मेसिनरी औजार र प्राङ्गारिक मलको मूल्यमा अनुदान दिने कार्यक्रम अन्तर्गत प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८, प्राङ्गारिक कृषि उत्पादनको सामूहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९ र प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्वन्धी निर्देशिका, २०६४ लागू गरिएको छ। यस अन्तर्गत प्राङ्गारिक मल उत्पादन कारखाना स्थापनाका लागि मेसिनरी औजारमा अनुदान दिने व्यवस्था मिलाई ४,०५३ मे. टन प्राङ्गारिक मल बिक्री वितरण समेत गरिएको छ।
- रासायनिक विषादि न्यूनीकरण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management -IPM) सम्बन्धी कृषक पाठशाला सञ्चालन र असल कृषि अभ्यास (Good Agricultural Practice - GAP) को मापदण्ड तयार गरिएको छ। विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला सञ्चालन गरी तरकारी तथा फलफूलमा सोको जाँच गरिएको र तोकिएको सीमा भन्दा बढी विषादि देखिएका तरकारी तथा फलफूलहरु नष्ट गर्ने गरिएको छ। कृषक समूह र सहकारी संस्थालाई वानस्पतिक र जैविक विषादि उत्पादन तथा प्रयोगमा अनुदान र घरेलु विषादी उत्पादक कृषक समूहलाई सहयोग गर्ने गरिएको छ।
- जलवायु परिवर्तनकै कारण पर्नसक्ने खडेरी न्यूनीकरण गर्न प्लाष्टिक पोखरी, Drip irrigation, Sprinkler irrigation लगायतका सुविधा उपलब्ध गराईएको छ। सुख्खा धान -१, सुख्खा धान-२, सुख्खा धान -३, सुख्खा धान-४, सुख्खा धान -६ जस्ता सुख्खा ठाउँमा पनि उत्पादन हुने धानको जात विकास गरिएको छ। जलवायु

परिवर्तनकै परिणामस्वरुप विश्वमै महामारीको रुपमा आइरहेको गहुँको कालो सिन्दुरे रोग **(Ug 99)** सहन सक्ने विजय जातको विकास गरिएको छ।

- वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ मा व्यवस्था भए अनुरुपका कृषि सम्बन्धी कार्य गर्न र उद्योग स्थापना पूर्व वातावरणलाई असर नपुऱ्याई सञ्चालन गर्न कृषि क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination - IEE) कार्यान्वयन गरिएको छ।
- नेपाल व्यापार एकीकृत रणनीति, २०१० ले तय गरेका उच्च मूल्यका कृषि वस्तुहरु चिया, अलैंची, अदुवा, मह, मसुरोको निर्यात प्रबर्द्धन कार्यक्रमहरु सञ्चालन गरिएको छ। रासायनिक मल तथा विषादी प्रयोग नगरी जैविक खेती गर्ने गाँउ विकास समितिलाई कृषि क्षेत्रमा खर्च गर्न नियमित अनुदानमा २५ प्रतिशत थप गर्ने कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि, २०७१ लागू भैसकेको छ।
- भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्न र त्यसको समुचित उपयोग गर्न भू-उपयोग ऐन तर्जुमाको लागि नेपाल सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइ सकेको छ। ऐनको मस्यौदा तयार गरी विभिन्न वुद्दिजीवी र सरोकारवालाहरुसंग छलफल र परामर्श गरी प्राप्त सुझावका आधारमा परिमार्जित विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने प्रक्रियामा रहेको छ।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति तयार गर्ने उद्देश्यले नापनक्सा तथा भूमि व्यवस्थापनको क्षेत्रमा समयानुकूल हुनेगरी जनशक्ति एवं क्षमता विकासका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट छोटो तथा लामो अवधिका तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन भएका छन्। यस अवधिमा जम्मा ४२३७ जना यस्ता तालीम तथा शैक्षिक कार्यक्रमहरुमा सहभागी भएका छन् ।
- नापी कार्यालयहरु बाट प्रभावकारी सेवा प्रवाहका लागि सबै नापी कार्यालयहरुको लेआउटमा सुधार गरिनुका साथै १५ वटा नापी कार्यालयहरुमा CCTV जडान गरिएको छ। आइटी परियोजनाका लागि कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, फ्याक्स लगायत विभिन्न मेशिनरी उपकरण खरिद कार्य सम्पन्न भएको छ।
- जग्गाको लेनदेन गर्ने सेवाग्राहीहरुका लागि SMS बाट सूचना प्राप्त गर्ने कार्य निरन्तर सञ्चालनमा रहेको छ। श्रेष्ता मर्मत, बाइन्डिङ्ग तथा तामेली व्यवस्थापन कार्यक्रम अन्तर्गत ३६ वटा विभिन्न कार्यालयमा श्रेस्ता बाइन्डिङ्गको कार्य भई लक्ष्य अनुरुपको कार्य सम्पन्न भएको छ।

- मालपोत कार्यालयहरुको कम्प्यूटर इन्ट्री गर्न छुट डाटा इन्ट्री गरी अध्याबधिक गर्ने तथा जनचेतनाका लागि एफ.एम. रेडियोबाट सूचना सामाग्री प्रशारण गर्ने गरिएको छ।
- भू-उपयोग नीति, २०७२ अनुसार भू-उपयोग नक्सा/डाटा तयार गर्नेक्रममा जम्मा रु ७५९८०९०००।- को लागतमा ५७८ वटा गा.वि.स. र ४ वटा न.पा. हरुको भू-उपयोग नक्सा/डाटा तयार गरिएको छ।
- द्वन्द्वबाट क्षतिग्रस्त नक्सा, श्रेस्ता नापनक्सा गरी पुनःस्थापना गर्ने क्रममा अछाम जिल्लाको ५४ वटा गा.वि.स. अर्घाखाँची जिल्लाको १२ वटा गा.वि.स. र पाल्पा जिल्लाको ८ वटा गा.वि.स. हरुको नक्सा पुनस्थापना गरिएको छ।
- काठमाण्डौ उपत्यकामा पूर्वराजपरिवारको नाममा रहेको ५ रोपनी २ पैसा जग्गाको स्वामित्व तथा ३ रोपनी ७ आना जग्गाको मोही नेपाल ट्रष्टको कार्यालय कायम गरिएको छ।
- विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत रासायनिक मल २,५८,९४८ मे. टन, प्राङ्गारिक मल ४,०५३ मे. टन र उन्नत बिउबिजन ९४८१ मे. टन अनुदानमा बिक्री बितरण गरिएको छ।
- धान, गहुँ, मकै, कोदो जस्ता मुख्य खाद्यान्न बालीको उत्पादन वृद्धिका लागि पकेट क्षेत्र घोषणा गरी उत्पादनका साधनहरुमा पहुँच, भण्डारण र बजारीकरण व्यवस्थाका लागि ५४ जिल्लाको अन्नबालीको पकेट प्रोफायल तयार भएको छ। भूकम्प प्रभावित जिल्लामा १५ वटा सामुदायिक बीउ प्रशोधन तथा भण्डारण केन्द्रको स्थापना कार्य सम्पन्न भएको छ। बिर्तामोड, ढल्केबर, कोहलपुर, बुलबुले (सुर्खेत) को कृषि थोक बजार र धनुषाको माछा थोक बजारस्थलको पूर्बाधार निर्माण तथा सुदृढीकरण गरिएको छ। कृषि उपज सङ्कलन केन्द्र र हाटबजारको स्थापना तथा सुदृढीकरण गरिएको छ। शीत भण्डार निर्माणका लागि अनुदान उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७१ लागू गरिएको छ।
- बजेट बक्तव्य अनुसार शीतघर र खाद्यान्न भणडारण स्थापना गरी सञ्चालन गर्न चाहेमा पहिलो ५ वर्षसम्म शतप्रतिशत ब्याज अनुदान दिने र यस्ता शीतघर र खाद्यान्न भण्डारणका लागि आवश्यक प्राविधिक सहायता सरकारले उपलब्ध गराउने र विद्युतको डिमाण्ड शुल्कमा शत प्रतिशत छुट दिने व्यवस्था भएको छ। कास्की, मोरङ्ग र पर्वतमा गरी ३ वटा शीत भण्डार निर्माण गरिएको छ।
- कृषि प्रसार सेवा संचालनको माध्यमबाट कूल जनसंख्याको करिब १६ प्रतिशत घरधुरीका ४८,०००० जनसंख्या प्रत्यक्ष रुपमा लाभन्वित भएका छन्।

(च) विकास सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(४) वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

(७) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(८) जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।

२.२.६ विकास सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धीहरुः

- राष्ट्रिय गौरवका आयोजना प्रमुखहरू एवं सम्बद्ध मन्त्रालयका योजना महाशाखा प्रमुख बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरी आयोजनाका समस्याहरू समाधान गर्न सहजीकरण एवं समन्वय गरिएको छ।
- क्षेत्रीय सन्तुलन कायम राख्ने गरी खानेपानी तथा सरसफाई सम्बन्धी पन्ध्र वर्षीय रणनीतिक योजना Sector Development Plan (SDP) तयार गरिएको छ। जनसंख्या, मानव विकास लगायत अन्य आर्थिक विकासका सूचकांक र भौगोलिक विकटता समेतलाई आधार मानी नयाँ आयोजनाहरुमा बजेट विनियोजन गर्दा डोल्पा र हुम्लामा न्यूनतम रु. ५ लाख, सोलुखुम्बु कालिकोट, मुगु र जाजरकोट जिल्लाहरुमा रु. ४ लाख र अन्य जिल्लाहरुमा कम्तिमा रु. ३ लाख रकम विनियोजन गरिएको छ।

- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्वी बनाउन द्वन्द्वको क्रममा मृत्यु भएका तथा वेपत्ताका हकदार र अंङ्गभङ्ग भएका अपांगलाई राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको र पीडितहरुको लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी परियोजना संचालन गरी सबै प्रकारका द्वन्द्व पीडितहरुलाई राहत वितरण गरिएको छ। यसबाट १४७६ जना लाभान्वित भएका छन्। त्यसै गरी मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि सेवा प्रदायक संस्था छनौट गरी १० जिल्लामा कार्य शुरु भएको छ।
- क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि काठमाण्डौ उपत्यकाको दीर्घकालीन रणनीतिक गुरुयोजना (सन् २०१५-२०३५) को मस्यौदा तयारी अन्तिम चरणमा रहेको छ।
- विभिन्न नदीहरूमा रहेका तुइनलाई विस्थापित गरी झोलुङ्गे पुल निर्माण गर्ने सम्बन्धमा हालसम्म ६ वटा तुइनहरूलाई झोलुङ्गे पुलले विस्थापन गरिसकेको छ। ४१ वटा झोलुङ्गे पुलहरू निर्माणाधीन अवस्थामा रहेको छन् र ५४ वटा झोलुङ्गे पुलहरूको खरिद सम्बन्धी काम प्रक्रियामा रहेको छ।
- द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाहरुको पुनर्निर्माण कार्य मुलुक भरी निरन्तर रुपमा संचालन गर्न पुनर्निर्माण कार्यक्रम मार्फत यस वर्ष १५८ वटा आयोजना सम्पन्न भएका छन् भने शान्तिका लागि विकास कार्यक्रम अन्तर्गत १६२ वटा आयोजनाहरु सम्पन्न भएका छन्।
- शान्ति संवेदनशील विकास सम्बन्धी मूल प्रवाहीकरण कार्यक्रम मार्फत ५५ जिल्लाका स्थानीय शान्ति समितिका पदाधिकारी र जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीलाई १२ स्थानमा अभिमुखीकरण कार्यक्रम संचालन भएको छ। विभिन्न केन्द्रीय निकायका ४५ जना शान्ति सम्पर्क विन्दुलाई मुलप्रवाहीकरण सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको छ। यसबाट १३ सय जना लाभान्वित भएका छन्।
- विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास र रोजगारीको सृजना गर्न दुर्गम क्षेत्र विकास कार्यक्रम तथा अन्य सडक पूर्वाधार निर्माण कार्यक्रम मार्फत सडक पुल आदि संरचना निर्माण गर्नका साथै ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम आदि मार्फत् १२,५०,००० कार्यदिन रोजगारी सिर्जना गरिएको छ।

- विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्न Bottom-UP Approach अनुसार स्थानीय योजना सहभागितात्मक रुपमा तर्जुमा र कार्यान्वयन गर्ने र जिल्ला सडक सञ्जाल (DRCN) भित्र पर्ने सडक पुलको निर्माण सञ्चालन स्थानीय निकायले गर्ने व्यवस्था गरिएको छ।
- साना व्यवसायीरुको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यका साथ सार्वजनिक खरिद ऐन,२०६३ को (पहिलो) संशोधन गरी रु २ करोड रुपैया भन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गर्नु नपर्ने व्यवस्था मिलाइएको छ।
- २७ जिल्लामा जनता आवास कार्यक्रम संचालन गरी ८४० वटा आवास इकाइ निर्माण सम्पन्न गरिएको छ।
- विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै गरिव लक्षित शहरी पुनर्उत्थान कार्यक्रम (Pro-poor Urban Regeneration Pilot Project) मार्फत Project Support Consultant नियुक्ती गरी सो को डिजाइन, लागत अनुमान तयार गरिएको छ। यसै गरी ललितपुर जिल्लाको ४ वडाहरुमा विश्व बैंकको अनुदान सहायतामा Cultural/Heritage Street निर्माण गर्न उपभोक्तासंग संझौता सम्पन्न भएको छ। Skill Development Program अन्तर्गत Guide Training, सिपमूलक तालिम, Stone Carving, Sculpture आदि बनाउने तालिम उपलब्ध गराइएको छ। यसबाट पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याई Homestay आदि कार्य गर्न प्रोत्साहित भई रोजगार सिर्जना हुने छ।
- विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै २६८ कि. मी. सडक कालोपत्रे गर्ने, ७९० कि.मी. ट्र्याक खोल्ने, ४५२ कि.मी. ग्राभेल गर्ने तथा ६५ वटा नयाँ पुलहरु निर्माण कार्य सम्पन्न गरिएको छ।
- विभिन्न नदीहरुमा जलमार्ग विकासका लागि संभाव्यता अध्ययनको काम १० प्रतिशत सम्पन्न भएको छ।
- सडक र ट्राफिक सुरक्षा सम्बन्धी आयोजनाको काम ३४ प्रतिशत सम्पन्न भएको छ।
- काठमाण्डौ नीजगढ सडक निर्माणको लागि मुआब्जा वितरण, केही स्थानमा ट्र्याक खोल्न र EIA को कार्य भएको छ।
- तराई मधेशको पूर्वाधार विकासमा विशेष महत्व राख्ने हुलाकी राजमार्गको ३३ कि.मी. कालोपत्रे गरी ८ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।

- पूर्व पश्चिम राजमार्गको स्तरोन्नति गरी ४ लेनको बनाउने कार्यको विस्तृत डिजाइनको लागि परामर्शदाता छनौट सम्बन्धी कार्य भईरहेको छ।
- तराई मधेश रणनीतिक महत्वका र शहरी सडकहरुको निर्माण कार्यलाई निरन्तरता दिंदै ३० कि.मी. कालोपत्रे एंव ५० कि.मी. ग्राभेल गर्ने कार्य सम्पन्न भएको छ।
- मिथिला क्षेत्र सडक सुधार कार्यको ५ कि.मी. कालोपत्रे तथा १२ कि.मी. सडक ग्राभेल गरिएको छ।
- काठमाण्डौ उपत्यकाको सडक विस्तार अन्तरगत २३ कि.मी. सडक कालोपत्रे गरिएको छ।
- नेपालगंज नगरको बृहत चक्रपथ ०.८ कि.मी. कालोपत्रे सम्पन्न भएको छ।
- ६७ जिल्ला सदरमुकाममा कालोपत्रे सडक निर्माण सम्पन्न भएको र २ वटा जिल्लाको स्तरोन्नतिको कार्य भैरहेको छ।
- पुष्पलाल (मध्यपहाडी) लोकमार्ग अन्तर्गत २२ कि.मी. कालोपत्रे, ५५ कि.मी. ग्राभेल तथा १२ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।
- उत्तर दक्षिण लोकमार्गको कालिगण्डकी कोरिडरको १.७ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। कर्णाली कोरिडरको हिल्सा सिमीकोट खण्डमा ६ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। कोशी कोरिडर अन्तरगतको ५.५ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। भेरी र राप्ती कोरिडर निर्माणको लागि सम्भाव्यता अध्ययन सम्पन्न भई भेरी कोरिडरको दुनै मरिम तिन्जे धोको ७.५ कि.मी. ट्र्याक खोलिएको छ।
- रांके रवी भेडेटार, सल्लेघाट रामेछाप सांघुटार, चरिकोट जिरी, गैडाकोट रामपुर राम्दी लमही घोराही तुल्सीपुर कपुरकोट र भालुवाड वारदुला भिमगिठ्ठे सडक निर्माण कार्य शुरु भएको छ।
- जाजरकोट दुनै डोल्पा सडकको १०१ कि.मी., खुलालु लैफु सिमिकोट सडकको ४५ कि.मी. र सहजपुर बोगटान दिपायल सडकको ५ किमी ट्र्याक खोलिएको छ।
- सुर्खेत जुम्ला सडकको १० कि.मी. कालोपत्रे गरिएको छ।
- देवस्थल कनैडांडा चौरजहारी डोल्पा सडकको १ कि.मी. ग्राभेल तथा ०.४ कि.मी. कालोपत्रे गरिएको छ।

- महाकाली नदीमा पुल निर्माण गर्ने कार्यको लागि परामर्शदाताबाट अध्ययन भैरहेको छ।
- महाकाली राजमार्गको टिंकर दार्चुला खण्डको २ कि.मी. निर्माण सम्पन्न भएको छ। सेती राजमार्गको विभिन्न खण्डको ३० कि.मी. सडक निर्माण कार्यको लागि ठेक्का व्यवस्थापन गरिएको छ।
- टनकपुर लिंक सडकमा २ कि.मी. ग्राभेल तथा पाटन पन्चेश्वर सडकमा ५ कि.मी. ट्र्याक खोलिएको छ।
- लामो समय देखि ट्र्याक खोलिएका तर बाह्रै महिना सवारी साधन चल्न नसकेका देशभरका ५३ हजार कि.मी. सडकमा ६५ वटा पुल निर्माण सम्पन्न भएको छ।
- सूर्य विनायक धुलिखेल सडकलाई ६ लेनमा विस्तार गर्न अध्ययन कार्य शुरु भएको छ।
- थानकोट नौविसे सुरुङमार्ग निर्माणको लागि परामर्शदाता छनौट भएको छ।
- नारायणघाट मुग्लिंग सडक स्तरोन्नतिको ३५ प्रतिशत कार्य सम्पन्न भएको छ।
- कान्ति राजपथलाई मालबाहक सवारी साधन चल्ने बनाउने कार्य भैरहेको छ।
- गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेशी सडक स्तरोन्नति गरी २ लेनको बनाउन ठेक्का व्यवस्थापनको काम भईरहेको छ।
- धरान - चतरा - गाइघाट - कटारी - सिन्धुलीबजार - हेटौंडा सडक स्तरोन्नति गर्ने कार्यको ठेक्का व्यवस्थापनको काम भईरहेको छ।
- जोमसोम कोराला सडक दुई लेनको बनाउन ठेक्का व्यवस्थापन भएको छ।
- व्यापारिक मार्ग विस्तार गरी दक्षिणी नाका जोड्ने सडकहरुको ७ कि.मी. निर्माण तथा विस्तार गरिएको छ।
- सडक बोर्ड मार्फत सामरिक सडकहरु मध्ये ९२०० कि.मी. को मर्मत संभार र २५० कि.मी. सडकको आवधिक मर्मत संभार भएको छ।
- बर्दिवास सिमरा खण्डको रेल्वे ट्र्याक निर्माण कार्यको ३० कि.मी. ट्र्याक निर्माणको ठेक्का सम्पन्न भई निर्माण कार्य भईरहेको छ। कालिञ्जोर पुलको Foundation को ७ वटा Well Foundation को ८० प्रतिशत कार्य सम्पन्न भएको छ। १० वटा कलभर्ट निर्माण सम्पन्न भएको छ। क्रसवोर्डर निर्माण (जोगवनी विराटनगर १८ कि.मी. तथा जयनगर जनकपुर वर्दिवास ६९ कि.मी.) को ट्र्याक वेड निर्माणको ७० प्रतिशत कार्य सम्पन्न भएको छ।

- काठमाण्डौ उपत्यकामा मेट्रो रेलको सम्भाव्यता अध्ययनको (Feasibility Study) गर्ने कार्य सम्पन्न भई प्रतिवेदन तयार भएको छ।
- सिंहदरवार सचिवालयको गुरुयोजना बमोजिम सिंहदरवार क्षेत्र भित्रका भौतिक संरचनाहरु मर्मत संभार कार्य भईरहेको छ। यसबाट दैनिक करिब ५,००० सरकारी पदाधिकारी/कर्मचारी र सर्वसाधारण लाभान्वित हुने छन्।
- काठमाण्डौको धोविखोला क्षेत्रको दुवैपट्टि ९ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।
- काठमाण्डौ महानगरपालिका, शंखमुल, पाञ्चायनघाट, कालमोचन, वंशिघान र ललितपूर उपमहानगरपालिका वडा नं १, २, १० र २२ स्थित संयुक्त राष्ट्र संघ पार्क क्षेत्रको विभिन्न स्थानहरुमा रु. २ करोड २४ लाख ८१ हजारको लागतमा १५७६ रोपनी जग्गामा वृक्षारोपण तथा वातावरण संरक्षण सम्बन्धी कार्य भईरहेको छ।
- पर्यावरणीय दिगो विकास गर्न काठमाण्डौ महानगरपालिका वडा नं. १० र ११ वागमती दोभान देखि वडा नं ४ र ७ चावाहिल सम्म १०.५० कि. मि. सडक, ट्र्याक खोल्ने कार्य सम्पन्न गरी उक्त क्षेत्रको दायाँ बायाँ वृक्षारोपण तथा वातावरण संरक्षण कार्य गरिएको छ।
- विकासका दृष्टिले पछाडि पेरेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधार विकास गर्ने उद्देश्यले सामुदायिक तथा ग्रामीण विद्युत आयोजनामार्फत कार्यक्रम संचालन गर्न आ. व. २०७३।७४ को लागि रु. २ अर्व रकम विनियोजन भएको छ। साथै विद्युत क्षेत्र सम्बन्धी आयोजनाहरु निर्माण कार्य गर्दा वातावरणीय पक्षलाई ध्यान दिने गरिएको छ।
- विकास निर्माणको प्रक्रियामा स्थानीय सहभागिता अभिवृद्धि गर्न ग्रामीण खानेपानी आयोजनाहरु संचालन गर्दा २० देखि ३० प्रतिशत उपभोक्ताको तर्फबाट लागत साझेदारी अनिवार्य गरिएको छ।
- विकास निर्माणको प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्न लागत अनुमानको १० देखि ४० प्रतिशत सम्म समुदायले योगदान गर्ने गरी बाटो, सामुदायिक भवन, सूचना केन्द्र निर्माण तथा मठ मन्दिर मर्मत कार्यमा लागत सहभागिता प्रवर्द्धन गर्ने गरिएको छ।

- विकास निर्माणको प्रकृयामा स्थानीय सहभागिता अभिवृद्धि गर्न २ वटा जग्गा विकास कार्यक्रम र १२ वटा जग्गा एकीकरण आयोजना सम्पन्न भएका छन् भने ११ वटा जग्गा एकीकरण आयोजना संचालनमा रहेका छन्।
- वागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजना अन्तर्गत स्थानीय समुहसँगको सहकार्यमा काठमाडौंको शंखमुल क्षेत्रस्थित २ रोपनी जग्गा र अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति परिसरको करिव ६ रोपनीमा बाल उद्यान निर्माण सम्पन्न गरिएको छ।
- वागमती र धोविखोला किनारामा विभिन्न गैरसरकारी संस्थाहरुको सहकार्यमा ४०.०२ कि. मि. ढल निर्माण, ११.०५ कि. मि. सडक निर्माण र २१.३४ कि.मि. नदी तटवन्ध निर्माण सम्पन्न गरिएको छ।
- विकास निर्माणको प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्न सिँचाई नीति, २०७० र जल उत्पन्न प्रकोप नियन्त्रण नीति, २०७२ मा रहेका प्रावधान अनुसार विकास निर्माण कार्यमा जनसहभागिता जुटाउने व्यवस्थालाई अनुशरण गरिएको छ।
- अन्तरिक्ष प्रविधि तथा विज्ञान सम्बन्धमा विज्ञहरुको सुझाव लिने उद्देश्यले ११०० जनाको सहभागितामा ललितपूरमा ३ दिवसीय गोष्ठी सम्पन्न भएको छ।
- जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्न देहायबमोजिम उपलब्धि हासिल भएका छन्-

  क) प्रत्येक वर्ष जनसंख्या प्रतिवेदन अद्यावधिक गरी प्रकाशन गर्ने र जनसंख्या तथा विकास जर्नल प्रकाशन गर्ने गरिएको छ जस अनुसार ७५ जिल्लाको जनसंख्या प्रोफाईल उत्पादन भएको र ७५ जिल्लाको जनसंख्या सम्बन्धी Fact Sheet तयार भएको छ।

  ख) ७५ जिल्लामा जनसंख्या सूचना केन्द्र स्थापना भई सन्चालनमा रहेको, जनसंख्यासँग सम्बन्धी अध्ययन तथा अनुसन्धान अन्तरगत युवा तथा किशोर किशोरी सर्वेक्षण र ज्येष्ठ नागरिक सर्वेक्षण अन्तिम चरणमा पुगेको छ भने बसाई सराई सम्बन्धी सर्वेक्षणको कार्य शुरु गरिएको छ। भूकम्पबाट सामाजिक आर्थिक क्षेत्रमा परेको प्रभावको अध्ययन प्रतिवेदनको मस्यौदा तयार भएको छ।
- ग्रामीण उर्जा नीति, २०६३ नवीकरणीय उर्जा अनुदान नीति २०७३, नवीकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७० को कार्यान्वयन भईरहेको छ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट लघु तथा साना जलविद्युतवाट विद्युत उत्पादन २४,००० कि.वा., सौर्य विद्युत प्रणालीवाट १८,५८० कि.वा., र वायु उर्जा प्रणालीवाट ६४ कि.वा. बिद्युत उत्पादन भएको छ भने ३,६४,००० घरायसी वायोग्यास प्लान्ट, ७,२४,०००

सुधारिएको चुल्हो र संस्थागत तथा सामुदायिक २१ वटा वायोग्यास प्लान्ट जडान भएका छन्।

- जैविक उर्जा रणनीति तयार गर्ने नीति लिई जैविक उर्जाको दक्षतापूर्ण प्रयोग गर्दै उपलब्ध जैविक स्रोत र साधनको समुचित सदुपयोग गर्न तथा त्यसबाट वन जंगलको संरक्षणमा योगदान दिन, LPG ग्याँस तर्फ वढ्दै गइरहेको परनिर्भरतालाई कम गरी ईन्धन आयातमा कमी ल्याउन, आधुनिक जैविक उर्जाको विकास गरी उपयुक्त उर्जा समीश्रणमा योगदान दिन, सहरी क्षेत्रमा उत्पादन हुने फोहोर मैलाबाट उर्जा उत्पादन गरी फोहोरमैलाको व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले जैविक उर्जा रणनीति २०७३ तयार भई स्वीकृतीको क्रममा रहेको छ।

- नदी प्रवाह (Run off river) जलविद्युत आयोजनाहरुमा हुने थेग्रान (Sediment) व्यवस्थापन सम्बन्धी अध्ययन कार्य १५ प्रतिशत तथा पूर्वाधार आयोजनाहरुको Hydrological विश्लेषण सहितको निर्देशिका तयारी गर्ने कार्यको १० प्रतिशत कार्य सम्पन्न भइसकेको छ।

- DNA Extractor, Sample Diluter लगायतका वैज्ञानिक उपकरणको व्यवस्था तथा विधि विज्ञान प्रविधिको क्षमता अभिवृद्धि गरी ५०० (पाँच सय) वटा नमूना परीक्षण गरिएको छ।

- विद्यार्थीहरुमा भौतिक विज्ञान सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्न तनहुँको भिरकोटमा अवस्थित बाल विकास उच्च माध्यमिक विद्यालयमा करीव २५० जनाको सहभागितामा २ दिवसीय गोष्ठी सम्पन्न गरिएको छ।

- भौतिकशास्त्रमा अध्ययनरत क्याम्पस तहका ३१० जना विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई राष्ट्रिय वेधशालाबाट खगोलीय पिण्डहरुको अबलोकन सम्बन्धी अध्ययन गराइएको छ।

- नेपालका पूर्वी जिल्लाहरुबाट Anti diabetic Property भएका औषधीजन्य बिरुवा (Medicinal Plant) संकलन गरी Ethanolic निकासी गरेको र कृत्रिम निबंध मा In vitro essay गर्न सबै Consumable तयार गरिएको छ।

- कालाजार लागेका ४४ जना विरामीहरुको रगतको नमूनाहरु संकलन गरी १६ वटा नमूनाबाट Deoxyribo Nucleic Acid (DNA) Extraction गर्ने कार्य सम्पन्न गरिएको छ।
- ९५ वटा सुन्तला जातका नमूनाहरु संकलन गरी Polymerase Chain Reaction (PCR) प्रविधि प्रयोग गरी Huanglongbing (HLB) रोग परीक्षण गरिएको छ।
- जामूनाको विजलाई विभिन्न सल्वैट (Solvent) सँग मेथानोल निकाल्ने (Methanol extract) गरिएको छ। १२ वटा कोर्सेटिन योगिकहरुको संश्लेषण गरी तिनका Anti oxidant गुण मापन गरिएको छ। १४ वटा चालफोन यौगिकहरु संश्लेषण गरी तिनका गुणमापन गरिएको र ३ वटा एन्थ्रा कुनोनको संश्लेषण गरिएको छ।
- विभिन्न संघ/संस्थाबाट माग भए अनुसार वनस्पति, फलफूल र तरकारीका १६० वटा नमूनाहरुको परीक्षण गरिएको छ भने काठमाण्डौं उपत्यकाभित्र खाद्यवस्तु तरकारी तथा फलफूलहरुमा विषादीको मात्रा परीक्षण गरिएको छ।
- विभिन्न ७३३ स्थानबाट पानीको नमूना संकलन गरी त्यसको भौतिक रासायनिक र सूक्ष्म जैविक परीक्षण गरिएको छ।
- स्थानीयस्तरमा उपलव्ध वस्तुहरु सिस्नो, सल्लोको पात, पिस्टिया जातको जलविरुवा, उखुको बोक्रा आदिको धुलोबाट तयार पारिएको वायोग्यास प्रयोग गरी पानीबाट धातु तत्वहरु (फलाम, कपर, लीड, जिंक र मरकरी) हटाउने सम्बन्धी अनुसन्धान सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।
- प्रतिभाहरुलाई देश भित्रै अध्ययन अनुसन्धानको अवसर प्रदान गर्न विद्यावारिधी फेलोसिप र रिसर्च फलोसिप प्रदान गर्न छनौट कार्य भईरहेको छ भने आवश्यकता पहिचान गरी ५० (पचास) जनालाई उपयुक्त प्रविधि पहिचान गर्ने र सीपमूलक तालिम प्रदान गरिएको छ।
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा Natural Product Chemistry सम्बन्धी सेमिनार आयोजना गरिएको छ।
- माध्यामिक विद्यालयस्तरीय विज्ञान शिक्षण उपकरणहरु निर्माण गरी झापा, धनुषा, मकवानपुर, धादिङ्ग र गोरखा जिल्लाहरुमा प्रयोगात्मक कार्यशाला सम्पन्न गरी १०० जना विज्ञान शिक्षकहरुको क्षमता अभिबृद्धि भएको छ।

- राष्ट्रिय आश्यकतानुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सुलभ पहुँच सुनिश्चित गर्न तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्न इ-भिलेज तथा डिजिटल कन्टेन्ट कार्यक्रम अन्तर्गत २९ वटा इ-भिलेज केन्द्रहरु स्थापना गरिएको छ, यसबाट करिब ३००० व्यक्तिहरुले सेवा उपयोग गरेका छन्।
- कक्षा १० का इन्टरनेट पहुँच पुगेका विद्यालयका विद्यार्थीहरुको लागि अंग्रेजी, विज्ञान र गणित सम्बन्धी डिजिटल सामग्री विकास गरिएको छ। E-Attendance Software र Government Enterprise Architecture (GEA) र National Portal सबै सरकारी निकायहरुमा लागू गरी सबै मन्त्रालय र १० वटा इ-सेवा प्रदायकहरुको IT Audit गरिएको छ।
- १२८५ वटा सरकारी निकायहरुको वेवसाइट डोमेन रजिष्ट्रेशन कार्य सम्पन्न भएको छ। १३३ वटा निकायहरुमा इमेल सेवा विस्तार गरिएको छ भने सिंहदरवार प्रवेश व्यवस्थापनको लागि ४९ वट प्रवेश व्यवस्थापन सूचना प्रणाली विकास गरी गेट पास प्रणालीमा सुधार गरिएको छ। ५९६ वटा Web Hosting तथा ५४ वटा इन्टरनेट सेवा विस्तार कार्य सम्पन्न गरिएको छ। ५५ वटा सर्भर कोलोकेशन र ५ वटा सफ्टवेर डेभलपमेन्टका साथै ३४ वटा भिडियो कन्फरेन्सिङ्ग सेवा विस्तार गरिएको छ।
- सूचना तथा संचार प्रविधिबाट हुने कारोवारहरुलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउन डिजिटल हस्ताक्षरको प्रयोगको व्यवस्थापन गरिएको छ। यसबाट १५० वटा सरकारी कार्यालयहरु लाभान्वित भएका छन्।
- ७ जिल्लाका करिव ३००० जना व्यक्तिहरुको सहभागितामा डिजिटल हस्ताक्षरको प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।
- सूचना प्रविधिको माध्यमबाट हुने सूचनाको संकलन, संग्रहण, प्रसारण र प्रवाह तथा सबै कारोवारको सुरक्षित व्यवस्थापन गराउनुका साथै यस सम्बन्धी सचेतना कार्यक्रम अन्तर्गत सम्माननीय राष्ट्रपतिज्यूलाई विद्युतीय हस्ताक्षर टोकन प्रदान, हेटौंडामा विपद् रिकभरी केन्द्र (DRC) स्थापना र Radian Infotech P. Ltd. लाई विद्युतीय हस्ताक्षर प्रमाणित गर्ने आधिकारिक निकाय तोक्ने कार्य भएको छ।

- सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विषयहरुमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा यस क्षेत्रका विभिन्न निकायहरु बीच समन्वय समेत गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि परिषद्को गठन गरिएको छ। यस परिषद्को गठनबाट सूचना प्रविधिको उच्चतम उपयोग मार्फत राष्ट्रिय विकासमा योगदान पुग्ने छ।
- राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न ग्रामीण दूरसञ्चार विकास कोष मार्फत ४९ जिल्ला सदरमुकामसम्म अप्टिकल फाइवर सञ्जाल पुऱ्याइएको छ।
- डिजिटल साक्षरता वढाउन १२ वटा जिल्लाका सामुदायिक विद्यालयमा सामुदायिक सूचना केन्द्र र हुलाक सेवा विभाग अन्तर्गत ४०१ वटा टेलिसेन्टर स्थापना गरिएको छ। त्यसै गरी एस.डी. एफ. आयोजना अन्तर्गत ५२ जिल्लाको ८१ स्थानमा सूचना केन्द्र स्थापना गर्ने कार्यको ९० प्रतिशत प्रगति भएको छ। South Asian Sub-Regional Economic Cooperation (SASEC) सूचना राजमार्ग आयोजना अन्तर्गत ३० स्थानमा सूचना केन्द्र स्थापना गर्ने तथा १७० कि.मी. अप्टिकल फाइबर बिछ्याउने कार्यको ६५ प्रतिशत कार्य सम्पन्न भएको छ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई विधुतीय सूचना प्रणालीमा आवद्ध गरी सो सम्बन्धी सूचना तथा तथ्यांकको बहुउपयोग गर्न ४० गा.वि.स. र २७ न.पा.मा online व्यक्तिगत घटना दर्ता सम्बन्धी सफ्टवेयर जडान तथा सञ्चालन गरिएको छ। यसबाट जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने कार्यमा सहयोग पुग्नेछ।
- जनसांख्यिक तथ्याङ्कलाई आवधिक गर्दै विकास योजनामा आबद्ध गर्ने क्रममा पछिल्लो समयमा भएका जनगणना र सोको प्रक्षेपण, घरपरिवार सर्वेक्षण र व्यवस्थापन सूचना प्रणालीका तथ्याङ्कहरुलाई आधार मानी चौधौं योजना तयार गरिएको छ।

(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संम्वर्द्धन र उपयोग सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्व सूचित सहमतिजस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने।

२.२.७ प्राकृतिक साधन स्रोतको संरक्षण, संम्वर्द्धन र उपयोग सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धीहरु:

- राष्ट्रिय पुननिर्माणका क्रममा आवास तथा बस्ती विकास सम्बन्धी कार्यहरु गर्दा नयाँ, आधुनिक र सुरक्षित आवास तथा बस्ती विकासको अवधारणालाई अवलम्बन गरिएको छ।
- एकीकृत बस्ती विकासको लागि अध्ययन कार्य भईरहेको र सुरक्षित बस्ती विकासको लागि निरीक्षण मार्गदर्शन (Inspection Manual) तयार भएको छ।
- पुनर्निर्माणका क्रममा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) को सहयोगमा वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुल विकास निर्माण गर्न Post Disaster Recovery Framework (PDRF) लाई एकीकृत सामरिक पर्यावरण आँकलन (Integrated Strategic Environmental Assessment) मार्फत सहज रुपमा कार्यान्वयनमा लैजाने तयारी गरिएको छ।

- वन नीति २०७१, वन ऐन, २०४९ र वन नियमावली २०५१ कार्यान्वयनका सिलसिलामा सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम अन्तर्गत १८,९९० वन समूह गठन भै १७,९८,७२३ हेक्टर वन क्षेत्र समूहमा हस्तान्तरण हुनुका साथै ७५०९ कवुलियती वन समूह गठन भई ४३,२९३ हेक्टर वन क्षेत्र समूहमा हस्तान्तरण भएकोमा कूल २३,९२,७५५ घरधुरी लाभान्वित भएका छन्।
- दिगो वन व्यवस्थापन कार्यक्रम (साझेदारी वन व्यवस्थापन कार्यान्वयन) अन्तर्गत ११ जिल्लाका २४ वटा साझेदारी वनमा ६२,८२८ हेक्टरमा दिगो तथा वैज्ञानिक वन व्यस्थापन कार्यक्रम संचालनमा रहेको छ।
- प्राकृतिक, धार्मिक स्थलहरुको संरक्षण एवं हरियाली विकास कार्यक्रम अन्तर्गत १६ संरक्षित र ११ प्राकृतिक धार्मिक स्थलहरु संरक्षित भएका छन् यसबाट ५,८७,०६२ घरधुरी लाभान्वित भएका छन्।
- जडीबुटी विकास कार्यक्रम अन्तर्गत ९,६०,००० वटा गैह्रकाष्ठ प्रजातिका विरुवा उत्पादन तथा वितरण गरिएको छ।
- लौठसल्ला, टिमुर, सतुवा र सतावरी लगायतका जडिबुटी खेती विस्तारका लागि सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मकवानपुरका कृषकहरुलाई अनुदान प्रदान गरिएको छ।
- ७ जिल्लाका २१ वटा समूह तथा ५२ जना निजी तथा विपन्न कृषकहरुलाई जडीबुटी वृक्षारोपणका लागि प्रति बिरुवा क्रमशः रु ३ र रु ५ का दरले ढुवानी अनुदान सहयोग प्रदान गरिएको छ।
- **एक गाउँ एक उत्पादन** अन्तर्गत ७ जिल्लामा लौठसल्ला (इलाम), कुरिलो (धनुषा र कैलाली), चिराईतो (मकवानपुर), मेन्था (बाँके), टिमुर (सल्यान) र अतिस (जुम्ला) गरी जम्मा ६७,५०० बिरुवा उत्पादन भई वितरण भएको छ।
- ७ जिल्लाका ६४८ जना कृषक, व्यापारी, उद्यमी, मध्यस्थकर्ता आदिलाई आयमूलक जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी तालिम तथा गोष्ठीमा सहभागी गराईएको छ र १० जिल्लाका ३४ सामुदायिक विद्यालयका विद्यार्थीहरुको सहभागितामा जडिबुटी सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिएको छ।

- वनस्पति अध्ययन, अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत ९ जिल्लाका १० वटा समुदायहरुमा थामी समुदाय (इलाम), मुशहर समुदाय (धनुषा), चेपाङ समुदाय (मकवानपुर), काभ्रे र त्रिवेणीका स्थानीय समुदाय (सल्यान), थारु समुदाय (बाँके), खस समुदाय (जुम्ला), कठरिया समुदाय (कैलाली), घले र गुरुङ समुदाय (गोरखा), आम्ची समुदाय (मुस्ताङ) मा निहित जैविक स्रोत तथा वनस्पतीको परम्परागत ज्ञानको उपयोगको अभिलेखीकरण गरिएको छ।
- नेपाल व्यापार एकीकृत रणनीति वन कार्यक्रम अन्तर्गत समुदायमा असल जडीबुटी खेती प्रविधि हस्तान्तरणका लागि ५ प्रजाति (अतिश, लौठसल्ला, सतुवा, पिपला र सेतो मुशली) को प्रविधि प्रकाशनका लागि मस्यौदा तयार भएको छ भने प्रविधि विकास भईसकेका ४ वनस्पति प्रजाति (सुगन्धवाल, टिमुर, चिराइतो र तेजपात) खेतीबाट ५०५७ घरधुरी लाभान्वित भएका छन्। त्यस्तै भूकम्प पीडितलाई प्राथमिकता दिई सिन्धुपाल्चोक, रामेछाप र दोलखाका ४ जना व्यक्ति/संस्थालाई अनुदान सहयोग प्रदान गरी लौठसल्ला, चिराईतो र सतुवा खेती गराईएको छ।
- नेपाल जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०) अन्तर्गत तराई भू-परिधि कार्यक्रम सञ्चालन गरिएकोमा यसबाट तराई भू परिधि क्षेत्रमा रहेका जैविक मार्गहरुको व्यवस्थापन गर्ने काम भएको छ।
- विभिन्न बहुउपयोगी प्रजातिका १,१३,९४,००० विरुवा उत्पादन तथा वितरण गर्ने कार्य सम्पन्न भई जिल्ला वन समुहद्वारा ५२९ हेक्टरमा वृक्षारोपण भएको छ।
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण कार्यक्रम ७४ जिल्लामा संचालन भएको छ।
- संकटापन्न वन प्रजाति संरक्षण, अन्तर्गत १६ संकटापन्न प्रजाति संरक्षित भएका छन्।
- ४३ वटा वन बीउ वगैंचा व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ।
- कुल वन क्षेत्र ४४.७४ प्रतिशत (वन श्रोत सर्भेक्षण तथ्यांक २०७२) कायम भएको छ। २३ जिल्लामा ७०५ हेक्टर क्षेत्रफल अतिक्रमण हटाई खाली गरेको क्षेत्रमा तारबार र वृक्षारोपण गरी वन पुनर्स्थापना तथा संरक्षण गर्ने कार्य जारी रहेको छ भने अनुवंशिक स्रोत माथि पहूँच र लाभको बाडँफाडँ सम्बन्धी नागोयो प्रोटोकल व्यवस्थपिका संसदबाट अनुमोदनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

- वनस्पति संरक्षण तथा उद्यान विकास गर्न ८ जिल्लाका १० वटा वनस्पति उद्यान निर्माण गरी २८३२ प्रजातिका वनस्पतिहरु संरक्षण गरिएको जसमध्ये स्व-स्थानीय संरक्षण संख्या- ११४० प्रजाति र पर-स्थानीय संरक्षण संख्या- १६९२ प्रजाति रहेका छन्। त्यस्तै आ .व. ०७२/७३ मा ८ जिल्लाका ८ वटा वनस्पति उद्यानमा गरी जम्मा १० प्रजाति - सर्पगन्धा, अर्किड, लौठसल्ला, गुन्सी, जटामसी, साइकस, विजयसाल, भ्याकुर, सतुवा, रुख उन्यूका दुर्लभ तथा लोपोन्मुख प्रजातिको संरक्षण गरिएको छ।
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यकम अन्तर्गत चुरे क्षेत्रमा पहिचान गरिएका ४८ वटा नदी प्रणालीहरु मध्ये ७ वटा नदी प्रणालीहरुमा सिंचाई मन्त्रालय अन्तर्गतको जल उत्पन्न प्रकोप नियन्त्रण विभाग समेतको समन्वय तथा सहभागितामा सघन रुपमा चुरे क्षेत्रको जलाधार संरक्षण कार्यक्रम संचालनमा रहेको छ। यसबाट १ लाख ६८ हजार जना लाभान्वित भएका छन्।
- ३ जिल्ला (धनुषा, मकवानपुर र कैलाली) का चुरे क्षेत्रको १८.५ हेक्टर भिरालो जग्गामा जडीबुटीका बिरुवा रोपण भएको छ।
- आय आर्जन तथा जीविकोपार्जनका लागि चुरे क्षेत्रका नदी उकास क्षेत्रका विपन्नका लागि ४ जिल्ला (इलाम, धनुषा, बाँके र कैलाली) मा १२ वटा समूह गठन गरी कुरिलो, तेजपात, लेमनग्रास, क्यामोमाईल, सिट्रोनेला लगायतका जडीबुटी खेती गरिएको छ। ५ जिल्ला (इलाम, धनुषा, मकवानपुर, बाँके र कैलाली) मा चुरे क्षेत्रमा पाईने महत्वपूर्ण वनस्पतिहरु रोपण गरी प्रदर्शनी स्थल स्थापना तथा व्यवस्थापन गरिएको छ।
- वनस्पति सम्पदा अध्ययन, अनुसन्धान, संरक्षण तथा व्यवस्थापनका लागि रुपन्देहीमा रामापिथेकस वनस्पति उद्यान र सिरहामा सल्हेश फूलवारी वनस्पति उद्यानका संरचनाहरु निर्माण भएका छन्। यस कार्यबाट ५०५७ घरधुरी लाभान्वित भएका छन्।
- नेपालमा २३.३९ प्रतिशत भू-भाग संरक्षित क्षेत्रमा पर्दछ। हाल नेपालमा राष्ट्रिय निकुञ्ज अन्तर्गत मध्यवर्ती सामुदायिक वन ७६२ र कवुलियत वन ६५ वटा रहेका

छन्। यसबाट संरक्षित क्षेत्रमा वसोवास गर्ने ११,४२,५९९ जनसंख्या लाभान्वित भएका छन्।

- नदी वेसिनहरुको अद्यावधिक गुरुयोजना तयार गर्ने कार्य भैरहेको साथै आयोजनाबाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरुको लागि आयोजनाको स्वपूँजीको १० प्रतिशत शेयर दिने गरिएको छ।
- २०२० सम्म सम्पन्न गर्ने लक्ष्य सहित नदी वेसिन योजना तर्जुमा र जलविद्युत विकास गुरुयोजना अद्यावधिक गर्ने एवं त्यस्ता योजनाको रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन अन्तर्राष्ट्रिय परामर्शदाता मार्फत गराउन परामर्शदाता संस्थाहरुको अन्तिम सूची तयार गर्ने काम भईरहेको छ।
- वाग्मती नदी परियोजना अन्तर्गत सो नदी वेसिन क्षेत्रका जनता लाभान्वित हुने गरी सन् २०१८ सम्म सम्पन्न गर्ने लक्ष्य सहित Flood Forcasting and Early Warning प्रणाली स्थापना गर्ने र Water quality Monitoring System को कार्य भईरहेको छ।
- Hydropower Investment and Development Company Limited (HIDCL) बाट जलविद्युतमा लगानी भैईरहेको छ। त्यसका साथै जलविद्युत आयोजनाको शेयर अधिकतम जनतालाई सुनिश्चित गराउन "जनताको विद्युत जनताकै लगानी कम्पनी" मार्फत कार्य अगाडि बढाउन प्रबन्धपत्र र नियमावली तयार भएको छ।
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलश्रोतको बहुउपयोगी विकास गर्न सुनकोशी मरिन डाइभर्सनको विस्तृत कार्यक्रम सम्पन्न भईसकेको छ। कालिगण्डकी तिनाउ डाइभर्सन आयोजना र नौमुरे बहुउद्देश्यीय आयोजनाको प्रारम्भिक अध्ययन कार्य सम्पन्न भएको छ।
- बाग्मती सिँचाई आयोजनामा परीक्षणको रुपमा टेलिमेट्रिक प्रणालीमा उपकरण जडान कार्य भई रहेको छ।
- भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको १.३ कि.मी. पहुँच मार्ग र साइट क्याम्प निमार्ण कार्य सम्पनन्न भएको छ। यसबाट बाँके र वर्दिया जिल्लाको ५१००० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगी २,९८,००० जनसंख्या लाभन्वित हुने छन्। यसै गरी यस आयोजनाबाट ४८ मेगावाट बिजुली उत्पादन हुने छ।

- नवीकरणीय ऊर्जातर्फ ५०० वाट वा सोभन्दा बढी जडित क्षमतामा फोटो भोल्टेक सौर्य प्रणालीबाट उत्पादन भई बढी हुने विद्युत राष्ट्रिय ग्रीडको पहुँच पुगेको स्थानमा सम्भव भएसम्म Net Metering गर्ने कार्य अगाडि बढाइएको छ र २०० वाट वा सो भन्दा बढी क्षमताका सौर्य प्रणाली जडान गर्ने घरायसी वा व्यवसायिक उपभोक्तालाई रु. २०,०००।— अनुदान र सरल कर्जा उपलव्ध गराउने गरिएको छ। त्यसका साथै राष्ट्रिय प्रसारण ग्रीड कम्पनी दर्ता गर्ने कार्य प्रकृयामा रहेको छ।
- भरपर्दो उर्जाको आपूर्ति सुनिश्चित गरी उर्जाको समुचित प्रयोग गर्न नेपालमा जलविद्युतको संभाव्यताको पुनः मूल्याङ्कन गर्ने कार्य ४५ प्रतिशत सम्पन्न भएको छ।
- नगरक्षेत्रमा सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन मार्फत् राष्ट्रिय ग्रीड प्रणालीको विद्युत खपतको चापमा न्यूनीकरण गर्ने कार्यको थालनी गरिएको छ।
- जनसहभागितामा आधारित सौर्य ऊर्जा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्न विभिन्न ९६ वटा नगरपालिकाहरुमा ४४ हजार वटा सौर्य सडक बत्ती जडान गर्ने कार्य भईरहेको छ। उक्त कार्यक्रमबाट ३.२ मेगावट उर्जा उत्पादन हुनेछ।
- महेन्द्रनगर, नेपालगंज र पोखरामा सौर्य विकीरण मापन कार्य प्रारम्भ भएको छ। सोलार मोड्यूल सफा गर्ने प्रणालीको स्तरोन्नति गरी पेटेन्ट दर्ता सम्बन्धी कारवाही भईरहेको छ।
- भक्तपुरको वोडेमा रहेको ४० कि.वा. को सौर्य उर्जा प्रणालीलाई राष्ट्रिय प्रसारणमा जोड्न सम्भाव्यता अध्ययन पूरा भएको छ।
- विभिन्न धातुहरु डोपिंग (Doping) गरी Titanium dioxide नानो कणहरुको निर्माण, परीक्षण गरी नानो प्रविधि केन्द्र स्थापनाको पूर्वाधार विकास तथा नानो वस्तुहरुको प्रयोग सम्बन्धी प्रविधि विकासको मार्ग चित्र तयार गरिएको छ।
- विभिन्न थरीका तेलबाट वायो डिजेल उत्पादन गर्न एकपटकमा ३० लि. सम्म वायो डिजेल उत्पादन गर्न सक्ने प्लान्ट स्थापना गरिएको छ।
- दाङ र प्यूठानमा रहेका टावरबाट वायु उर्जाको तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ भने नेपालमा वायु उर्जाको सम्भाव्य स्थानको पहिचानको लागि अध्ययन भैरहेको छ।
- साना जलविद्युत आयोजनामा देखिने Sedimentation को समस्या समाधान गर्न फेवा हाईड्रो को Sedimentation को स्थलगत अध्ययन गरी थप अनुसन्धानको खाका तयार

गरिएको छ। त्यसैगरी साना जलविद्युत आयोजना र यसको उत्पादक अन्त प्रयोग (Productive End use) बाट हुने फाइदा बारेमा बाग्लुङ्ग तथा इलाममा कार्यशाला संचालन गरी प्राविधिक सन्देश प्रवाह गरिएको छ।

- काठमाण्डौं, गोरखा, कास्की, रुपन्देही र सिन्धुपाल्चोक जिल्लाहरुमा खेर गइरहेका प्लाष्टिकलाई प्रयोग (Regeneration) गरी डिजेलमा परिणत गर्न राष्ट्रिय क्षमता वृद्धि गर्ने उद्देश्यले तालिम र प्रचारात्मक कार्यक्रम संचालन तथा आवश्यक उपकरण (प्लान्ट) खरिद गर्ने र छुट्टै प्रयोगशाला निर्माणको नक्शा तयार गर्ने कार्य सम्पन्न भएको छ।
- सुस्ता क्षेत्र संरक्षणका लागि करीव १२०० मि. तटबन्ध निर्माण, नदी नियन्त्रण कार्यक्रम अन्तर्गत ८५७ कि.मी. तटवन्ध निर्माण कार्य सम्पन्न भएको छ। जनसहभागितामा आधारित जनताको तटवन्ध कार्यक्रम अन्तर्गत २३.३० कि.मी. तटवन्ध निर्माण भएको छ।
- पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम अन्तर्गत त्रियुगा, रावा, लिखु काशी, लिखु ताँदी, आँधी खोला, सेती (कास्की), भेरी, झिमरुक, रंगुन, सेती (डोटी), बुढी गंगा र जमाडी नदीको संरक्षण, सुदृढीकरण र व्यवस्थापन गरिएको छ।
- महाकाली नदी नियन्त्रण आयोजनामा Core Area मा २.४ कि.मि. RCC Retaining Wall र other area मा ३ कि.मी. तटबन्ध निर्माण, नारायणी नदी नियन्त्रण आयोजनामा २.० कि.मी.तटबन्ध र १२ वटा स्पर/स्टड निर्माण गरिएको छ भने कर्णाली नदी नियन्त्रण आयोजना अन्तर्गत २.८ कि.मी. तटबन्ध र ०.१३५ कि.मी. रिभेटमेन्ट निर्माण गरिएको छ। यसबाट जोखिममा रहेका बस्ती, खेतीयोग्य जमिनको संरक्षण कार्यमा टेवा पुगेको छ।
- स्थल विशेषमा गरिने प्रकोप नियन्त्रण कार्य अन्तर्गत करीव १५०० स्थानका नदी किनारा क्षेत्र संरक्षण, सुदृढीकरण र व्यवस्थापन गरिएको र ५०० स्थानहरुमा पहिरो र गेग्रान बहाव समस्याको न्यूनीकरण र व्यवस्थापन कार्य गरिएको छ। त्यस्तै गरी ९० वटा मझौला प्रकृतिका नदीहरुको विस्तृत अध्ययन प्रतिवेदन अनुसार नदी नियन्त्रण कार्य संचालन गरिएको छ।
- भारतीय सरकारको अनुदान सहयोगमा संचालित नदी नियन्त्रण योजनाहरुमा (कमला, बागमती, लालबकैया नदी) ०.५ कि.मी. तटवन्ध निर्माण सम्पन्न भएको र करीव ४ कि.मी. सडक ग्राभेलिङ्ग भएको छ। करीव ३०० स्थानहरुमा बस्ती/टार बजारको

संरक्षण तथा व्यवस्थापन कार्यहरु भएको छ। ९ वटा (भद्रपुर, गाईघाट, दिक्तेल, सिन्धुलीमाडी, तिलैराकोट, बेनी, धनगढी, चैनपुर र दुनै) जोखिमयुक्त जिल्ला सदरमुकामहरुको संरक्षण तथा व्यवस्थापन कार्य भएको छ भने सुस्ता क्षेत्रको संरक्षणकार्य अन्तर्गत करीव ७०० मि. तटबन्ध र २ वटा स्पर निर्माण गरिएको छ।

- कृषिका लागि सिंचित क्षेत्रको विस्तार गर्न रानीजमरा कुलरिया सिँचाई आयोजना, बबई सिँचाई आयोजना, सिक्टा सिँचाई आयोजना, महाकाली सिँचाई आयोजना, मझौला सिँचाई आयोजना, प्रगन्ना तथा बड्का पथ सिँचाई आयोजना, वाग्मती सिँचाई आयोजना, सुनसरी मोरङ सिँचाई आयोजना, भूमिगत स्यालो तथा डिप ट्युववेल सिंचाइ आयोजना, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, समुदाय व्यवस्थित सिँचित कृषि क्षेत्र आयोजना लगायतका विभिन्न सिँचाई आयोजनाहरु संचालनमा रहेका छन्।
- रानीजमरा कुलरिया सिंचाइ आयोजनाको ४५० मि. ब्यारेज निर्माण, ९५० मि. नहर लाईनीङ्ग, ६०० मि. लामो सेटलिंग बेसिनको ५६० मि. बेशमा ढलान, ४०० मि. नदी नियन्त्रण, शाखा नहरमा ५ वटा संरचना निमार्ण र ३ वटा पुल निमार्ण सम्पन्न भएको छ। यस आयोजनाबाट १६१००० जनसंख्या लाभान्वित हुने छन्।
- ववई सिँचाइ आयोजनाको २० कि.मी. रिमोडेलिङ तथा ब्रान्च सेकेन्डरी नहर निर्माण, ९ कि.मी. पश्चिमी मुलनहर विस्तार, २.८१ कि.मी. ग्रामीण र सर्भिस सडक निर्माण, ४ कि.मी. बाढीबाट क्षतिग्रस्त सिंचित क्षेत्र तथा संरचनाको लागि तटबन्ध निर्माण र बाढीबाट क्षतिग्रस्त साइफन पुनःनिर्माण कार्यक्रम सम्पन्न भएको छ। यो आयोजना सम्पन्न भएपछि २९८००० जनसंख्या लाभान्वित हुने छन्।
- सिक्टा सिँचाइ आयोजनाको दाँया मूल नहरको ३५ देखि ४५.२५ कि.मि. खण्डको ३५% कार्यसम्पन्न भएको छ। हेडवर्क्समा १८ वटा गेट फिटिङ्ग सम्बन्धी ९०% कार्यसम्पन्न भएको छ। सिधनिया शाखा नहरको ३५% कार्यसम्पन्न भई कमाण्ड क्षेत्र एवं नहर संरचनाहरुको संरक्षण गर्ने कार्य चालू रहेको छ। यसको लागि कूल ३१ हे. जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको छ। यो आयोजना सम्पन्न भएपछि बाँके जिल्लाका ४२,७७६ हे. जमिनमा सिंचाई सुविधा पुगी ४४९५५८ जनसंख्या लाभान्वित हुने छन्।
- महाकाली सिँचाइ आयोजनाको मूल नहरको चेनेज ३+००० देखि चेनेज ७+००० सम्म ८०% कार्य सम्पन्न भएको छ। मूलनहरको प्रथम ३ कि.मी. भित्रका स्ट्रक्चरहरु अन्तर्गत नहर साइफन २ वटा, ड्रेन साइफन ५ कि.मी., Village Road

Bridge (VRB) १ वटा सम्पन्न भएको छ। मूलनहरको ३+००० देखि १२+६९० कि.मि. भित्र पर्ने स्ट्रक्चरहरु अन्तर्गत नहर साइफन २ वटा, VRB १० वटा, ५ कि.मी. साइड ड्रेन, रिभर प्रोटेक्सन-२५०० मिटर सम्पन्न भएको छ। यो आयोजना सम्पन्न भएपछि कञ्चनपुर जिल्लाको ४५१२० हे. जमिनमा सिंचाई सुविधा पुगी १३२००० जनसंख्या लाभान्वित हुने छन्।

- प्रगन्ना तथा बड्का पथ सिंचाइ आयोजनाको स्पर/ स्टड निर्माण ७ वटा, रिभेटमेन्ट निर्माण ५५० मी,. Aqueduct १ वटा, नहर लाइनीङ्ग ३५० मी. र तटवन्ध निर्माण ३६० मि. सम्पन्न भएको छ। यो आयोजना सम्पन्न भएपछि दाङ्ग जिल्लाको ९८०० हे. जमिनमा सिंचाई उपलब्ध भई ७९७०७ जनसंख्या लाभान्वित हुने छन्।
- बागमती सिंचाइ आयोजना अन्तर्गत सिल्ट इजेक्टर निर्माण कार्य शुरु भएको छ। कमाण्ड क्षेत्र विकास कार्य, मूलनहर सुदृढीकरण कार्य र कमाण्ड क्षेत्र बचाव कार्य सम्पन्न भएको छ। प्रशाखा नहर र शाखा नहरमा नहर लाईनिङ्ग गर्ने कार्य र आउटलेट निर्माण कार्य सम्पन्न भएको छ। मूलनहर, शाखा नहर तथा प्रशाखा नहरमा नहर Reshaping and Bank Strengthening गर्ने कार्य सम्पन्न भएको छ। यो आयोजना सम्पन्न भएपछि रौतहट र सर्लाही जिल्लाको ४५,६०० हे. मा सिंचाई सुविधा पुगी २७८००० जनसंख्या लाभान्वित हुने छन्।
- सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गत Aqueduct Cum Weir निर्माण १ वटा, मूल नहरमा १०० कि.मी. सर्भिस रोड ग्राभलिङ्ग तथा प्याच मर्मत गरिएको छ। क्षतिग्रस्त शाखा, प्रशाखा, उपशाखा नहर निर्माण तथा मर्मत, स्पर/ स्टड निर्माण १ वटा र Spillway निर्माण १ वटा सम्पन्न भएको छ। यो आयोजनाबाट सम्पन्न भएपछि सुनसरी र मोरङ जिल्लाको ६८,००० हे. जमिनमा सिंचाई सुविधा पुगी १२०००० जनसंख्या लाभान्वित हुने छन्।
- सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका १४ वटा उपआयोजना सम्पन्न भई १,९९४ हेक्टर सिंचित क्षेत्र पुनर्स्थापन भएको छ। १८ वटा डिप ट्यूववेलको १ क्लस्टरबाट भूमिगत सिंचाईतर्फ ४६० हेक्टर सिंचित क्षेत्र पुनर्स्थापन भएको छ।
- समुदाय व्यवस्थित सिँचित कृषि क्षेत्र आयोजनामा ८ वटा उपआयोजना सम्पन्न भई ४४१ हेक्टर जमिनमा व्यवस्थित सिँचाइ सुविधा उपलब्ध भएको छ।
- मझौला सिँचाइ आयोजनामा २९ वटा योजनाबाट थप ३,८१४ हेक्टरमा जमिनमा सिँचाइ सुविधा भएको तथा ३२ वटा योजनाको पुन:स्थापना भई ५,०१६ हेक्टर क्षेत्रफलमा व्यवस्थित सिँचाइ सुविधा भएको छ।

- नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनामा ६९ वटा योजनाबाट १०२८ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइएको छ। ४ वटा योजना पुनर्स्थापन भई ४१ हेक्टर क्षेत्रफलमा व्यवस्थित सिँचाइ सुविधा उपलब्ध भएको छ।
- कर्णाली अञ्चल सिँचाइ विकास कार्यक्रममा ६९ वटा क्रमागत आयोजना रहेका मध्ये आंशिक रुपमा सम्पन्न भई २० हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुऱ्याइएको छ।
- सेती महाकाली सिँचाइ विकास कार्यक्रमका ११ वटा योजना सम्पन्न भई ११८ हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुऱ्याइएको छ। यसबाट ३३९ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुनर्स्थापन भएको छ।
- भूमिगत स्यालो तथा डिपट्युववेल सिंचाइ आयोजना अन्तर्गत ६,४६५ वटा स्यालो ट्युववेल र इनार निर्माण भई १६,१६३ हेक्टर जमिनमा सिंचाई सुविधा उपलब्ध भएको छ। ३६ वटा डिप ट्युववेल निर्माणबाट १,३०० हेक्टरमा थप सिंचाई सुविधा पुगेको छ।
- भारतीय सरकारको अनुदान सहयोगमा करीव १६५ कि.मी. तटवन्ध निर्माण कार्य सम्पन्न भई उक्त तटबन्धमा १२० कि.मी. सडक ग्राभेलिङ्ग समेत भएको छ।
- बस्ती/टार बजार संरक्षण कार्यक्रम अन्तर्गत करिब ३०० बस्ती/टार बजार संरक्षण तथा व्यवस्थापन कार्यहरु संचालन भइरहेका छन्, भने ९ वटा जोखिमयुक्त जिल्ला सदरमुकामहरुको संरक्षण तथा व्यवस्थापन कार्य समेत संचालन भइरहेको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्न २ वटा जनचेतना अभिवृद्धि, गोष्ठी संचालन गरिएको, १० वटा विभिन्न जलाधार क्षेत्रहरुको संरक्षण तथा ३ वटा भौतिक पूर्वाधार र संरक्षण कार्य भईरहेको छ।
- साना सिंचाई, नदी नियन्त्रण तथा अन्य पूर्वाधार परियोजना, साना सिँचाई आयोजना र पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरिएको छ।
- चुरे क्षेत्रमा जैविक विविधता सम्बन्धी अध्ययन/अनुसन्धान गर्न धनुषा जिल्लाको हरिपुर गाउँबाट ५१ वटा माटोको नमूना संकलन गरी प्रयोगशाला परीक्षण भई ३० वटा प्लटहरु तयार पारिएको छ।

- वातावरण संरक्षण नियमावली, २०५४ मा संशोधन गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति लगायतका प्रक्रियामा सरलीकरण, राष्ट्रिय गौरवका आयोजना, विपद् व्यवस्थापन सम्बन्धी आयोजना तथा नेपाल सरकारले तत्काल गर्नुपर्ने भनी तोकेका आयोजनाको हकमा प्रक्रिया छोट्याईएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०७२ तयार भई सरोकारवालाहरुको राय सुझाव लिने कार्य भईरहेको छ।
- पूरक वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०७१ लाई समसामयिक सुधार गरी EIA प्रक्रियामा सुधार ल्याउन सरलीकरण गर्ने प्रकृया भईरहेको छ। आ.व. ०७२/७३ मा प्रस्तावित ३६ वटा आयोजनाहरुको EIA र एउटा आयोजनाको IEE तथा २६ वटा आयोजनाहरुको SD/TOR प्रतिवेदन स्वीकृत भएको छ।
- सिमेण्ट उद्योगलाई आवश्यक पर्ने दैनिक ४ हजार ८ सय मेट्रिक टनसम्म चुनढुङ्गा उत्खनन गरी ३ हजार मेट्रिक टनसम्म क्लिङ्कर वा सिमेण्ट उत्पादन गर्ने उद्योग स्थापना गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरेर हुने व्यवस्था कार्यान्वयन गर्नका लागि वातावरण संरक्षण नियमावली, २०५४ अनुसूची १ र २ मा संशोधन गरिएको छ।
- वातावरणीय प्रदूषण र हानिकारक रसायन सुरक्षा सम्वन्धमा सम्वन्धित सरोकारवालाहरुसंग वैठकको आयोजना गरी हालसम्म जारी भएका मापदण्डको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्न जनसंख्या तथा वातावरण मन्त्रालयलाई,आयातमा लागू हुने मापदण्डलाई भन्सार बिन्दुहरुमा प्रभावकारी कार्यान्वयन गर्न अर्थ मन्त्रालयलाई साथै मापदण्ड विपरितका सामग्रीहरुको विक्रीवितरण हुन नदिन बजार अनुगमनमा प्रभावकारिता ल्याउन आपूर्ति मन्त्रालयलाई निर्देशन गरिएको छ।
- वन ऐन, २०४९ को दफा २० र वातावरण संरक्षण ऐन २०५३ एवं नियमावली २०५४ बमोजिम जिल्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन (प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन सहित) गर्ने क्रममा पाँच जिल्लाहरुको वन व्यवस्थापन कार्ययोजना तयारी गर्ने कार्य सम्पन्न भएको छ।
- वन ऐन २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२, वन नीति २०७१ क्रियाशील रहेका छन्। नेपालमा २३.३९ प्रतिशत भू भाग संरक्षित क्षेत्रमा पर्दछ भने ११,४२,५९९ जनसंख्या संरक्षित क्षेत्रमा वसोवास गर्ने गर्दछन्।

- नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा सम्वन्धित सरोकारवालाहरुको वैठकको आयोजना गरी फेवाताल र रुपातालको अतिक्रमण नियन्त्रण, प्रदूषण न्यूनीकरण, संरक्षण र विकासका लागि वन तथा भूसंरक्षण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई निर्देशन गरिएको छ।
- जिल्ला भू-संरक्षण कार्यक्रम, सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजना; राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम र पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना सञ्चालन गर्न वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउँदा पारिस्थितिकीय सेवा प्रयोग गरे वापत आयोजनाको तर्फबाट १ प्रतिशत वन तथा १ प्रतिशत भू-संरक्षण मन्त्रालयलाई Payment for Ecosystem Services वापत बुझाउनुपर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार व्यवस्था भई Payment for Ecosystem Services को मस्यौदा तयार भएको छ।
- राष्ट्रिय पर्यावरणीय सेवा भुक्तानी प्रणाली सम्बन्धी नीतिको मस्यौदा तयार भएको छ। रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम अन्तर्गत पनि प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरूको अध्ययन भईरहेको छ।
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम; राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम; सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम; जिल्ला भू-संरक्षण कार्यक्रम; सामुदायिक विकास तथा वन/जलाधार संरक्षण आयोजना; वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम; पहाडी साना किसानका लागि अनुकूलन आयोजना र पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकलन आयोजना जस्ता कार्यक्रमहरु संचालनमा रहेका छन्। सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रमबाट २३,९२,७५५ घरधुरी लाभान्वित भएका छन् भने भू-संरक्षण कार्यक्रमबाट मात्र ७,१७,९६१ जना प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।
- हरियाली प्रवर्द्धन तथा वृक्षारोपणका लागि तराईका ११ जिल्लाहरुमा वन दशक कार्यक्रम (२०७१-२०८०) सघन रुपमा संचालित छन्।
- वातावरण प्रदूषण नियन्त्रण एवं नियमन मापदण्डहरुको निर्माण एव. कार्यान्वयन गर्न वातावरण र जनस्वास्थ्यको रक्षाका लागि हाल २७ वटा मापदणडहरु निर्माण भई

कार्यान्वयन भईरहेको छ भने २ वटा नयाँ मापदण्डहरु बन्ने र २ वटा मापदण्डहरु पुनरावलोकन गर्ने कार्यहरु अन्तिम चरणमा पुगेको छ। यसै गरी आ.व. ७३।७४ मा थप ५ वटा मापदण्ड तथा निर्देशिका निर्माण गर्ने कार्यक्रम रहेको छ।

- नेपालको जलवायु परिवर्तनवाट परेको प्रभाव र परिवारहरुको अनुकूलित हुने क्षमता विकास गर्न नेपालका सुदुर पश्चिम र मध्यपश्चिमका १४ जिल्लाका ९० वटा गा.वि.स. र ७ वटा नगरपालिकामा १०० वटा स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनमा ल्याईएको छ।
- जल तथा मौसम पूर्वानुमान सेवालाई प्रबाभकारी गुणस्तरीय भरपर्दो र विश्वसनीय वनाउँदै सोको प्रयोगलाई कृषि, वन, जलवायु परिवर्तन लगायतका वहुआयामिक क्षेत्रमा प्रयोग गरिएको छ।
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा काठमाडौं उपत्यकाका ८ स्थानमा र उपत्यका वाहिरका ३ स्थानमा गरी जम्मा ११ स्थानमा हरियाली पार्क निर्माण भएको छ।
- ईन्धनबाट चल्ने सवारीको सट्टा विद्युतीय सवारी साधन एवं साईकल प्रयोगलाई प्रोत्साहन गर्न साईकल ऱ्याली तथा विद्युतीय सवारी साधनमा प्रयोग हुने व्याट्री आयातमा भन्सार छुटको सिफारिश गरिएको छ।
- काठमाण्डौ उपत्यकामा प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्यलाई निरन्तरता दिंदै उपत्यका बाहिर क्रमश विस्तार गर्न निरन्तर अनुगमन गरी जनचेतना फैलाउने र मापदण्ड विपरीतका प्लाष्टिक झोला जफत गर्ने, आवश्यक दण्ड जरीवाना गर्ने तथा विकल्पमा वातावरणमैत्री अन्य झोलाको प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरिएको छ।
- वातावरण प्रदूषण नियन्त्रण एवं नियमन सम्बन्धी अनुगमन एवं निरीक्षण गर्ने क्रममा विभिन्न जिल्लामा १२३ वटा उद्योग प्रतिष्ठानहरुको स्थलगत अनुगमन, ५ वटा आयोजनाहरुको वातावरणीय प्रभाव अनुगमन, ६ वटा आयोजनाहरुको वातावरणीय परीक्षण गरी मापदण्ड विपरीत प्रदूषण गर्ने प्रदूषकबाट क्षतिपूर्ति भराई मापदण्ड अनुरुप कार्य गर्न निर्देशन दिइएको छ।
- मौसम पूर्वानुमान तथा बाढी भविष्यवाँणी गर्न बबई र डुडुवा खोलाको बाढी जोखिम नक्सा तयार गरिएको छ भने टोल फ्री नं..११५५ बाट ८ वटा नदीहरुको बाढी

सम्बन्धी र ३४ वटा पहिरो जोखिमयुक्त स्थानको २४ घण्टे निशुल्क सेवा प्रवाह भएको छ। SMS मार्फत सूचना प्रवाह हुने व्यवस्था मिलाईएको छ। दैनिक दुई पटक गणितीय मौसम पूर्वानुमानको सूचना प्रवाह गर्ने गरिएको छ। सुर्खेतमा मौसमी राडार स्थापना गर्ने कार्य भईरहेको छ भने आगामी आर्थिक वर्षमा पाल्पा र उदयपुरमा २ वटा थप मौसमी राडार जडान गर्ने प्रक्रिया सुरु भएको छ।

- खतराको सूचीमा रहेको ईम्जा हिमतालको जलसतह ३ मिटर भन्दा बढीले घटाउन नेपाली सेना मार्फत निर्माण कार्य ८०% सम्पन्न भएको छ भने जल तथा मौसम विज्ञान विभाग र UNDP को सहकार्यमा च्छो रोल्पा हिमतालको पूर्वसूचना प्रणाली स्थापना गरिएको छ।
- ललितपुर जिल्लामा रहेको संयुक्त राष्ट्र संघ पार्कमा वृक्षारोपण तथा वातावरण संरक्षणको कार्य गरिएको छ। यसबाट काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिकाका सम्बन्धित वडामा वसोवास गर्ने व्यक्तिहरु लाभान्वित हुनुका साथै सौन्दर्यीकरणमा सकारात्मक प्रभाव परेको छ।
- ७४ जिल्लामा वन डढेलो प्रतिरोध पूर्व तयारी तथा नियन्त्रण व्यवस्थापन कार्यक्रम संचालन गरिएको छ भने भूकम्प प्रभावित क्षेत्रहरुमा जमिनको स्थायित्वको लागि बाँस रोपण कार्यक्रम अन्तर्गत १४ जिल्लामा ५५,००० वटा बाँस रोपिएको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्न भू तथा जलाधार संरक्षण विभागको प्राकृतिक प्रकोप व्यवस्थापन, आकस्मिक कार्यक्रम अन्तर्गत जापान सरकारबाट अनुदान स्वरुप प्राप्त ५०० मेट्रिक टन जि.आई तारमा ४५० मेट्रिक टन वितरण गरिसकिएको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न र पूर्व सूचना, तयारी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन सम्बन्धी ऐनको मस्यौदा तर्जुमा गरिएको छ। सेन्डाई फ्रेमवर्क अनुसारको राष्ट्रिय विपद् व्यवस्थापन कार्ययोजना तर्जुमा गर्ने कार्य शुरु गरिएको छ। स्थानीय तहमा थप मौसम सूचना प्रणाली तथा जल सतह मापन प्रणाली स्थापना र प्राकृतिक प्रकोप न्यूनीकरण गर्न सम्बन्धित जिल्लाहरुबाट कार्ययोजना बनाई लागू गरिएको छ।
- उद्धार तथा राहत वितरण गर्ने कार्यमा सम्पूर्ण निकायलाई परिचालन गर्नुका साथै जिल्लास्तरमा विपद् व्यवस्थापन कार्यलाई विस्तार गरिएको छ। विपद्को समयमा

प्रशंसनीय काम गरेका ५६,२६९ जना राष्ट्रसेवक एवं सर्वसाधारणलाई प्राकृतिक प्रकोप पीडितोद्धार पदक एवं प्रशंसापत्र वितरण गर्ने प्रबन्ध मिलाईएको छ।

- विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक विपद् सहन क्षमता भएको संरचना विस्तार गर्ने र नगरपालिकाहरुको विपद् जोखिम न्यूनीकरण योजना (DRR Plan) तयार गरी उक्त योजनालाई समग्र विकास योजना तर्जुमाको आधारको रुपमा स्थापित गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ। यसका लागि भवन निर्माण विनियमावली, बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ कार्यान्वयन गरिएको छ। २० वटा नगरपालिकाहरूमा भवन निर्माण विनियमावली अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। ६ वटा जिल्ला र ५ वटा नगरपालिकाहरुको प्रकोप जोखिम न्यूनीकरण (Disaster risk reduction, DRR) योजना तयार भएको छ।
- भूकम्पबाट अति प्रभावित १४ वटै जिल्लामा क्षतिको लगत संकलन, राहत वितरण एवं पुनर्निर्माण र पुनर्स्थापनामा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन्। भूकम्प पश्चातको पुनःनिर्माणको सम्बन्धमा निजी आवास पुननिर्माणका लागि ११ अर्व ७३ करोडको अख्तियारी पठाइसकिएको छ। भूकम्प प्रभावित जिल्लाहरू मध्ये १२ जिल्लामा ५,३३,१५५ जना लाभग्राही मध्ये २,५५,०३९ घरधुरीसँग अनुदान संझौता सम्पन्न भएको छ। २०७३ आषाढ मसान्तसम्म ३५२९२ घर धुरीले निजी आवास निर्माणको प्रथम किस्ता रू ५०,०००।— प्राप्त गरी कार्य प्रारम्भ गरेका छन्।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। विपद् जोखिम न्यूनीकरण र पूर्व तयारीको आवश्यक व्यवस्था गर्न तथा विपद् व्यवस्थापनलाई समग्र विकासको अभिन्न अंगका रुपमा मूल प्रवाहीकरण गर्न जिल्ला विपद जोखिम न्युनिकरण योजना तयार गरी जिल्लाको आवधिक योजनामा राख्ने व्यवस्था गरिएको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न काठमाण्डौ उपत्यकाका ८२ वटा स्थानमा सार्वजनिक जग्गा (खुल्ला क्षेत्र) पहिचान गरिएको छ।
- भूकम्पबाट प्रभावित प्रत्येक परिवारलाई राज्यबाट हुने सहयोग सम्बन्धी प्रावधानमा निश्चित मापदण्डभित्र रहेर एकरुपता कायम गर्न भूकम्पबाट प्रभावित संरचनाको

पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ वमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना भई प्राधिकरणबाट राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ र अनुदान वितरण कार्यविधि, २०७३ को मापदण्ड अनुरुप अनुदान वितरणको काम भईरहेको छ। सबै लाभग्राहीहरुलाई समान रुपमा निजी आवास निर्माण अनुदान रु. ३ लाख ३ किस्तामा दिने कार्य निरन्तर रहेको छ।

- पुनर्निर्माण र पुनस्थापनामा सहयोग गर्ने सिलसिलामा सामाजिक, धार्मिक जातीय वा अन्य कुनै प्रकारको खलल पार्ने प्रकृतिका कार्यहरु हुन नदिन गैरसरकारी संस्थाहरुको परिचालन सम्बन्धी कार्यविधि बनाई लागू गरिएको छ।
- पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा निरन्तरता दिन ऐनले व्यवस्था गरे बमोजिम जिल्ला समन्वय समितिको गठन गरिएको छ।
- ७४ जिल्लामा वन डढेलो प्रतिरोध पूर्व तयारी तथा नियन्त्रण व्यवस्थापन कार्यक्रम संचालन गरिएको छ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार राहत एवं पुर्नस्थापना गर्न धनकुटा, घोराही र तानसेन नगरपालिकाद्वारा संचालित ल्याण्डफिल साइटमा वातावरणीय प्रभाव अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ।
- उपग्रह (Satellite) बाट प्राप्त मौसम विज्ञान डाटा (Meteorological data) को प्रमाणीकरण (validation) र उपयोगिताको लागि डाटा विश्लेषण (Data Analysis) गरी वैज्ञानिक लेख (Scientific Article) को लागि पांडुलिपि (Manuscript) तयार गर्ने काम भैरहेको छ।
- नेपालको कृषि उत्पादनमा मौसमी खडेरीले ल्याउने ह्रास र त्यसको मुख्य कारणहरु पहिचान गर्न मौसमी खडेरीको अध्ययन गरी ५ वटा विकास क्षेत्रहरुको स्थितिबारे प्रतिवेदन तयार गरिएको छ। वार्षिक र मौसमी खडेरीबारे परिवर्तन र समानता अध्ययन भईरहेको र अन्नपूर्ण संरक्षण क्षेत्रका माटो कार्बन उत्सर्जन (Soil Carbon Emission) मापन गरी वार्षिक प्रतिवेदन तयार गरिएको छ।
- संखुवासभा, धनकुटा, पर्सा र सुर्खेतमा स्थानीय विद्यालय र जिल्ला प्रशासन कार्यालयको सहकार्यमा २०० जनालाई जलवायु परिवर्तन सम्बन्धी सचेतना गराइएको छ। त्यसैगरी जलवायु परिवर्तन सम्बन्धी सूचना तथा जानकारी संगालो प्रकाशित गरिएको छ। जलवायु परिवर्तन सम्बन्धी सामग्री संकलन तथा नेपाल

जलवायु परिवर्तन ज्ञान व्यवस्थापन केन्द्र (Nepal Climate Change Knowledge Managemant Center (NCCKMC) को Webpage अपडेट भईरहेको छ र जलवायु विकास पोर्टल (Climate and Development portal) लाई NCCMKC सँग लिंक (Link) गरिएको छ।

- मनमोहन कार्डियो भास्कुलर सेन्टरमा विकिरणकर्मीलाई Thermoluminescent Dosimetery (TLD) सेवा परीक्षणको रुपमा सम्पन्न गरिएको र यसबाट २४ जना विकीरणकर्मीले सो सुविधा प्राप्त गरिरहेका छन्।
- नानो सामाग्री (Nano Materials) सम्बन्धी अध्ययन अनुसन्धान अन्तर्गत Boron Doped Tioz, Nanoparticles of XRD, optical properties FTIR, Raman Spectra को अध्ययन प्रतिवेदन तयार गरिएको छ। त्यसैगरी सक्रिय नाइट्रोजन (Nitrogen Activation) सम्बन्धी शिविर र थिओ रसायन (Camp and theo Chemestry) विषय जर्नलमा प्रकाशित गरिएको छ।
- धादिङ्ग र नुवाकोट जिल्लामा पहिरो जाने सम्भावित स्थानहरुमा चिरा परेको ठाउँहरुको पहिचान गरी ६० जना भूगर्भशास्त्रका विद्यार्थीहरु र एक प्राध्यापक परिचालन गरी जोखिम न्यूनीकरणको कार्य सम्पन्न गरिएको छ।
- भूकम्पको प्रभाव न्यूनीकरण गर्न सुस्तकारी प्रविधिको विकास गरी ९ वटा जिल्लाहरु (लम्जुङ्ग, तनहुँ, गोरखा, धादिङ्ग, नुवाकोट, रसुवा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक) मा प्रदर्शन समेत गरिएको छ।
- चट्याङ्गको जोखिम न्यूनीकरणका लागि मकवानपुर जिल्लाका सरोकारवालाहरु वीच सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।
- लागत प्रभावी भूकम्प प्रतिरोधी (Cost Effective Earthquake Resistant) घरहरुको नमूना तयार पारी प्रदर्शन गर्ने तथा GPS (Global Positioning System) मा तथ्याङ्क संकलन र प्रणालीको मर्मत संभार गर्ने कार्य भएको छ।

(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने।

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने।

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने।

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने।

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने।

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने।

(९) स्वास्थ्य सेवालाई र्सवसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्ने।

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने।

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने।

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलबायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, संचय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।

(१३) आधारभूत बस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने।

(१४) यातायात सुविधामा नागरिकहरुको सरल सहज र समान पहुँच सुनिश्चत गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने।

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।

२.२.८ नागरिकका आधारभूत आवश्यकता सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धी:

- पशुपालन, सिभिल इन्जीनियरिङ, कम्प्युटर इन्जीनियरिङ, इलेक्ट्रिकल इन्जीनियरिङ र बाली विज्ञान विषयमा २४० निर्वाचन क्षेत्रका कम्तीमा एक सामुदायिक विद्यालयमा पाठ्यक्रम तर्जुमा गरी पठनपाठन प्रारम्भ गरिएको छ।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसयिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउन पाठ्यक्रम र पाठ्य सामाग्रीमा समयानुकूल सुधार गरिनुका साथै ३३२०० जना शिक्षकलाई तालिम दिइएको छ। यसबाट ७८ लाख विद्यार्थी लाभान्वित भएका छन्।
- २१४६० जना बेरोजगार युवालाई छोटो अवधिको सीपमूलक प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गरिएको छ। सो मध्ये करिब ५५ प्रतिशतले रोजगारी प्राप्त गरेका छन्।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् CTEVT का आंगिक र प्राइभेट गरी १८००० जना विद्यार्थीहरूले प्राविधिक एस एल सी दिएका छन्।
- CTEVT का आंगिक र निजी शैक्षिक सस्था मार्फत १३०२४ जना प्रशिक्षार्थीले प्राविधिक डिप्लोमा तालिम उपलब्ध गराइएको छ।
- ७१२४ जना बेरोजगार युवाले नतिजामा आधारित छोटो अवधिको तालिम, ४४०४ जनाले भौचरमा आधारित छोटो अवधिको तालिम प्राप्त गरेका छन भने ८०८६ जनाले अनौपचारिक रूपमा प्राप्त सीपको परीक्षण गरेका छन् र १४२ वटा निजी संस्थामा निजी क्षेत्रको लगानीलाई सेवामूलक बनाइएको छ।
- २०० वटा सामुदयिक विद्यालयमा सूचना र प्रविधि सहितको सिकाइ वातावरण निर्माण गरिएको छ।
- कक्षा ९ र १० को पाठ्यक्रममा साधारण व्यवसाय शीप (soft skill) समायोजन गरिएको छ।
- ५६०० वटा सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार सुधार गरिएको छ।
- कक्षा १ देखि १० सम्मका सामाजिक, नैतिक र अन्य विषयका पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीमा सामाजिक न्यायका विषयवस्तु समावेश गरिएको छ। यसबाट प्रत्यक्ष रुपमा विद्यालय तहका सबै विद्यार्थी (करिव ४३ लाख) लाभान्वित भएका छन्।

- जनक शिक्षा सामग्री केन्द्र तथा निजी क्षेत्रका प्रकाशकहरू परिचालन गरी सवै सामुदायिक विद्यालयहरुमा निशुल्क पाठ्यपुस्त वितरण गरिएको छ। यसबाट करिव ५५ लाख जना विद्यार्थी लाभान्वित भएका छन्।
- ४९६ वटा निजी क्षेत्रमा संचालित तालिम केन्द्र र शिक्षालयहरुको अनुगमन गरिएको छ।
- परीक्षणको क्रममा २१ जिल्लाका सामुदायिक विद्यालयहरुमा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यक्रम संचालन भईरहेको छ।
- धार्मिक प्रकृतिका विद्यालयहरुलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्न पाठ्यक्रम र पाठ्यपुस्तकमा मूल प्रवाहीकरण गरिएको छ। यसबाट १०९९ विद्यालय लाभान्वित भएका छन्।
- २४ वटा मातृ भाषामा कक्षा १ देखि ५ सम्मका विद्यार्थीका लागि पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी लागू गरिएको छ। २४ जिल्लाहरुमा बहुभाषिक शिक्षा कार्यक्रम लागू भएको छ।
- ३६२ विद्यालयहरुमा औपचारिक शिक्षाको अवसरबाट वञ्चित विद्यालय उमेर समूहका र युवा तथा प्रौढहरु लक्षित वैकल्पिक खुल्ला विद्यालय कार्यक्रम संचालन भइरहेको छ।
- विशेष आवश्यकता भएका बालबालिकाको लागि ३८० वटा स्रोतकक्षा संचालन भइरहेका छन् । साथै समाहित शिक्षा सम्बन्धी अडियो भिजुअल वृत्तचित्र (Audio Visual Documentry) विकास भईरहेको छ।
- संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड, २०७२ कार्यान्वयनमा रहेको छ र सोको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन संयन्त्र मार्फत अनुगमन भैरहेको छ।
- माध्यमिक तहको कक्षा ११ र १२ मा विभिन्न शीर्षकमा १५००० विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ। १७५ वटा सामुदायिक मा. वि. हरुलाई विज्ञान शिक्षामा अनुदान दिइएको छ। दुर्गम क्षेत्रका मा. वि. हरुमा विशेष सहयोग कार्यक्रम अन्तर्गत ३५ वटा विद्यालयहरुलाई विशेष सहयोग अनुदान प्रदान गरिएको छ।
- पाठ्यक्रम निर्माण एवं परिमार्जनतर्फ प्राविधिक धारतर्फको २४०० पूर्णाङ्कको नयाँ पाठ्क्रम निर्माण गरी लागू गरिएको छ।

- चिकित्सा शिक्षा सम्वन्धी नीति तर्जुमा उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०७२ सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद् सामाजिक समितिवाट भएका निर्णयहरु कार्यान्वयनको अनुगमन गरिएको।
- शैक्षिक सत्र २०७३ शुरु हुनु अगावै प्रत्येक विद्यार्थीहरुको हातमा पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितताका लागि आवश्यक व्यवस्था मिलाउन शिक्षा मन्त्रालयलाई निर्देशन गरिएको साथै मिति २०७३।२।९ मा शिक्षा मन्त्रालय र अन्तरनिकायहरुसंग बैठक बसी चालु शैक्षिक सत्रका लागि आबश्यक पाठ्यपुस्तक २०७३ जेठ २० सम्ममा सबै जिल्लामा पुऱ्याउने र आगामी शैक्षिक सत्रका लागि पाठ्यपुस्तक छाप्ने कार्ययोजना २०७३ जेठ मसान्तसम्म पेश गर्न शिक्षा मन्त्रालयलाई निर्देशन गरिएको छ।
- पुस्तकालय विकास कार्यक्रम अन्तर्गत ६५ वटा विद्यालयहरुमा पुस्तकालय विकास भएको छ। ४ वटामा पुस्तकालयलाई विकास अनुदान प्रदान गरिएको छ। ६ जिल्लामा पुस्तकालय तथा सूचना व्यवस्थापन तालीम सन्चालन गरिएको छ। यसबाट करिव ७०० जना विद्यार्थीहरु लाभान्वित भएका छन्।
- उच्च शिक्षाका विभिन्न विषयमा १३०० जना विद्यार्थीलाई छात्रवृति उपलब्ध गराइएको छ।
- स्थानीय तहमा नगर पुस्तकालयको स्थापना र सम्बर्द्धन गर्ने उद्देश्यले आ.व.०७२।७३ मा २८ वटा नगर सूचना केन्द्र एवं पुस्तकालयको स्थापना गरिएको छ।
- हाल नेपालभर कूल २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापित तथा सञ्चालित छन्। जसले निरन्तर तथा साक्षरता कक्षाहरु सञ्चालन गर्ने, नवसाक्षर महिलाहरुलाई समूहमा आवद्ध गरी आयआर्जनको काममा लाग्न उत्प्रेरणा जगाउने र सीपमूलक तालिमहरु सञ्चालन गर्दै आएको छ। यसबाट सामुदायिक सिकाइ केन्द्रहरु मार्फत निरन्तर शिक्षाको कूल ६९४५ वटा कक्षा मार्फत १४६०१० जना निरक्षर र नवसाक्षरहरु लाभान्वित भएका छन्।
- गोरखापत्र संस्थानको क्षेत्रीय प्रकाशन विराटनगरबाट शुरुवात गर्न पूर्वाधार तयार गर्ने कार्य प्रारम्भ गरिएको छ। नेपाल टेलिभिजनको कोहलपुर क्षेत्रीय प्रसारण

केन्द्रमा कार्यक्रम उत्पादन तथा प्रसारणको लागि जनशक्ति पठाउने कार्य सम्पन्न भएको छ।

- गोरखापत्र संस्थानबाट ३२ भाषामा समाचार प्रकाशन भईरहेको तथा रेडियो नेपालबाट २१ भाषामा कार्यक्रम प्रसारण भईरहेको छ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्न देशभर १३ वटा बर्थिङ सेन्टर निर्माण सम्पन्न भएको छ।
- १०१ वटा गा.वि.स. स्तरीय स्वास्थ्य चौकी निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण कार्य भईरहेको छ। निर्वाचन क्षेत्रस्तरमा प्राथमिक स्वास्थ्य केन्द्र (१५ शैय्या) अस्पताल दुईवटा सम्पन्न भएका छन्।
- नारायणी र डडेलधुरा उपक्षेत्रीय अस्पताल, पाँचथर, सोलुखुम्बु, सिन्धुली, म्याग्दी र बझाङ गरी ७ वटा अस्पतालहरु निर्माण सम्पन्न भएका छन्। यसै गरी कोशी अञ्चल अस्पताल, लुम्बिनी अञ्चल अस्पताल, सुनसरी जिल्ला अस्पताल र ओखलढुंगा जिल्ला अस्पतालमा थप भौतिक पूर्वाधार निर्माण गरी स्वास्थ्य सेवा विस्तार गरिएको छ।
- स्थानीय निकायसँगको समन्वयमा समुदायस्तरमा प्रत्येक वडामा कम्तिमा एक जना महिला स्वास्थ्य स्वयं सेविकाहरू परिचालन गरिएको छ। यस अन्तर्गत हाल ५१,४७० महिला स्वास्थ्य स्वयं सेविकाहरू परिचालन भएका छन्।
- परम्परागत चिकित्सा सुदृढीकारण कार्यक्रम अन्तर्गत क्षेत्रीय आयुर्वेद चिकित्सालय स्थापना एवं राष्ट्रिय जडिबुटी अध्ययन तथा प्रशोधन केन्द्र स्थापना गर्न गुणस्तरीय चूर्ण औषधि उत्पादन निर्देशिका बनाउने कार्य सम्पन्न भएको छ, भने पूरक चिकित्सा नीति निर्माणको क्रममा रहेको छ। देशभर दुईवटा केन्द्रीय र क्षेत्रीय अस्पताल, १४ आयुर्वेद अञ्चल अस्पताल र ६१ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र ३०५ औषधालयबाट सरकारी तवरमा आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराइएको छ। यसै गरी ललितपूरको हरिहरभवनमा होमिओ अस्पतालबाट सेवा प्रवाह भईरहेको छ।
- चिमलबाट पृथकीकरण गरिएको ३५ वटा पहिचान भएका ढुसीहरु (Identified Things, ITS Primer) प्रयोग गरी Genus तहसम्म आणविक पहिचान (Molecular Identification) भएको छ। सिरहा, धनुषा र सर्लाहीबाट कुरिलोको विभिन्न प्रजातिका

नमूनाहरु संकलन गरी विश्लेषण भैरहेको र सगरमाथा राष्ट्रिय निकुञ्जबाट औषधिजन्य वनस्पतिका नमूनाहरु संकलन र विश्लेषण गरिएको छ।

- दार्चुला र वैतडी जिल्लाका विभिन्न स्थानहरुबाट व्यापारिक महत्व भएका काफल, चुत्रो, भिमल, अमला वेडु, खनायो लगायत ८ वटा जंगली खाद्यफलको संकलन गरी तिनीहरुको एंटीओक्सिडेंट (Antioxidant) क्षमता Total Phenolic र Flavonoid को मात्रा पत्ता लगाइएको छ।
- दार्चुला, वैतडी र सोलुखुम्बु (सगरमाथा राष्ट्रिय निकुञ्ज) जिल्लाहरुबाट १० प्रकारका जंगली च्याउहरुको अध्ययन गरी महत्वपूर्ण च्याउहरुको जंगली जर्मप्लाज्माहरु प्रयोगशालामा संरक्षित गरी ३६ वटा ढुसी जातिका डाटावेस तयार गरिएको छ।
- Barcode of Wildlife Project (BWP) अन्तर्गतका २ जना कर्मचारीलाई सूचना (Informatics) तालिम प्रदान गरिएको छ।
- मध्य नेपालको तराई क्षेत्रका वन जंगलमा स्थलगत भ्रमण गरी ३५ प्रजातिको विउ विजन संकलन गरी प्रयोगशालामा भण्डारण गरिएको तथा ५ वटा समउष्ण प्रादेशिक प्रजातिको वीउ संकलन गरी अंकुरण (Germination) परीक्षण कार्य गरिएको छ।
- नसर्ने रोगको भार घटाउन समुदायमा आधारित कार्यान्वयनात्मक अनुसन्धान, समुदायमा आधारित ४ प्रमुख नसर्ने रोगहरको भार पत्ता लगाउन राष्ट्रिय अनुसन्धान, परम्परागत स्वास्थ्यकर्मी तथा उनीहरूले प्रदान गर्ने सेवा सम्बन्धी राष्ट्रिय अध्ययन र वजारमा उपलव्ध औषधी तथा नि:शुल्क स्वास्थ्य सेवा अन्तर्गत प्रदान गरिने औषधीको गुणस्तर तथा प्रभावकारिता सम्बन्धी राष्ट्रिय अनुसन्धान अन्तर्गत आधार लाइन सर्वेक्षण हस्तक्षेप (Base line Survey Intervention) को योजना तयार भएको छ। सुनसरी र सप्तरी जिल्लाबाट तथ्याङ्क संकलन भई वाँकी ६९ जिल्लामा संकलन कार्य भईरहेको छ।
- पाँच विकास क्षेत्रका पन्ध्र जिल्लाहरुमा औषधीको गुणस्तर (Quality of Drugs) को तथ्याङ्क संकलन कार्य पुरा गरी प्रतिवेदन तयारीको चरणमा रहेको छ।
- सवै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा वर्थिङ्ग सेन्टरहरुमा निशुल्क प्रसुति सेवा संचालन भईरहेको छ। यसबाट करिब ४ लाख महिलाले सेवा प्राप्त गरेका छन्।
- सवै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा वर्थिङ्ग सेन्टरहरु, घुम्ती क्याम्प तथा संस्थागत र सेटलाईट क्लिनिकबाट परिवार नियोजनका आधुनिक साधन उपलब्ध भइरहेका छन्। यसबाट करिब २५ लाख दम्पति लाभान्वित भएका छन्।

- सवै जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा हेल्थ पोष्टवाट सुत्केरी तथा नवजात शिशुहरुलाई न्यानो झोला वितरण गरिएको छ। यसबाट करिब २ लाख सुत्केरी तथा नवजात शिशु लाभान्वित भएका छन्।
- सवै सूचीकृत अस्पताल तथा स्वास्थ्य केन्द्रवाट सुरक्षित गर्भपतन सेवा संचालन भई करिब ८० हजार जनाले सेवा प्राप्त गरेका छन्।
- ५० वटा अस्पतालमा सेवा प्रदायक टिम करार गरी (Comprihensive Emergency Obstentric and Neo Natal Care -CEONC) सेवा संचालन गरिएको छ।
- अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा हेल्थ पोष्टहरुमा २४ घण्टा प्रसुति सेवा संचालनका लागि १८०० जना अनमी करारमा लिई सेवा संचालन गरिएको छ।
- अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा हेल्थ पोष्टमा प्रसुति गराएका करिब १ लाख १२ हजार महिलाहरुलाई प्रोटोकल अनुसार गर्भवती उत्प्रेरणा सेवा प्रदान गरिएको छ।
- दुर्गम क्षेत्रका ४ जना महिलाहरुलाई जटिलता व्यवस्थापनका लागि सुविधा सम्पन्न अस्पतालमा एयर भारोत्तोलन (Air Lifting) गरी उपचारको लागि पठाइएको छ।
- पाँच जिल्लाको समुदायस्तरमा र ४२ वटा अस्पतालमा भएका मातृ तथा पेरिनेटल मृत्युको निगरानी र प्रतिकार्य क्रियाकलाप संचालन गरिएको छ।
- सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य बीमा) कार्यक्रम लागु गर्दै जाने नीति लिइएकोमा हाल कैलाली, वाग्लुङ्ग, इलाम जिल्लामा सेवा प्रारम्भ भएको छ।
- मध्य पहाडी लोकमार्गमा १० वटा नयाँ सडक निर्माणका लागि पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ६ वटा शहरको एकीकृत विकास योजनाको प्रतिवेदन तयार भएको, ४ वटा शहरको फिल्ड प्रतिवेदन तयार भएको र वसन्तपुर र खुर्कोटको पहिलो चरणको विस्तृत परियोजना प्रस्तावको मस्यौदा तयार भएको छ।
- विभिन्न ११ वटा जिल्लाका ५० वटा स्थानमा सामूहिक आवास निर्माण कार्य संचालन भईरहेको छ। यसबाट ७५६ परिवारको लाभान्वित हुने छन्।
- हिमाली र पहाडी क्षेत्रमा एकीकृत र व्यवस्थित वस्ती विकास अन्तर्गत ९ वटा वस्ती विकास कार्यक्रम संचालनमा रहेका छन्।
- कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन आपूर्ति, संचय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्न नेपालको विभिन्न परिस्थितिबाट संकलित माटोका १२ वटा नमूना परीक्षण कार्य सम्पन्न भएको छ।

- म्याग्दी जिल्लाको तातोपानीबाट निकालिएका १५० वटा सूक्ष्म जीवाणुहरुको जैव रासायनिक कैरेक्टराइजेशन (Biochemical characterization) का लागि परीक्षण कार्य सम्पन्न भएको छ।
- औषधी जन्य वनस्पतिका १५ वटा प्रजातिको स्क्रिनिङ (Screening) कार्य सम्पन्न भएको छ।
- दुर्गम क्षेत्रका जनतालाई नेपाल खाद्य संस्थान, नेपाल आयल निगम, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, कृषि सामग्री कम्पनीजस्ता सार्वजनिक संस्थाहरु मार्फत दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्था मिलाईएको छ।
- एक घर एक धारा तथा एक घर एक शौचालय कार्यक्रम मार्फत ८३ प्रतिशत जनसंख्यामा आधारभूतस्तरको खानेपानी तथा ८१ प्रतिशत जनसंख्यामा आधारभूतस्तरको सरसफाई सुविधा पुगेको छ।
- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईंमा पहुँचको हक सुनिश्चित गर्न निम्न कार्यक्रमहरु कार्यान्वयन गरिएको छः
  - खानेपानी तथा सरसफाई कार्यक्रम कार्यान्वयन भई जम्मा ३ लाख ८७ हजार जनता खानेपानी सेवाबाट लाभान्वित भएका छन्। त्यसैगरी उच्च मध्यमस्तरीय खानेपानी आयोजना तथा खानेपानी गुणस्तर सुधार कार्यक्रम कार्यान्वयनबाट जम्मा ४८,४६९ उपभोक्ताहरु लाभान्वित भएका छन्।
  - शहरी क्षेत्रका उपभोक्ताहरुको सहलगानीमा ३० वटा आयोजनाहरु निर्माणाधीन, १०० वटा आयोजनाहरुको संभाव्यता अध्ययन प्रतिवेदन प्राप्त भई २० वटा आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण तयारी भएको छ।
  - दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अर्घाखाँची जिल्लाको खिदिममा सम्पन्न भई १८००० जनसंख्या लाभान्वित भएका छन्। अन्य ५ वटा आयोजनाहरुको अधिकांश निर्माण कार्य सम्पन्न भई पानी वितरण कार्य सुचारु गरिएको छ यसबाट ९१०० जनसंख्या लाभान्वित भएका छन्।
  - राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना मार्फत सन् २०१४ सम्मको खानेपानी तथा सरसफाई क्षेत्रको तथ्याङ्क अद्यावधिक गरिएको छ यसबाट खानेपानी पहुँचको अवस्था लगायतको विवरणको आधारमा आयोजनाहरु संचालन गर्न सहज हुनेछ।

- खानेपानी क्षेत्रमा कार्यरत ६०० जना जनशक्तिको क्षमता वृद्धिको कार्यक्रम संचालन गरिएको छ।
- ग्रामीण खानेपानी आयोजना कार्यक्रम मध्ये र सुदूर पश्चिमका ४ जिल्लामा संचालन गरिएको छ। यस कार्यक्रमबाट ९३७९ जना लाभान्वित भएका छन्।
- मुलुकभरका ५५ जिल्लामा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गतका ३९४ मध्ये १२३ वटा आयोजना सम्पन्न भई ८६१०० जनसंख्या लाभान्वित भएका छन्।
- मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको सुरुङ्ग निर्माण तथा पानी प्रशोधन केन्द्र निर्माण लगायतका अधिकांश कार्य तथा पानीको समानुपातिक र न्यायोचित वितरणको लागि संरचना निर्माण सहित १७९१६.१ मी. सुरुङ्ग निर्माण कार्य सम्पन्न गरिएको छ। त्यसैगरी मेलम्चीको पानीलाई व्यवस्थित रुपमा वितरण गर्न आयोजना कार्यान्वयन निर्देशनालयबाट कुल ६७० कि.मी. मध्ये ३७१ कि.मी. पाइप लाइन जडान गर्ने कार्य सम्पन्न भएको छ। कुल ४१ कि.मी. थोक वितरण मध्ये १७ कि.मी. पाइप लाइन जडान गर्ने कार्य सम्पन्न भएको छ। सोही आयोजनाबाट ६ वटा पानी पोखरीहरु निर्माणको ५५% कार्य सम्पन्न भएको छ।
- काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट बर्षात्को पानी सङ्कलन तथा पुर्नभरण कार्यक्रमबाट ६००० विद्यार्थीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।
- नेपाल खानेपानी संस्थानबाट खानेपानी उत्पादन वृद्धि, खानेपानी तथा ढल निकास पाइप लाइन विस्तार, उपरि टयांक (Overhead Tank) निर्माण सम्पन्न भई थप ४० हजार जनता लाभान्वित भएका छन्।
- बुटवलको झुम्साबाट ८ प्रति दिन लाख लिटर (Million liters per day, MLD) पानी ल्याउने कार्य अन्तिम चरणमा पुऱ्याइएको छ भने महोत्तरीको गौशालामा रहेको खानेपानी आयोजना पूरा गरी सेवा शुभारम्भ गरिएको छ।
- पोखरा उपमहानगरपालिकामा मर्दी मुहानको पानी शुद्धीकरणको लागि पानी प्रशोधन केन्द्रको लागि जग्गा खरिद कार्य भईरहेको छ।
- हालसम्म २१७५ गाविस, ११८ नपा र ३८ जिल्ला खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेका छन्। मुलुकभर सरदर ८१ प्रतिशत घरधूरीहरुमा

आधारभूतस्तरको घरायसी चर्पी निर्माण सम्पन्न भईसकेको छ। मानव विकास र सरसफाईको न्यूनता भएका तराई मधेशका ८ जिल्लाहरुमा घरायसी चर्पी निर्माण गर्दा अनुदान समेत प्रदान गर्ने गरिएको छ।

- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट खाद्य असुरक्षित दुर्गम एवं हिमाली जिल्लाहरुमा कामका लागि खाद्यान्न कार्यक्रममार्फत् विपन्न घरधुरीलाई खाद्यान्न उपलव्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रम अन्तर्गत आ.व. ०७२।७३ मा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम लागु भएका दुर्गम २१ जिल्लामा ७८९ मेट्रिक टन खाद्यान्न वितरण गरिएको छ।
- सार्वजनिक यातायातमा अवरोध हुन नदिन सुरक्षा निकायद्वारा स्कटिङ्ग तथा पिकेटिङ्गको व्यवस्था मिलाई सुरक्षा प्रदान गर्ने गरिएको छ। यातायात क्षेत्रमा भएका सिन्डिकेटलाई निरुत्साहित गरी प्रतिस्पर्धात्मक यातायातको व्यवस्थालाई व्यवस्थित गर्न नियमित अनुगमन गरी कारवाही गर्ने कार्य भइरहेको छ।
- ग्रामीण यातायात सुदृढीकरण आयोजना (SNRTP), विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम, ग्रामीण पहुँच कार्यक्रम आदि मार्फत् २०७३ साल जेष्ठ मसान्तसम्म २६५ कि.मी. ग्राभेल सडक, २२ कि.मी. कालोपत्रे सडक, ५० वटा सडक पुलहरुको निर्माण सम्पन्न भएको छ। यसबाट ११,६०० घरधुरी लाभान्वित हुनुका साथै १,७५,००० श्रमदिन रोजगारी सृजना भएको छ।
- नमूना एकीकृत वस्तु विकास कार्यक्रम अन्तर्गत विराटनगर, जनकपुर, काभ्रेपलाञ्चोक, वीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा शहरी पूर्वाधारहरुको विस्तार गर्ने क्रममा २१६.९५ कि. मी. सतही ढल तथा नाला निर्माण, ११.६०९ कि. मी. सडक निर्माण, ११४१ कि मी खानेपानी लाईन विस्तार, ४ वटा रिजर्भायर निर्माण र एउटा खानेपानी प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको छ।

(झ) श्रम तथा रोजगार सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने।

२.२.९ श्रम तथा रोजगार सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- मुलुकभित्रै वार्षिक करिब ४ लाख रोजगारी सिर्जना गर्ने, बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण गर्ने जस्ता लक्ष्यहरु राखी सो अनुकूल रणनीति एवं कार्यनीतिहरु तर्जुमा गरिएको छ।
- स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने उद्देश्य सहित व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरूबाट आधारभूत, आवासीय महिला, हलिया र मुक्त कमैयाकोलागि आवासीय र युवा स्वरोजगारका लागि ८०७२ जनालाई तालिम प्रदान गरिएको छ। यसबाट उद्यमशीलता विकास, सीप अभिवृद्धि र स्वरोजगार सिर्जना भएको छ।
- मर्यादित श्रमको अवधारणा अनुरुप श्रमिकको आधारभूत अधिकारको सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्न सामाजिक सुरक्षा सम्बन्धी विधेयक तयार गरी व्यवस्थापिका संसदमा दर्ता गरिएको छ। श्रमिकहरुका लागि सुरक्षित मातृत्व सम्बन्धी योजनाको कार्यविधि निर्माण भइसकेको र बिरामी, औषधोपचार र कार्यस्थल दुर्घटना योजनाको कार्यविधिको मस्यौदा तयार भएको छ।
- बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्यका लागि बालश्रम सम्बन्धी श्रव्यदृश्य कार्यक्रम सञ्चालन गरिएको छ। विराटनगर र चितवनका जरी, इटा भट्टा, ग्यारेज होटल लगायतका बालश्रम प्रयोग हुने क्षेत्रको अनुगमन गरिएको छ भने बालश्रम पुनर्स्थापना कोषमा अनुदान प्रवाह भएको छ।
- स्थानीय तहमा जिल्ला बाल कल्याण समिति मार्फत प्रमुख जिल्ला अधिकारीबाट बालश्रम रोक्ने कार्य निरन्तर रुपमा भईरहेको छ।

- व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्न न्यूनतम् पारिश्रमिक निर्धारण समितिमा श्रमिकको प्रतिनिधित्व रहने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको छ। चिया बगान र कारखानामा काम गर्ने कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ।
- वैदेशिक रोजगारमा जाने नेपाली युवाहरुलाई विभिन्न चरणमा हुने शोषण नियन्त्रण गर्न परराष्ट्र मन्त्रालयबाट स्थानीयस्तरसम्म web मा आधारित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने तथा अशक्त भएका, समस्यामा परेका र हिंसामा परेका कामदारहरुको शीघ्र उद्धारको व्यवस्था मिलाउन गैर आवासीय नेपाली संघ र नेपाली डायस्पोरालाई समेत सक्रियरुपमा परिचालन गर्ने गरिएको छ। रोजगारदाता मुलुकमा रहेका नेपाली नियोगहरुबाट यससँग सम्बन्धित १० वटा कार्यक्रमहरु सम्पन्न भएका छन्।
- आप्रवासी कामदारहरुको हक, हित, कल्याण र सुरक्षाका लागि प्रमुख गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता गर्न पहल गर्ने सन्दर्भमा नेपाल तथा साउदी अरब बीच आप्रवासी नेपाली कामदारहरुको हक, हित, कल्याण र सुरक्षाका लागि द्विपक्षीय श्रम सम्झौता गर्न पहल गरिएको छ।
- २०७३ असार ६ गते अफगानिस्तानको काबुलमा आतंककारीको आत्मघाती बम हमलामा परी मृत्यु भएका १३ जना नेपाली नागरिकहरुको पार्थिव शरीर र स्वदेश फिर्ता हुन चाहने नेपाली कामदारलाई विशेष विमान पठाई नेपाल फिर्ता ल्याइएको छ।
- वैदेशिक रोजगारमा जाने घरेलु कामदार सम्बन्धी निर्देशिका, २०७२ जारी भएको छ। सुरक्षित वैदेशिक रोजगारको विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। अभिमुखीकरण तथा सीप विकास तालिम प्रदान गर्ने संस्थाहरूको पूर्वाधार अनुगमन भएको छ। ११ जिल्लाका ६२ जना छात्रछात्रालाई वैदेशिक रोजगार छात्रवृत्ति प्रदान गरिएको छ। उल्लिखित कार्यक्रमबाट महिला घरेलु कामदारको लागि सुरक्षित वैदेशिक रोजगारको सुनिश्चिततामा वृद्धि भएको छ। वैदेशिक रोजगार सम्बन्धी चेतना अभिवृद्धि भएको र वैदेशिक रोजगारमा जाने परिवारका बालबालिकाको शिक्षामा पहुँच भएको छ।
- वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई उर्जा क्षेत्रको विकासमा उपयोग गर्न दुईवटा जलविद्युत आयोजनाहरुलाई सर्वेक्षण अनुमतिपत्र दिने कार्य अगाडि बढाई जलबिद्युत लगानी तथा विकास कम्पनी (HIDCL) को ५१ प्रतिशत, वैदेशिक रोजगारीमा गएका सर्वसाधारण नागरिकको २४ प्रतिशत,

सर्वसाधारण नागरिकको १५ प्रतिशत (५० प्रतिशत महिलाको लागि) र आयोजना प्रभावित जिल्लाका वासिन्दाको लागि १० प्रतिशत (५० प्रतिशत महिलाको लागि) शेयर रहने गरी स्थापना भएको छ।

- दाङ, कास्की, नुवाकोट सिन्धुली सिन्धुपाल्चोक उदयपुर, महोत्तरी, सिराहा र झापा गरी ९ जिल्लामा वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूलाई स्वयंसेवकको रुपमा परिचालन गरी वैदेशिक रोजगार सम्बन्धी चेतना स्थानीयस्तर सम्म पुऱ्याइएको छ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालनपोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वागीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने।

२.२.१० सामाजिक न्याय र समावेशीकरण सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था र उपलब्धीः

- सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी, गुणस्तरीय एवम् प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापना गर्न सघाउ पुऱ्याउने, ज्येष्ठ नागरिकहरूका सेवा सुविधाहरूको पहूँचलाई सहज बनाई उनीहरूलाई सुरक्षित र सम्मानित तुल्याउने, अपाङ्गताको आधारमा हुने सम्पूर्ण भेदभावहरूको अन्त्यका लागि शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूमा सहज पहूँच बढाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार गर्ने जस्ता लक्ष्यहरु राखी सो अनुरुप रणनीतिहरु तथा कार्यनीतिहरु तर्जुमा गरिएको।
- महिलाको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। यसका लागि स्थानीय निकायले महिला तथा पिछडिएको समुदायलाई बढी लाभ दिने प्रकृतिका आयोजनाहरु छनौट गर्न प्राथमिकता दिने गरिएको छ।
- नवलपरासी जिल्लामा पुनर्स्थापना केन्द्र संचालक र ८ जिल्लाका मानव बेचबिखन तथा ओसारपसार विरुद्धको विषय हेर्ने महिला तथा बालबालिका कार्यालयका सम्पर्क व्यक्ति र लेखापालहरु वीच २ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भई यस कार्यक्रमबाट ४२ जना लाभान्वित भएका छन्।

- कन्चनपुर, मुगु, सुर्खेत र वर्दिया जिल्लामा मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समिति र जिल्ला समितिका पदाधिकारीहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमबाट १६७ जना लाभान्वित भएका छन्।
- मुगु, सुर्खेत, हुम्ला, धनकुटा तेह्थुम र कैलाली जिल्लामा संचालित कार्यक्रम र झापा, सिन्धुपाल्चोक, रुपन्देही, बाँके, पर्सा जिल्लाहरुको पुनर्स्थापना केन्द्र अनुगमन गरिएको छ।
- मानव बेचबिखन विरुद्धको नारा "हामी सबै मिली गरौं विपद्को सामना मानव बेचबिखनको अन्त्य हाम्रो कर्तव्य र चाहना" सहित मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नवौं राष्ट्रिय दिवस भाद्र २०, सप्ताहव्यापी कार्यक्रम सहित सम्पन्न भएको छ।
- भूकम्पपश्चात मानव बेचबिखनको उच्च जोखिमलाई ध्यानमा राखी सीमा निगरानी तथा भारतसँगको सहकार्यलाई प्रभावकारी बनाउन झापा, चितवन र कञ्चनपुर जिल्लामा २३० जनाको सहभागितामा विभिन्न सरोकारावाला निकाय, गै.स.स तथा बाल क्लवका प्रतिनिधिहरुसँग अन्तर सीमा कार्यशाखा (Cross Border Workshop) सम्पन्न गरिएको छ।
- दिल्ली बिमानस्थल हुंदै कुर्दिस्तान, केन्या, तान्जानिया खाडी मुलुकको दुबई लगायत विभिन्न मुलुकमा अत्यन्त जोखीमपूर्ण कामको लागि पर्यटक र कलाकारको भीसा मिलाई तेस्रो मुलुक पुऱ्याउने क्रममा विभिन्न होटलहरुमा राखिएको अवस्थामा भारतीय प्रहरीको सहयोगबाट २७ जना युवतीहरुको उद्धार गरी स्वदेश फिर्ता ल्याई पुनर्स्थापनाको लागि माइती नेपालमा राख्ने व्यवस्था मिलाईएको छ।
- महिला हिंसा विरुद्धको १६ दिने अभियान (November 25 to December 10, 2016) मनाउने क्रममा गैरआवासीय नेपाली संघ (NRNA) का अध्यक्ष शेष घले, क्रिकेटर पारस खड्का र सिने नायक राजेश हमाललाई २ बर्षको लागि सद्भावना राजदुत नियुक्त गरिएको छ।
- लैगिंक हिंसा (निवारण) कोषमा रु. एक करोड रकम थप गरिएको छ। उक्त कोषबाट ७५ वटै जिल्लामा हालसम्म करिब २५०० जनाले राहत पाईसकेका छन्।
- हिंसा पीडित महिला तथा किशोरीलाई सुरक्षित पुनर्स्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुन:स्थापना केन्द्रको स्थापना गरिएको छ। हाल सो केन्द्रमा ११ जना हिंसा पीडित महिला रहनु भएको छ।

- व्यवस्थापिका संसदको "महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा समिति" का सदस्यहरुलाई हिंसाका कारण र परिणाम निवारणको संयन्त्रका सम्बन्धमा कार्यक्रम संचालन २ पटक कार्यक्रम संचालन गरिएको छ।
- लैंगिक हिंसा सम्बन्धमा भएका प्रावधान लगायतका विषयमा विभिन्न मन्त्रालय तथा संवैधानिक निकायका लैङ्गिक सम्पर्क व्यक्तिहरुलाई २ दिने अभिमुखीकरण कार्यक्रम गरिएको छ।
- सामाजिक कुरीति, दाइजो लगायत यौनजन्य हिंसा तथा महिला अधिकार सम्बन्धी विषयहरुमा छलफल कार्यक्रम राखी उक्त कार्यक्रमबाट करिव १००० जना लाभान्वित भएका छन्।
- महिलाहरुको हक अधिकार सम्बन्धमा सार्वजनिक सुनुवाई र विद्यालय तहसम्म महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी करिव ३००० जना लाभान्वित भएका छन्।
- घरेलु हिंसावाट प्रभावित महिलाका लागि सुरक्षित अल्पकालीन आश्रयसहितको १७ वटा जिल्ला सेवा केन्द्र र १२३ वटा सामुदायिक सेवा केन्द्र सञ्चालन भएका छन्।
- १,७२,८४२ जना एकल महिला र ४,८७,२८६ जना विधवालाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराइएको छ।
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्न गर्भवती महिला र नवजात शिशुको पोषण स्थितिमा सुधार ल्याउनका लागि मातृशिशुको स्वास्थ्य सुधार गर्ने कार्यक्रम रहे अनुरुप १५ जिल्लाका २९२ गा.वि.स.मा सुनौला हजार दिन आयोजना सञ्चालित छ। यस आयोजना अन्तर्गत स्थानीय समुदायबाट पोषण एवं स्वास्थ्य सुधार सम्बन्धी माग भएका १०० दिनमा सम्पन्न हुने गरी ती गा.वि.स. का प्रत्येक वडामा रु. १ लाखदेखि ३ लाखसम्मका पोषण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।
- बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्न भूकम्प अति प्रभावित तथा संकटग्रस्त १४ जिल्लाहरुमा आकस्मिक पोषण कार्यक्रम र खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गरिएको छ।
- ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, नेपाल प्रहरी महिला तथा बालबालिका सेवा निर्देशनालय र देशभरी २४० स्थानमा महिला तथा बालबालिका सेलको व्यवस्था भएको छ।

- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिन नीतिगत तथा कानुनी सुधार गर्ने र बालअधिकारका पक्षहरु (बचाउ संरक्षण विकास र सहभागिता) विषयमा आम समुदायलाई सचेतना कार्यक्रम सञ्चालन भएका छन्।
- बाल बिज्याईमा परेका बालबालिकाहरुलाई बालमैत्री न्यायका लागि ७५ जिल्लामा बाल ईजलाश गठन भएको छ। उक्त इजलासमा ३९५ मुद्धा दायर भएका छन्।
- कानुन बमोजिम सजाय पूरा गर्नु पर्ने २३० जना बालबालिकालाई वाल सुधारगृहमा राखी उनीहरुको आचरण सुधारका साथै शिक्षा र व्यावसायिक सीप सेवा उपलब्ध गराएको छ।
- सन् २०३० सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी गरिएको छ। यसको कार्यान्वयका लागि पहिलो चरणमा ५९ गा.वि.स मा बालविवाह विरुद्ध कार्यक्रम संचालन गरिएका छन्।
- देश भरि २२४५७ वाल क्लब गठन भई उनीहरुको सहभागितामा बाल अधिकारको प्रवर्द्धन र बालबालिकाको हिंसा विरुद्धमा उनीहरुको संलग्नता बढाइएको छ। यसमा ४ लाख ३१ हजार ९६० बालबालिका सहभागी छन्।
- काठमाडौ उपत्यकाका ३५१ सडक बालबालिकालाई उद्धार गरी बाल गृहमा राखिएको छ।
- हराएका र वेवारीस फेला परेका बालबालिकाको खोजी र उद्धार गर्न निशुल्क टेलिफोन नं १०४ (बालबालिका खोजतलास समन्वय केन्द्र) र १०९८ (वाल हेल्पलाईन) संचालन गरिएको छ।
- ७८६ बालबालिका हराएको उजुरी मध्ये ४९६ उजुरी व्यवस्थापन गरिएको छ भने वाँकी बालबालिकाको खोजी जारी छ।
- जिल्लामा सामुदायिक रेखदेखमा संकटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा, ५९ महिला सस्थामार्फत बालबिवाहविरुद्धको अभियान सञ्चालन भएका छन्।
- २७५७० मुक्त कमैया मध्ये २६४४० परिवारलाई पुनःस्थापन गरिएको छ। १६९५३ मुक्त हलिया मध्ये ११०१३ को प्रमाणीकरण र ८८८८ जनालाई परिचयपत्र वितरण गरिएको छ। ४८७ परिवारलाई जग्गा खरिद, ३३५ परिवारलाई घर निर्माण, ५८६ परिवारलाई घर मर्मत गरी पुनःस्थापन गरिएको छ।
- हरुवा, चरुवा पुनःस्थापनको लागि आयोग गठन गर्ने प्रस्ताव तयार भई मन्त्रिपरिषद्मा पठाउन तैयारी भएको छ।

- स्थानीय युवा साझेदारी कार्यक्रम अन्तर्गत युवाका क्षेत्रमा काम गर्ने ४३७ वटा गैरसरकारी संस्थाहरू मार्फत् ७५ वटै जिल्लामा स्थानीय युवा साझेदारी कार्यक्रम सञ्चालन भई ३५ हजार जना लाभान्वित भएका छन्।
- २४० वटै निर्वाचन क्षेत्रमा खेल प्रशिक्षणका लागि युवा स्वयं सेवक परिचालन गर्ने कार्यक्रम अन्तर्गत ७१ जिल्लाका २३३ निर्वाचन क्षेत्रमा खेल प्रशिक्षणका लागि २३३ जना युवा स्वंयसेवक परिचालन भएका छन्।
- अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवासँग सम्बन्धित २ संस्था र ७ जना युवा प्रतिभाहरूलाई रू.१ लाख नगद र ताम्रपत्रका साथ पुरष्कृत गरिएको छ।
- "पुनःनिर्माणमा युवाको सार्थक सहभागिता" भन्ने मूल नारा सहित युवासँग सम्वन्धित विभिन्न संघ संस्थाहरुसँगको समन्वय तथा सहकार्यमा अगष्ट १२, २०१५ का दिन केन्द्र तथा ५ विकास क्षेत्रमा अन्तर्राष्ट्रिय युवा दिवसको आयोजना गरिएकोमा उक्त कार्यक्रममा १००० जना सहभागी भएका छन्।
- अन्तर्राष्ट्रिय युवा दिवस २०१५ को अवसरमा खेलकुदका ११ जना प्रतिभाहरू मध्ये ७ जनालाई जनही रू. १ लाख र ४ जनालाई जनही रू. ५० हजार सहित ताम्रपत्र प्रदान गरिएको छ। यस कार्यक्रमबाट ११ जना लाभान्वित भएका छन्।
- बाह्य युवा अनुभव आदनप्रदान कार्यक्रम अन्तर्गत नेपाली युवा प्रतिनिधि मण्डलका ५० जना युवाले मित्र राष्ट्र चीनको भ्रमण गरेका छन् भने आन्तरिक युवा अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत डडेल्धुरा, बर्दिया र जाजरकोटका युवा समूहलाई पश्चिमाञ्चल विकास क्षेत्र र तनहुँ तथा रामेछापका युवा समूहलाई पूर्वाञ्चल विकास क्षेत्रको भ्रमण गराइएकोमा यस कार्यक्रमबाट ११४ जना लाभान्वित भएका छन्।
- १००० जना युवालाई सीपमूलक तालिम दिइ उद्यमशील बनाउनका लागि घरेलु विकास समितिसँग सम्झौता भई कार्य सम्पन्न भएको छ। यसबाट १०५४ जना लाभान्वित भएका छन्।
- युवासँग सम्बन्धित सूचनाहरू रेडियो नेपाल मार्फत् ५२ वटा श्रृंखलामा प्रसारण गरिनुका साथै विभिन्न FM हरू मार्फत् समेत प्रसारण गरिएको छ।
- राष्ट्रिय युवा नीति, २०६६ लाई समयानुकूल बनाउन सोलाई प्रतिस्थापन गरी राष्ट्रिय युवा नीति, २०७२ र युवाको चौतर्फी विकासका लागि युथ भिजन, २०२५ मन्त्रिपरिषद्बाट पारित भै कार्यन्वयनमा आएको छ।
- दुर्व्यसनमा लागेका युवालाई पुनर्स्थापना गर्ने संस्थाहरूसँग सहकार्य गरी राष्ट्रिय युवा परिषद्को सहयोगमा काठमाडौं, नेपालगञ्ज, पोखरा, धरान र धुलिखेलमा

मनोपरामर्श सेवा सञ्चालन भएको छ। यस कार्यक्रमबाट ३१० जना लाभान्वित भएका छन्।

- अगष्ट १२, २०१५ को अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय युवा परिषद ऐन, २०७२ लागु भएको छ। सो अनुसार राष्ट्रिय युवा परिषद्को गठन भई परिषद्को कार्यालय स्थापना भएको छ।
- जिल्लास्तरका ४५ जना प्रतिभावान युवा तथा उद्यमीहरूलाई ५० हजार नगद प्रदान गरी सम्मान गरिएको छ।
- सबै निर्वाचन क्षेत्रका १/१ जना स्काउट प्रशिक्षकलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण प्रदान गरिएको र उनीहरू मार्फत स्थानीयस्तरका ९ जिल्लामा विपद् व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ। यस कार्यक्रमबाट २४० जना लाभान्वित भएका छन्।
- परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने सन्दर्भमा ८०० जना आदिवासी जनजातिहरुलाई परम्परागत पेशा व्यवस्थापन र २५०० जनालाई आयआर्जन तथा लघुउद्यम प्रवर्द्धन गर्ने कार्यमा सहयोग गरिएको छ।
- राष्ट्रिय मुश्लिम आयोगबाट मुस्लिम समुदायलाई लोकसेवा आयोग परीक्षा तयारी तालीम सञ्चालन एवं मदरसा शिक्षाको अवस्था र प्रभावकारिताको अध्ययन सम्पन्न गरिएको छ।
- मानव बेचविखन नियन्त्रण विषय हेर्ने ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयका सम्पर्क व्यक्तिहरुलाई २ दिने क्षमता अभिवृद्धि अभिमुखीकरण र फोकल व्यक्तिहरुसँग अन्तर्क्रिया सम्पन्न भएको छ। यस कार्यक्रमबाट १०० जना लाभान्वित भएका छन्।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा पछाडि परेको समुदायको विकास गर्नका लागि लक्षित कार्यक्रम अन्तर्गत पिछडावर्गका युवाहरुलाई आधारभूत कम्प्युटर, मोटरसाइकल मर्मत, महिला आधारभूत सिलाई कटाई, लोकसेवा तयारी कक्षा सञ्चालन एवं छात्रवृत्ति वितरण गरिएको छ।
- गरिव घरपरिवार पहिचान र परिचय पत्र वितरण गर्न २५ जिल्लामा घर परिवार पहिचान गरी गुनासो सुनुवाईको कार्य समेत भएको छ।
- गरिवी निवारण सम्बन्धी सार्क विकास लक्ष्य (SDG) २०१४ को लेखाजोखा तथा प्रगति प्रतिवेदन तयार गरी सार्क सचिवालयमा पठाइएको छ।

- राष्ट्रिय गरिवी निवारण नीति, २०७३ को मस्यौदा तयार गरी सरोकारवाला ३४ वटा निकायहरुसँग राय, परामर्श माग गरी पठाउने कार्य गरिएको छ।
- उत्पीडित तथा पिछडिएका क्षेत्रका नागरिकको उत्थान सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको अवसर र लाभ उपलब्ध गराउन कर्णाली प्राविधिक शिक्षालय लगायतका प्राविधिक शिक्षालयहरुबाट Civil Engineering विषयमा अध्ययन गरेका प्रशिक्षार्थीहरुलाई खानेपानी तथा सरसफाई आयोजनाहरुमा निर्वाह भत्ता दिने गरी On the job Training मा राख्ने व्यवस्था मिलाइएको छ।
- सबै जिल्लाका सामुदायिक तथा निजी विद्यालयका विद्यार्थीहरूको सहभागितामा निर्वाचन क्षेत्र, जिल्ला विकास क्षेत्र र केन्द्रस्तरीयको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएका छन्। यस कार्यक्रमबाट केन्द्रमा ५२० जना र क्षेत्रमा ७०५० जना लाभान्वित भएका छन्।
- माध्यमिक विद्यालय स्तरीय छात्र/छात्रा फुटवल तथा क्रिकेट प्रतियोगिता अखिल नेपाल फुटवल संघ र नेपाल क्रिकेट संघ मार्फत् सम्पन्न भएको छ। यस कार्यक्रमबाट ११० लाभान्वित भएका छन्।
- फरक क्षमता भएका खेलाडीहरूका लागि पारा खेलकुदसँग सम्बन्धित १० वटा संघ संस्थाहरू मार्फत कार्यक्रम संचालन भई ४८७ जना लाभान्वित भएका छन्।
- पाँचवटै विकास क्षेत्रमा खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको सचेतना कार्यक्रम सञ्चालन भई यसबाट २०१ जना लाभान्वित भएका छन्।
- खेलकुद गुरू योजनाको मस्यौदा तयार भएको छ।
- पूर्वाञ्चल विकास क्षेत्रको १६ जिल्लाहरूमा खेलकुद पूर्वाधारहरूको Global Positioning System प्रणालीबाट सर्भेक्षण तथा नक्साकंन शुभारम्भ भएको छ।
- राष्ट्रिय टिम तयारी गर्न व्यक्तिगत प्रतिस्पर्धातर्फ पदक प्राप्त गर्न सम्भाव्य १२ खेलका १७० जना र क्रिकेटका राष्ट्रिय खेलाडीहरूलाई प्रशिक्षण प्रदान गरिएको छ। यस कार्यक्रमबाट १९५ जना लाभान्वित भएका छन्।
- विदेशी फुटबल प्रशिक्षकबाट खेलाडीहरूलाई प्रशिक्षण दिइएको छ।
- भलिबल, फुटबल, ब्याडमिन्टन, टेवलटेनिस र मार्सल आर्ट्सका खेल सामग्रीहरु खरिद गरी जिल्ला, क्षेत्र, केन्द्र र विभिन्न २३ वटा संस्थाहरुलाई वितरण गरिएको छ।

- टेवलटेनिसका १५, फुटबलका ९४ र क्रिकेटका १५१ समेत गरी २६० जना विद्यार्थीहरुलाई प्रत्येक शनिवार सातदोबाटो खेलकुद परिसरमा प्रारम्भिक प्रशिक्षण दिईंदै आएको छ।
- भारतको कोलकतामा क्योकुशिन करांते, थाइल्याण्डको बैंककमा सातौं विश्व शारीरिक सुगठन, बेलायतको सेफिल्डमा करांते च्याम्पियनसीप, थाइल्याण्डको बैंककमा विश्व मुआथाई प्रतियोगिता, श्रीलंकाको कोलम्बोमा विश्व जुनियर लनटेनिस प्रतियोगिता, युएईको आवुधवीमा इन्टरनेशनल कप बुद्धिचाल, उज्वेकिस्तानमा एशियन सिनियर जुडो च्याम्पियनसिप प्रतियोगिताहरुमा नेपालका खेलाडीहरु सहभागी भएका छन्। प्रथम दक्षिण एशियाली महिला बास्केटवल प्रतियोगिताको आयोजना नेपालमा सम्पन्न भएको छ।
- प्रथमदेखि एघारौं दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक विजेता खेलाडीहरु र अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई प्रोत्साहनस्वरुप नगद पुरस्कार प्रदान गरिएको छ। यस कार्यक्रमबाट १०० जना लाभान्वित भएका छन्।
- खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्र सञ्चालन गर्न ल्याब तथा फिजियोथेरापीका सामान र औषधी खरिद गरिएको तथा खेलाडीहरुको स्वास्थ्य परीक्षण कार्यक्रम शुरु गरिएको छ।
- भारतको सिलोङ र गुहाटीमा आयोजना भएको बाह्रौं दक्षिण एसियाली खेलकुदमा २३ खेलका खेलाडी, अफिसियल, व्यवस्थापक सहित ५२९ जना सहभागी भई ३ स्वर्ण, २३ रजत र ३४ कास्य गरी ६० पदक प्राप्त भएको छ।
- सातौं राष्ट्रिय खेलकुद प्रतियोगता आयोजना गर्नका लागि लोगो, मष्कट, गीत छनौट गरिएको छ। ७३ जिल्लामा जिल्ला स्तरीय छनौट प्रतियोगिता, पुर्वाञ्चलमा क्षेत्रीय बक्सिङ प्रतियोगिता तथा पौडी, ट्रायथलन, शारीरिक सुगठन र म्याराथनको राष्ट्रिय प्रतियोगिता सम्पन्न भएका छन्।
- कीर्तिपुर क्रिकेट मैदान स्तरोन्नति गर्न प्रथम चरणको ठेक्का सम्झौता अनुसारको कार्य सम्पन्न गरी दोस्रो चरणको कार्यका लागि बोलपत्र आव्हान गरिएको छ।

- मुलपानी क्रिकेटको जग्गा अधिग्रहणको सूचना प्रकाशन भई मुआव्जा वितरणका लागि रकम जिल्ला प्रशासन कार्यालयमा पठाइएको छ। मुलपानीमा क्रिकेट एकेडेमी निर्माण गर्न ठेक्का सम्झौता अनुसार मैदान र मैदानको ड्रेनेज निर्माणको कार्य सम्पन्न भई ३ ब्लक प्यारापीटको निर्माण कार्य भइरहेको छ।
- सातदोवाटोमा कराते एकेडेमी, तेक्वान्दो एकेडेमी र पोखरा बहुउद्देश्यीय कभर्डहल निर्माण कार्य भईरहेको छ।
- सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरुलाई संलग्न गराउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतलाई नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत परिचालन गर्नका लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।
- सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको स्थापना, स्वीकृति, संचालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरुलाई संलग्न गराउने कार्यलाई ध्यानमा राखी संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएका संस्थाहरुको अनुगमन गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ।

(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थताजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

(३) राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने।

२.२.११ न्याय र दण्ड व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धीहरु :

- न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने प्रभावकारी व्यवस्था सहित देहायका विधेयकहरु तर्जुमा गरी व्यवस्थापिका-संसदबाट पारित भई प्रमाणीकरण भएको :-
  - सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक,
  - न्याय सेवा आयोगको काम, कर्तव्य, अधिकार र कार्याविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
  - न्याय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,
  - न्याय परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,
- निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत नीतिको प्रारम्भिक मस्यौदा तयार भएको छ।
- कपिलवस्तु, सोलुखुम्बु, ताप्लेजुङ, पाँचथर, इलाम, मोरङ, लमजुङ र जुम्ला गरी ७ वटा जिल्लामा निःशुल्क कानूनी सहायता कार्यक्रमको प्रभावकारिता सम्बन्धी स्थलगत अनुगमन सम्पन्न गरिएको छ।
- केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिका काम कारवाहीका लागि १ करोड ३८ लाख रुपैया अनुदान उपलब्ध गराइएको छ।
- जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुने न्यायिक कार्य छिटो छरितो तथा निष्पक्ष बनाउन प्रमुख जिल्ला अधिकारीहरुलाई समय समयमा न्यायसेवा तालिमको व्यवस्था गरिएको छ।
- जेष्ठ नागरिकको हक सम्बन्धी विधेयकको मस्यौदा तयार गरी खाद्य सुरक्षा सम्बन्धी कानून र छुवाछुत तथा भेदभाव विरुद्धको कानूनको मस्यौदा तयारीको क्रममा रहेको छ।
- मेलमिलापलाई प्रभावकारी बनाई प्रोत्साहित गर्न मेलमिलाप सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७२ र मेलमिलापकर्ताको आचारसंहिता पारित गरी लागू गरिएको छ।
- सामुदायिक मेलमिलापलाई प्रवर्द्धन गर्न तत्सम्बन्धी निर्देशिका जारी गरी मध्यस्थता परिषद्लाई १ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको छ।
- विवाद समाधानका वैकल्पिक उपायहरु सम्बन्धी अन्तरक्रिया कार्यक्रम जुम्ला र कास्की जिल्लामा सम्पन्न गरिएका छन्।

- सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता, जस्ता वैकल्पिक उपायहरु अवलम्वन गर्न ७५ जिल्लामा जिल्लास्तरीय स्थानीय शान्ति समिति, १३५ नगरपालिकामा नगरस्तरीय र २७०० गाविसहरुमा गाविस स्तरीय स्थानीय शान्ति समिति गठन भएका छन्।
- समुदायस्तरमा उठेका सामान्य प्रकृतिका विवाद समाधानका लागि सरोकारवालाहरुको सहभागितामा सामुदायिक मेलमिलाप कार्यक्रम २५ जिल्लामा सञ्चालनमा रहेको छ।

(ठ) पर्यटन सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने।

२.२.१२ पर्यटन सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

- ६० वटा प्राचीन गुम्बा जीर्णोद्वार र ३५९ वटा गुम्बाहरुको मर्मत संभार गर्नुका साथै भूकम्पबाट क्षतिग्रस्त धार्मिक, सांस्कृतिक एवं पुरातात्विक विभिन्न सम्पदाहरुको स्थानीय निकाय मार्फत् पुनर्निर्माणको कार्य निरन्तर रुपमा भईरहेको छ।
- स्थानिय पर्यटन प्रवर्द्धनमा सघाउ पुर्याउने उद्देश्यले स्थानीय निकाय र अन्य बिभिन्न निकायको साझेदारीमा तनहुँ, कास्की र दाङ जिल्लामा होमस्टे सञ्चालन भएका छन्।
- पशुपती क्षेत्र विकास कोष मार्फत आर्यघाटमा विद्युत शवदाह गृह निर्माण कार्य सम्पन्न भई संचालन भईरहेको छ।
- लुम्बिनी विकास कोषको प्रशासनिक भवन र आगन्तुक सूचना केन्द्र (Visitor's Information System - VIS) निर्माण कार्य सम्पन्न भएको छ। कोष क्षेत्रका वन जंगल र त्यस क्षेत्र भित्रका बोधी वृक्षको संरक्षण कार्य भईरहेको छ। कपिलवस्तुका पुरातात्विक क्षेत्रहरु देवदह, रामग्राम तथा सैनामैनामा उत्खन्न तथा संरक्षण कार्य गरिएको छ।

- ग्रेट हिमालय ट्रेल (Great Himalayan Trail -GHT) तथा अन्य पर्यटकिय पदमार्गहरुमा शौचालय सहितका विश्राम गृहहरु लगायतका पूर्वाधारहरु निर्माण गरिएका छन्।
- हवाई नीति, २०६३ लाई परिमार्जन गर्न परामर्शदाता छनौट भई कार्य प्रारम्भ गरिएको छ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको लागि आवश्यक जग्गा अधिग्रहण सम्बन्धी कार्य भईरहेको छ। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्ग र टर्मिनल भवनको निर्माण कार्य प्रारम्भ भएको छ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको लागि थप जग्गा अधिग्रहण कार्य भईरहेको र आन्तरिक टर्मिनल भवन निर्माण गरी सेवा विस्तार गरिएको छ।
- महिला, युवा र पिछडिएको वर्गलाई लक्षित गरी क्षेत्रीयस्तरमा पर्यटन, होटल तथा लज व्यवस्थापन सम्बन्धी घुम्ती तालीम सम्पन्न गरिएको छ।

(ङ) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धमा भएको संवैधानिक व्यवस्था:

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने ।

२.२.१३ अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी व्यवस्था कार्यान्वयनको अवस्था तथा उपलब्धिहरु :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको केन्द्रिय अभिलेखमा देहायका ३८ वटा अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु दाखिला गरिएको छः-

- भारतसँग पेट्रोलियम पाइपलाइन निर्माण, सडक निर्माण, भूकम्प पछिको पुनर्निर्माण, पारवहन सम्झौता संशोधन, सांस्कृतिक आदानप्रदान लगायतका विषयमा सम्पन्न सम्झौता,
- जनवादी गणतन्त्र चीनसँग सिमानाका पुल निर्माण र मर्मत, आर्थिक, प्राविधिक सहयोग, पोखरा क्षेत्रीय विमानस्थल निर्माण, जलवायु परिवर्तनसँग सम्बन्धित सहयोग, पारवहन लगायतका विषयमा सम्पन्न सम्झौता,

- जर्मनीसँग वित्तीय क्षेत्रमा विशेष प्रतिबद्धता सम्बन्धी, ग्रामीण इलाकामा मातृ शिशु विकास, स्वास्थ्य क्षेत्रमा सहयोग, स्वीट्जरल्याण्डसँग व्यवसायिक प्रणाली कार्यक्रम र सीप प्रबर्द्धन सम्बन्धी, फिनल्याण्डसँग ग्रामीण खानेपानी विकास र बंगलादेशसँग नापतौल सम्बन्धी, जापानसँग आपतकालीन विद्यालय र हाउजिङ पुनर्निर्माण सम्बन्धी सम्पन्न सम्झौता,
- एसियाली विकास बैंकसँग भूकम्प सम्बन्धमा आपत्कालीन सहायता, काठमाडौं उपत्यका खानेपानी विकासका विषयमा सम्पन्न सम्झौता,
- विश्व बैंकसँग हाउजिङ पुनर्निर्माण, वित्तीय क्षेत्रको स्थायित्व, ऊर्जा क्षेत्र सुधार र दिगो जलविद्युत विकासका विषयमा सम्पन्न सम्झौता,
- ओपेक कोषसँग खानेपानी तथा सरसफाई सम्बन्धी सम्पन्न सम्झौता,
- अन्तर्राष्ट्रिय कृषि विकास कोषसँग ग्रामीण उद्यम र रेमिटेन्स सम्बन्धी सम्पन्न सम्झौता,
- संयुक्त अधिराज्य सरकारको अन्तर्राष्ट्रिय विकास विभागसँग वित्तीय सहयोग र प्राविधिक सहायता, स्वास्थ्य क्षेत्रमा सहयोग सम्बन्धी सम्पन्न सम्झौता,
- युरोपेली संघसँग पुनर्निर्माण सम्बन्धी सम्पन्न सम्झौता,
- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्बन्धी छलफल, बैठकको आयोजना र सहभागिता गर्ने कार्यक्रम अन्तर्गत केन्याको नैरोवीमा मंसिर २९ देखि पौष ३, २०७२ (तदनुसार १५-१८ डिसेम्बर, २०१५ सम्म) आयोजना भएको विश्व व्यापार संगठनको दशौं मन्त्रिस्तरीय सम्मेलनमा नेपालको सहभागिता भई उत्पतिको नियममा थप सुविधा, सेवा व्यापारमा छुट र विशेष रक्षा तंत्र (Special Safeguard Mechanism) जस्ता विषयमा निर्णय भएको छ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमण अवसरमा वाणिज्य सचिव स्तरमा निम्न ४ वटा प्रयासको स्तर (level of effort, LOE) हरुमा हस्ताक्षर भई उक्त (LOE) बाट नेपालको व्यापार सहजीकरण, वैकल्पिक वन्दरगाह र पारवहन सुविधामा सहजता कायम गर्न सहयोग पुग्ने छ।
  - Simplification of Modalities for Traffic-in-Transit between Nepal and Bangladesh through Kakarbhitta-Banglabandh Corridor.
  - Operationalisation of Traffic-in-Transit between Vishakhapatnam Port and Nepal (Amendment in Treaty of Transit)
  - Operationalisation of rail transit facility through Singhabad for Nepal's trade with and through Bangladesh
  - Operationalization of Traffic-in-Transit Through Rail Transport to/from Vishakhapatnam Port (Amendment in Rail Services Agreement)

- सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमणको क्रममा नेपाल चीन पारवहन सम्झौता तथा नेपाल चीन स्वतन्त्र व्यापार सम्झौताको संयुक्त सम्भाव्यता अध्ययनको ज्ञापनपत्र (Memorandum of Understanding, MOU) मा हस्ताक्षर सम्पन्न भएकोमा सो संझौताको कार्यान्वयनको लागि आवश्यक प्रोटोकलहरु तयार गर्ने कार्य भइरहेको छ।
- नेपाल र भारतका वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समूहको बैठक जुन २८ र २९ मा सम्पन्न भई दुवै देश वीचको व्यापार सहजीकरणलाई थप मजवुत बनाउने कार्य भएको छ।
- नेपाल सरकार र बंगलादेश सरकार बीच वाणिज्य सचिवस्तरीय वार्ता गरी निम्न उपलब्धी हासिल भएको छ।
  - नेपाल र बंगलादेश बीच व्यापार हुने वस्तुहरुको सन्दर्भमा एक आपसमा Duty Free/Preferential market उपलब्ध गराउने सम्बन्धमा छलफल गरी प्राविधिक समितिको बैठकबाट अन्तिम रुप दिने सहमती भएको छ।
  - स्वच्छता र पादपस्वच्छता उपाय को (Harmonization of Sanitary and Phytosanitary Measures(SPS) र "सत्य भनिएको थियो हुनुहोस्" (Truth Be Told, TBT) को सम्बन्धमा विस्तृत छलफल भई नेपालबंगलादेश बीच (TBT) को ज्ञापनपत्र (Memorandum of Understanding, MOU) मा हस्ताक्षर भएको छ।
  - व्यापार सहजीकरणका अन्य विषयहरुमा छलफल गरी सरलीकरण गर्ने विषयमा निर्णय भएको छ।
- जेनेभामा २०१६ जुन २३ देखि २४ सम्म आयोजना भएको अतिकम विकसित तथा भूपरिवेष्टित राष्ट्रका (LLDC) वाणिज्य मन्त्रीहरुको पाँचौ बैठकमा नेपालको तर्फबाट भूपरिवेष्टित राष्ट्रको रुपमा नेपालले व्यहोर्नु परेको समस्याहरु उठाइनुका साथै आगामी दिनमा यस्ता समस्याहरुसँग सामूहिक रुपमा जुध्नको लागि छलफल र निर्णयहरु भएको छ।
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार (TRIPS) सम्झौतामा अतिकम विकसित देशको हितमा रहेको दफा ३१ को संशोधन सम्बन्धी प्रोटोकल (Protocol) व्यवस्थापिका संसदबाट स्वीकृति भई WTO मा जानकारी गराइएको छ।

- अतिकम विकसित मुलुकको नाताले नेपालले विकसित मुलुकबाट प्राप्त गर्ने सेवा व्यापारमा छुटको विषयलाई अध्ययन गरी कार्यान्वयनको क्रममा रहेको छ।
- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापारबाट नेपालले पाउनसक्ने लाभको बारेमा विभिन्न निकाय तथा सरोकारवालाहरुसँग छलफल अन्तर्क्रिया गर्ने कार्यक्रम सम्पन्न गरिएको छ।
- नेपाल व्यापार एकीकृत रणनीति २०१० लाई पुनरावलोकन गरी नेपाल व्यापार एकीकृत रणनीति २०१६ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ।
- अमेरिकी सरकारबाट नेपाली उत्पादनका ६६ वस्तुहरुलाई कोटा रहित सुविधा प्रदान गर्ने नीति अनुरुप नेपालले उक्त सुविधा सहज रुपमा प्राप्त गर्न TIFA Council को दोश्रो बैठकमा व्यापार क्षमताको अभिवृद्धि, पूर्वाधार निर्माण, सेवा व्यापार, भन्सार तथा व्यापार सहजीकरण लगायतका विषयमा छलफल भई आगामी तेश्रो TIFA Council को बैठकमा त्यसको प्रगतिबारेमा छलफल हुने गरी निर्णय भएको छ।
- WTO/EIF को सहयोगमा जडिबुटी प्रवर्द्धन परियोजना सञ्चालनमा रहेको छ।
- युरोपियन युनियनको सहयोगमा व्यापार र निजी क्षेत्र विकास परियोजना (Trade and Private Sector Development Project (TPSD) मार्फत वाणिज्य नीतिको कार्यान्वयन तथा निर्यातजन्य वस्तुको गुणस्तर सुधारको लागि विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन्।
- सबै मित्रराष्ट्रहरु र खास गरी छिमेकी मुलुकहरु भारत र चीनसँगको मैत्रीपूर्ण सम्बन्धलाई पारस्परिक हित, समानता, सहयोग र सौहार्द्रताका आधारमा थप सुदृढ गर्न मित्रराष्ट्रहरु तथा संयुक्त राष्ट्रसंघका विभिन्न फोरमहरुमा निम्न भ्रमण तथा सहभागिता भई सहयोग पुगेको छ।
  - सम्माननीय उपराष्ट्रपतिज्यूबाट २०७३ साल जेठ २८ देखि असार २ गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण सम्पन्न भई नेपाल र चीनबीच उच्चस्तरमा समझदारी कायम हुन गई द्विपक्षीय सम्बन्धलाई अझ गाढा बनाउन मद्दत पुगेको छ।
  - सम्माननीय प्रधानमन्त्रीज्यूबाट २०७२ साल फागुन ७ देखि १२ गतेसम्म गणतन्त्र भारतको राजकीय भ्रमण सम्पन्न भई भूकम्प पश्चातको पुनर्निर्माणमा भारतीय अनुदानको उपयोग गर्ने सम्वन्धी समझदारी, तराईमा सडक पूर्वाधार (हुलाकी सडक) विस्तार सम्वन्धी समझदारी, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र भारतको संगीत नाटक एकाडेमीबीच सहयोग आदान प्रदान गर्ने

सम्बन्धी समझदारी, विशाखापट्नमसम्म सडक पारवहान उपयोग गर्ने सम्बन्धी समझदारी, विशाखापट्नमसम्म रेल पारवहान उपयोग गर्ने सम्बन्धी समझदारी, बंगलादेशको सिंहवादसम्मको रेल पारवहान उपयोग गर्ने सम्बन्धी समझदारी र फूलवारी बंगलावन्धको पारवहन सरलीकरण गर्ने सम्बन्धी सात वटा द्विपक्षीय सम्झौता तथा समझदारी सम्पन्न भएका छन्।

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट २०७२ साल चैत्र ७ देखि १४ गतेसम्म मित्र राष्ट्र जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गरी नेपाल र चीनबीच पारवहन यातायात सम्झौता, हिल्सास्थित सीमा नाका (कर्णाली नदी) मा चीनियाँ सहयोगमा पूल निर्माण सम्वन्धी सम्झौता, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्वन्धी ऋण तथा सहुलियतपूर्ण ऋण लिने सम्बन्धी विभिन्न तीनवटा सम्झौता, चीनियाँ सहयोगमा नेपालमा तेल र ग्याँसको अन्वेषणको संम्भाव्यता अध्ययन सम्बन्धी समझदारी पत्र, नेपाल र चीनबीच स्वतन्त्र व्यापार सम्झौताको वार्ता आरम्भ गर्ने सम्बन्धी संयुक्त संभाव्यता अध्ययन सम्बन्धी समझदारी पत्र, चीनियाँ सहयोगमा ३२,००० थान सोलार उपलव्ध गराउने सम्वन्धी समझदारीपत्र, ट्रेडमार्क दर्ता संरक्षण गर्ने विषयक समझदारीपत्र र वित्तीय तथा बैङ्किङ्ग क्षेत्रमा सहयोग आदान-प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर भएको छ।
- माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीबाट छिमेकी मित्रराष्ट्र भारतको दुई पटक, छिमेकी मित्रराष्ट्र चीन, मित्रराष्ट्र वेलायत, इजरायल र टर्कीको एक/एक पटक भ्रमण भएको छ। यसबाट नेपाल भारतबीच तत्काल देखिएको गतिरोध अन्त गर्न तथा द्विपक्षीय सम्बन्ध थप सुदृढ पार्न मद्दत मिलेको छ भने चीन, वेलायत र इजरायलसँगको द्विपक्षीय सम्बन्ध अझ प्रगाढ बनाउन सहयोग पुगेको छ। टर्कीमा सम्पन्न विश्व मानवीय शिखर सम्मेलनमा मानवीय सहयोग आदान प्रदानका लागि नेपालले प्रतिवद्धता जनाएको छ।
- सन् २०१५ नोभेम्बरमा स्वीट्जरल्याण्डमा आयोजना भएको मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक समीक्षाको २३ औं सेसनमा माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीको सहभागिता भई नेपालले मानव अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय समुदाय सामु आफ्नो प्रतिवद्धता पुनः जाहेर गरेको छ। यसैगरी २२ अप्रिल २०१६ मा संयुक्त राष्ट्र संघका महासचिवले संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना गर्नु भएको

जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौताको हस्ताक्षर समारोहमा भाग लिई हस्ताक्षर गर्नुभएको छ।

- छिमेकी मित्रराष्ट्र भारतसंग भएको समझदारी अनुरुप दुई देशबीचको सम्बन्धलाई परिवर्तित समय अनुकूल बनाउन तथा द्विपक्षीय सन्धि सम्झौताको अध्ययन गरी आवश्यक परिमार्जनका लागि दुवै देशको तर्फबाट ४-४ जना सदस्यहरु रहेको प्रबुद्ध समूहको गठन भई उक्त समूहको पहिलो बैठक २०७३ असारमा काठमाडौंमा सम्पन्न भएको छ। उक्त बैठकबाट दुई देशकाबीच भएका सन्धि सम्झौता लगायतका द्विपक्षीय सम्बन्धका विभिन्न विषयहरु पुनरावलोकन गर्न सहमति भएको छ।
- नेपाल र जापानका परराष्ट्र मन्त्रालयहरुबीच स्थापित परामर्श संयन्त्रको दोस्रो बैठक सन् २०१६ जुन २९ मा आयोजना भई द्विपक्षीय सम्बन्ध र सहयोगका कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि वढाउने र नेपाल जापान कूटनीतिक सम्बन्ध स्थापनाको हीरक महोत्सव (सन् २०१६) मनाउने विषयमा छलफल भएको छ।
- द्विपक्षीय सहयोग, व्यापार, लगानी, पर्यटन प्रबर्द्धन लगायत आपसी हितका विविध विषय एवं क्षेत्रीय र अन्तर्राष्ट्रिय मामिलामा नियमित छलफल गर्ने परामर्श संयन्त्र स्थापना गर्ने सिलसिलामा स्वीटजरल्याण्डसँग मिति ४ नोभेम्वर २०१५ र टर्कीसँग २३ मे २०१६ मा अलग अलग समझदारी पत्रहरुमा हस्ताक्षर गरिएको छ।
- नेपाल र युरोपेली युनियनका बीच मिति २४ नोभेम्वर २०१५ मा, नेपाल र संयुक्त अधिराज्यका बीच मिति १७ डिसेम्वर २०१५ मा तथा नेपाल र स्वीटजरल्याण्डका बीच मिति ३० मे २०१६ मा द्विपक्षीय परामर्श संयन्त्रका बैठकहरु सम्पन्न भएका छन्।
- नेपाल तथा इजरायलबीच परराष्ट्र मन्त्रालयस्तरमा द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्झौतामा परराष्ट्र सचिवस्तरमा हस्ताक्षर भएको छ।
- नेपाल र मोरक्कोबीच परराष्ट्र मन्त्रालयस्तरमा द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धमा अन्तिम लेखापढी भई मस्यौदा नेपाल सरकार मन्त्रिपरिषद्बाट अनुमोदन भैसकेको र हाल दुई देशलाई उपयुक्त हुने समय र स्थान तय गरी हस्ताक्षर हुन बाँकी रहेको छ।
- विभिन्न मुलुकसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध विस्तार गर्ने क्रममा क्यारेवियन मुलुक जमैकासंग १ अक्टुवर २०१५ मा र रिपब्लिक अफ गुयनासंग १३ मे २०१६ मा नेपालले दौत्य सम्बन्ध स्थापना गरेको छ।

- संक्रमणकालीन कार्ययोजना तयारी र परराष्ट्र सेवाको सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न परराष्ट्र सेवा ऐन विधेयकको प्रस्तावित मस्यौदामा आवश्यक परिमार्जन सहित तयार गरी पेश गर्न एक कार्यदलको गठन भएकोमा सो कार्यदलले आफ्नो मस्यौदा पेश गरेको छ।
- कूटनीतिक आचार संहिता २०६८ को परिमार्जन गरी कूटनीतिक आचार संहिता २०७२ को मस्यौदा तयार भई स्वीकृतिको प्रक्रियामा रहेको छ।
- बेल्जियम, ब्राजिल, क्यानडा, चीन, डेनमार्क, इजिप्ट, जर्मनी, इजरायल, कोरिया, म्यान्मर, ओमान, पाकिस्तान, रसिया, श्रीलङ्का, थाइल्याण्ड, संयुक्त अधिराज्य, अमेरिका, जेनेभा र कोलकातामा विनाशकारी भूकम्पपछि पर्यटन उद्योगमा पर्न गएको नकारात्मक प्रभाव कम गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिएको छ।
- कोरिया, कुवेत, मलेसिया, ओमान र ल्हासामा रोजगारीको संभावनाको खोजी तथा व्यवस्थापन साथै श्रमिकको हकहित संरक्षण कार्यक्रम सञ्चालन गरिएका छन्।
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका नियोगहरु तथा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको संरचनालाई पुनरावलोकन गर्न स्वतन्त्र विज्ञहरुबाट अध्ययन गराई प्रतिवेदन प्राप्त भएको र ती प्रतिवेदनलाई कार्यान्वयनमा लैजान आवश्यक तयारी आरम्भ गरिएको छ।

२.३ राज्यको दायित्व कार्यान्वयन अवस्था

राज्यको दायित्व सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

नेपालको संविधानको धारा ५२ ले राज्यले पूरा गर्नु पर्ने दायित्वको सम्बन्धमा व्यवस्था गरेको छ। लोककल्याणकारी राज्यको अवधारणा अनुसार केही आधारभूत शर्तहरु जुन राज्यले पूरा गर्नै पर्ने हुन्छ, यीनै कुराहरुलाई राज्यको दायित्वको रुपमा स्वीकार गरिएको छ। यस धारामा व्यवस्था भए अनुसार राज्यका निम्नलिखित संवैधानिक दायित्वहरु किटान गरिएको छ।

- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्नु राज्यको सर्वोपरी दायित्वको रुपमा लिइएको छ।
- नागरिकका मौलिक हकहरु तथा विश्वव्यापी मानव अधिकारसँग सम्बन्धित दायित्वहरु पूरा गर्नै पर्ने गरी अर्को दायित्व रहेको छ।
- संविधानको धारा ५० मा व्यवस्थित राज्यका निर्देशक सिद्धान्तहरुको अनुशरण गर्दै धारा ५१ बमोजिमका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै जानु अर्को दायित्वको रुपमा स्वीकार गरिएको छ।
- संविधानको भाग ४ मा उल्लेखित सिद्धान्तहरु, नीतिहरु र दायित्वहरु राज्यको उपलब्ध श्रोत साधन र क्षमताको अधिकतम उपयोग गरी क्रमशः कार्यान्वयन गर्दै जाने र नेपाललाई सम्वृद्ध तथा समुन्नत बनाउनु पनि राज्यको दायित्व भित्र पर्दछ।

संविधानको भाग ४ का धारा ५०, ५१ र ५२ मा व्यवस्था भए बमोजिमका राज्यको सिद्धान्त, नीति र दायित्वहरु एक अर्कासँग अन्तरसम्बन्धित र परिपूरक प्रावधान भएकाले यस प्रतिवेदनमा राज्यका नीति कार्यान्वयनको अवस्था र सोबाट प्राप्त उपलब्धि खण्डमा उल्लेखित विवरणहरुबाट राज्यको दायित्व निर्वाह सम्बन्धी विम्व स्पष्ट हुने भएकोले सोही खण्डमा विस्तृत रुपमा उल्लेख गरिएको छ।

परिच्छेद — ३

उपसंहार

संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व सम्बन्धी व्यवस्थाले शासन व्यवस्था सञ्चालनका लागि मार्गनिर्देशन गर्नुका साथै राज्यको चरित्र, भावी दिशा र लक्ष्यहरु समेत निर्धारण गरेका छन्। यस्ता नीतिहरुले नागरिकका हकको सार्थक उपभोग गर्न सक्ने आधारहरु खडा गर्नुका साथै लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप नागिरकको हित, कल्याण, सुख, समृद्धि र असल जीवन प्रणालीको विकासको लागि राज्यले कसरी काम गर्नु पर्दछ भन्ने विषयमा समेत दिशा निर्देश गरेका छन्।

संविधानमा व्यवस्था गरिएका निर्देशक सिद्धान्त तथा नीति अनुरुप मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तको अनुसरण तथा आवश्यक स्रोत र साधनको परिचालन गरी राज्यका नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै आर्थिक समृद्धि र विकास, सामाजिक रुपान्तरण, पूर्वाधार विकास, गरिवी, वेरोजगारी र असमानताको न्यूनीकरण, वातावरण संरक्षण, दिगो, समावेशी र जनकेन्द्रित विकास, सुशासन प्रवर्द्धन गर्दै मुलुकलाई समृद्ध तथा समुन्नत बनाई नेपाली जनताको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउन नेपाल सरकार प्रतिवद्ध रहेको छ।

संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रभावकारी कार्यान्वयन गर्दै संवैधानिक उद्देश्य प्राप्तीका लागि नेपाल सरकार कटिवद्ध रहदै संविधान कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखेको छ। संविधानको कार्यान्वयनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत भएका छन्। मुलुक अब समन्यायीक र दिगो आर्थिक वृद्धिको माध्यमबाट समृद्धिको दिशामा अग्रसर भएको छ। राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, भौगोलिक अखण्डता तथा एकताका लागि संविधानले गरेको मार्गनिर्देश अनुरुप नेपाल सरकार क्रियाशिल रहँदै अएको छ।

अन्त्यमा, उपलब्ध स्रोत र साधनका आधारमा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकलाई समृद्ध, समुन्नत, गतिशिल, न्यायपूर्ण बनाउन नेपाल सरकारले कुनै कसर बाँकी राख्ने छैन। नेपाली नागरिकको शदीयौं देखीको समृद्धिको चाहनालाई पूरा गर्न

आर्थिक समृद्धि र विकास, सामाजिक रुपान्तरण, पूर्वाधार विकास, स्रोत र साधनको उचित व्यस्थापन र प्राथमिकिकरण, गरिवी वेरोजगारी र असमानताको अन्त्य, समावेशी, समन्यायिक, दीगो र जनकेन्द्रित विकासको माध्यमबाट नेपाली जनताको हित कल्याण सुख समृद्धि र असल जीवन प्रणालीको विकास गरी सर्वसाधारणको जीवनस्तरमा सार्थक र गुणात्मक परिवर्तन ल्याउन वर्तमान सरकार प्रतिवद्ध र कटीवद्ध रहेको छ ।

अनुसुची-१

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी संवैधानिक व्यवस्था

१. निर्देशक सिद्धान्तहरु

नेपालको संविधानको भाग -४ धारा ५० मा उल्लिखित राज्यका निर्देशक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन्।

१.१ राजनीतिक उद्देश्यः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ।

१.२ सामाजिक र सांस्कृतिक उद्देश्यः

धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ।

१.३ आर्थिक उद्देश्यः

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

१.४ अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी उद्देश्यः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने तर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।

२. नीतिहरु

(क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिः

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने,

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने,

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने,

(४) सर्वाङ्गिण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने,

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने,

(७) पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने।

(ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिः

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने,

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,

(६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने।

(ग) सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिः

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने,

(७) बहुभाषिक नीति अवलम्बन गर्ने ।

(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिः

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

(ङ) कृषि र भूमिसुधार सम्बन्धी नीतिः

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(३) किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

(च) विकास सम्बन्धी नीतिः

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने,

(४) वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने,

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिंदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने,

(७) एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने,

(८) जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।

(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीतिः

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने,

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने,

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,

(५) जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने,

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने,

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने ।

(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

(९) स्वास्थ्य सेवालाई र्सवसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्ने

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घर्टाई औसत आयु बढाउने

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्न

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, संचय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने

(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने

(१४) यातायात सुविधामा नागरिकहरुको सरल सहज र समान पहुँच सुनिश्चत गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने।

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।

(झ) श्रम र रोजगार सम्बन्धी नीतिः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको

संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने ।

(ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिः

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,

(३) राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने ।

(ठ) पर्यटन सम्बन्धी नीतिः

नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।

(ङ) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिः

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने।

३. राज्यको दायित्वः

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ।

अनुसुची-२

२०७२ साल आश्विन ३ गते देखि २०७३ साल आषाढ मसान्त सम्म मन्त्रिपरिषद्बाट स्वीकृत कानून, नीति तथा रणनीतिहरुको विवरणः

२०७२ असोज ३ देखि २०७३ असार मसान्तसम्म मन्त्रिपरिषद्बाट स्वीकृत भएका नीति/रणनीतिहरू				
क्र.सं.	**नीति/रणनीति**	**नीतिसँग सम्बन्धित मन्त्रालय**	**स्वीकृत मिति**	**कैफियत**
१	"भू-उपयोग नीति, २०७२" स्वीकृत गर्ने ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२०७२।६।७	
२	"जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२" स्वीकृत गर्ने।	सिंचाई मन्त्रालय	२०७२।६।१३	
३	"नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७" स्वीकृत गर्ने ।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	२०७२।६।१९	
४	"युथ भिजन-२०२५ तथा युवा विकासको दश वर्षे रणनीतिक योजना" स्वीकृत गर्ने ।	युवा तथा खेलकुद मन्त्रालय	२०७२।६।१९	
५	"राष्ट्रिय युवा नीति, २०७२" स्वीकृत गर्ने ।	युवा तथा खेलकुद मन्त्रालय	२०७२।६।१९	
६	सार्वजनिक निजी साझेदारी नीति, २०७२	अर्थ मन्त्रालय	२०७२।६।२२	
७	"गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम पाँच वर्षे (पहिलो संशोधन) रणनीतिक योजना, २०७२" स्वीकृत गर्ने।	उद्योग मन्त्रालय	२०७२।१०।०३	
८	"बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२" स्वीकृत गर्ने।	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२०७२।११।२८	
९	सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (दोस्रो संशोधन) कार्यनीति, २०७२" स्वीकृत गर्ने ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको	२०७२।१२।११	

१०	"Nepal Trade Integration Strategy (NTIS), 2016" स्वीकृत गर्ने।	वाणिज्य मन्त्रालय	२०७३।१।२८	
११	राष्ट्रिय सुरक्षा नीति, २०७३	रक्षा मन्त्रालय	२०७३।१।३०	
१२	"नविकरणीय उर्जा अनुदान नीति, २०७३" स्वीकृत गर्ने।	जनसंख्या तथा वातावरण मन्त्रालय	२०७३।२।४	
१३	"नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५)" स्वीकृत गर्ने।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२०७३।२।३१	

२०७२ असोज ३ देखि २०७३ असार मसान्तसम्म मन्त्रिपरिषद्बाट स्वीकृत भएका नीति/रणनीतिहरू				
क्र.सं.	**नीति/रणनीति**	**नीतिसँग सम्बन्धित मन्त्रालय**	**स्वीकृत मिति**	**कैफियत**
१	"भू-उपयोग नीति, २०७२" स्वीकृत गर्ने ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२०७२।६।७	
२	"जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२" स्वीकृत गर्ने ।	सिंचाई मन्त्रालय	२०७२।६।१३	
३	"राष्ट्रिय युवा नीति, २०७२" स्वीकृत गर्ने ।	युवा तथा खेलकुद मन्त्रालय	२०७२।६।१९	
४	सार्वजनिक निजी साझेदारी नीति, २०७२	अर्थ मन्त्रालय	२०७२।६।२२	
५	राष्ट्रिय सुरक्षा नीति, २०७३	रक्षा मन्त्रालय	२०७३।१।३०	
६	"नविकरणीय उर्जा अनुदान नीति, २०७३" स्वीकृत गर्ने।	जनसंख्या तथा वातावरण मन्त्रालय	२०७३।२।४	

२०७२ असोज ३ देखि २०७३ असार मसान्तसम्म मन्त्रिपरिषद्बाट स्वीकृत भएका कानूनहरूको विवरण				
क्र.सं.	**विधेयक**	**प्रस्ताव पठाउने निकाय**	**मिति**	**कैफियत**
१	श्रम सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृत दिने ।	श्रम तथा रोजगार मन्त्रालय	२०७२।६।२२	
२	सहकारी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" व्यवस्थापिका-संसद समक्ष पेश गर्न स्वीकृति दिने ।	सहकारी तथा गरिवी निवारण मन्त्रालय	२०७३।०३।२७	
३	अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७२" को विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।	महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	२०७२।६।२२	
४	उच्च शिक्षा ऐन, २०७२ को विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने।	शिक्षा मन्त्रालय	२०७२।६।२२	
५	शिक्षा (आठौं संशोधन) ऐन, २०७२ को विधेयक व्यवस्थापिका संसदमा पेश गर्न" स्वीकृति दिने।	शिक्षा मन्त्रालय	२०७२।६।६	
६	केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७२" व्यवस्थापिका-संसद् समक्ष पेश गर्न स्वीकृति दिने	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७२।९।७	
७	न्याय परिषद्को काम, कर्तव्य र अधिकारको संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई व्यवस्थापिका-संसदमा पेश गर्न अनुमति दिने।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७३।०२।२४	
८	न्याय प्रशासन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७३।०२।१३	

९	न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक" व्यवस्थापिका-संसद् समक्ष पेश गर्न स्वीकृति दिने।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७३।१।२१	
१०	मनमोहन अधिकारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा पेश गर्न" स्वीकृति दिने।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	२०७२।६।६	
११	राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।	रक्षा मन्त्रालय	२०७३।०२।१२	
१२	लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०७३।०३।१४	
१३	वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापन गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।	वन तथा भू-संरक्षण मन्त्रालय	२०७२।६।२२	
१४	विभिन्न संवैधानिक आयोगसम्बन्धी विधेयकहरू व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७३।०३।१६	
१५	वीरगञ्ज विश्वविद्यालय ऐन, २०७२ को विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने	शिक्षा मन्त्रालय	२०७२।६।२२	
१६	सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक" व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७३।१।८	
१७	सिंचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न" स्वीकृति दिने	सिंचाई मन्त्रालय	२०७२।६।१२	

१८	स्थानीय निकाय (निर्वाचन कार्यविधि)(पहिलो संशोधन) ऐन, २०७३ को विधेयकलाई व्यवस्थापिका-संसदमा पेश गर्न अनुमति दिने	गृह मन्त्रालय	२०७३।०२।२४	
१९	खानी तथा खनिज पदार्थ (तेस्रो संशोधन) नियमावली, २०७२" स्वीकृत गर्ने।	गृह मन्त्रालय	२०७२।१०।१८	
२०	वातावरण संरक्षण (चौथो संशोधन) नियमावली, २०७२" स्वीकृत गर्ने।	जनसङ्ख्या तथा वातावरण मन्त्रालय	२०७२।१२।११	
२१	सुनसरी मोरङ्ग सिँचाई विकास समिति कर्मचारी (दोस्रो संशोधन) नियम, २०७२" स्वीकृत गर्ने।	सिंचाइ मन्त्रालय	२०७२।६।१२	
२२	सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२" स्वीकृत गर्ने।	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२०७२।१०।२२	
२३	बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२" स्वीकृत गर्ने।	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२०७२।११।४	
२४	सरकारी मुद्दा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७३" स्वीकृत गर्ने।	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	२०७३।०३।१४	
२५	राहदानी (तेस्रो संशोधन) नियमावली, २०७२	परराष्ट्र मन्त्रालय	२०७२।१२।१	
२६	भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली, २०७२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०७२।११।१९	
२७	निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (एघारौं संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।११।४	
२८	निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (सातौं संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।११।४	
२९	सशस्त्र प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२	गृह मन्त्रालय	२०७२।९।२९	

३०	निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (छैठौं संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।९।२९	
३१	निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (दशौं संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।९।२९	
३२	प्रहरी (तेस्रो संशोधन) नियमावली, २०७२	गृह मन्त्रालय	२०७२।९।२१	
३३	नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७२		२०७२।९।१७	
३४	राष्ट्रिय सतर्कता प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०७२।९।९	
३५	नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ स्वीकृत गर्ने।		२०७२।९।९	
३६	निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) (पाँचौ संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।९।३	
३७	निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (नवौं संशोधन) नियमावली, २०७२	सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२०७२।९।३	
३८	कारागार (चौधौं संशोधन) नियमावली, २०७२	गृह मन्त्रालय	२०७२।७।२	
३९	मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३	अर्थ मन्त्रालय	२०७३।२।१५	
४०	अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३	अर्थ मन्त्रालय	२०७३।२।१५	
४१	भन्सार (सातौं संशोधन) नियमावली, २०७३	अर्थ मन्त्रालय	२०७३।२।१५	
४२	आयकर (छैठौं संशोधन) नियमावली, २०७३	अर्थ मन्त्रालय	२०७३।२।१५	

४३	विभूषण नियमावली, २०६५ संशोधन	गृह मन्त्रालय	२०७३।२।१३	
४४	निजामती सेवा (तेह्रौं संशोधन) नियमावली, २०७३	सामान्य प्रशासन मन्त्रालय	२०७३।१।३०	